# आर्थिक वर्ष २०७४/०७५ को
# नीति, बजेट तथा कार्यक्रम

## कागेश्वरी मनोहरा नगरपालिका

**काठमाडौं जिल्ला**

**प्रदेश नं. ३**

**२०७४**

# विषयसूची

## खण्ड १ - परिचय

### १.१ नगरको परिचयः-

राजधानी काठमाडौंको उत्तरपूर्वमा अवस्थित यस नगरपालिका वि.स. २०७१ साल मंसिर १६ गते नेपाल सरकार मन्त्री परिषद्को निर्णयद्वारा गोठाटार, मूलपानी, डाँछी, भद्रवास, आलापोट र गागलफेदी गा.वि.स.लाई समायोजन गरी गठन गरिएको हो । नेपाल सरकारको मिति २०७३।११।२२ को निर्णय अनुसार स्थानीय तहमा परिणत भई यस नगरपालिकाको नामाङ्कन साविक गागलफेदी गा.वि.स. वडा नं. १ हाल कागेश्वरी मनोहरा नगरपालिका वडा नं. १ मा अवस्थित ऐतिहासिक धार्मिक स्थल कागेश्वरी महादेव मन्दिर र मनोहरा नदीको नामले कागेश्वरी मनोहरा रहन गएको व्यहोरा यहाँहरुलाई स्मरण गराउन चाहन्छु ।

यस नगरपालिकाको पूर्वमा शंखरापुर नगरपालिका र भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिका, पश्चिममा काठमाडौं महानगरपालिकाको वडा नं. ३२ र गोकर्णेश्वर नगरपालिका, उत्तरमा सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिका पर्दछ भने दक्षिणमा भक्तपुर जिल्लाको मध्यपुरथिमी नगरपालिका पर्दछ । यो नगरपालिका हाल १ देखि ९ वटा प्रशासनिक वडामा विभाजित भई २७.३८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । यो नगरपालिका उपत्यकाको अत्यन्तै उर्वर कृषि क्षेत्र भएको नगरपालिका हो । पूर्वतर्फको मनोहराफाँट र पश्चिमतर्फको वागमतीफाँट कृषि उपज उत्पादनका लागि प्रशिद्ध छन् । यहाँ आलु, गोलभेडा, मौसमी तथा वेमौसमी तरकारी, धान, गहुँ पर्याप्त मात्रामा उत्पादन हुन्छ । नगरपालिकाभित्र पर्ने गागल र शिवपुरी लेकको केही भाग काठमाडौं उपत्यकाको खानेपानीको मूल श्रोत भित्र पर्दछ । समशिष्तोष्ण हावापानी भएको यस नगरपालिकाको औसत वर्षा १२५ मिलिलिटरसम्म रहेको पाईन्छ । कागेश्वरी मनोहरा नगरपालिकाभित्र वग्ने मूख्य नदीमा वागमती र मनोहरा नदी भएता पनि यी नदीका अलवा अन्य सहायक नदीहरु बासुकी खोला, झरुवा खोला, ढकाल खोला, कागेश्वरी खोला, घट्टेखोला, महादेव खोला लगायत अन्य नियमित पानी बग्ने खोला/खोल्सीहरु पर्दछन् । कुनै समयमा ठुल्ठुला राजकूलाहरु संचालन भई हिउँद वर्षादमा पानी लाग्ने मनोहरा फाँट, बागमती फाँट अहिले सिंचाई सुविधाबाट बन्चित हुन पुगेता पनि केही भागमा भने सिंचाई पुगेको देखिन्छ । अव्यवस्थित वसोवास र नयाँ आवास क्षेत्र विस्तारले मनोहरा र वागमती किनारमा रहेको उर्वर जग्गा घनावस्तीका रुपमा परिणत भई शहरीकरण तर्फ विस्तार हुँदै गएको देखिन्छ । यस नगरपालिकाको मुख्य धार्मिक तथा ऐतिहासिक स्थलहरुमा कागेश्वरी महादेव मन्दिर, चम्पक विनायक मन्दिर, काष्ठभैरव, सोमतिर्थ गीता मन्दिर, तेज विनायक, गणेश भैरव, महाँकाल भैरव, कोल्मतेश्वर, थली बालकुमारी मन्दिर रहेका छन् । हाल कृष्ण प्रणामीहरुद्वारा निर्मित नवतनधाम आन्तरिक तथा वाह्य धार्मिक पर्यटकहरुको लागि सम्झन योग्य स्थानको रुपमा विकास भई रहेको छ, साथै औसत फराकिलो जमिन, जनघनत्व धेरै नभएको र प्राकृतिक हरियालीयुक्त भएकोले उपत्यका भित्रका अन्य नगरपालिका भन्दा यो नगरपालिका समुन्नत देखिन्छ । नेपालको नक्सा जस्तो आकारमा रही उत्तर दक्षिण भई फैलिएको यो नगरपालिका वडा नं. १ देखि ९ सम्मको आर्थिक सामाजिक साँस्कृतिक भौगोलिक अवस्थितिमा विविधता रहेको छ । यस कागेश्वरी मनोहरा नगरपालिकाको वडा नं. १ मा निर्मित राम जानकी

मन्दिरका साथै विभिन्न गुम्बा र देव-देवीका मन्दिरहरुले समेत नगरपालिकामा धार्मिक सहिष्णुता र प्राकृतिक सौन्दर्यताको उजागर गरेको पाइन्छ ।

## <u>घरधुरी तथा जनसंख्याः</u>- (२०६८ - केन्द्रिय तथ्याङ्क विभाग स्रोत)

| **वडा नं.** | **घरधुरी** | **महिला** | **पुरुष** | **जम्मा जनसंख्या** |
|---|---|---|---|---|
| **१ - ९** | **१४३४०** | **३००२१** | **३०२२६** | **६०२४७** |

| **वडा नं.** | **ब्राम्हण** | **क्षेत्री** | **नेवार** | **तामाङ/मगर/गुरुङ/राई र शेर्पा** | **थारु** | **मुसलमान** | **कामी/दमाई** | **ठकुरी/सन्यासी/दशनामि** | **अन्य** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **१- ९** | **१९७०६** | **१९२५०** | **६४५५** | **९३२९** | **३८५** | **९५** | **१५२२** | **४०४** | **३१०१** | **६०२४७** |

## <u>भूगोल तर्फः-</u>

२७.६ वर्ग कि.मि. (१४४९ हेक्टर)

## <u>शिक्षा क्षेत्र तर्फः-</u>

साक्षरता ८०.९ प्रतिशत

## <u>स्नातक तहसम्म पढाइ हुनेः-</u>

१. कान्तिपुर कलेज, थली
२. शहिद आदर्श कलेज, भद्रवास
३. गान्धी तुलसी कलेज, गोठाटार
४. मदन आश्रित प्राविधिक शिक्षालय, गोठाटार

## <u>मा.वि. तहसम्म पढाइ हुनेः-</u>

१. गान्धी आदर्श मा.वि., गोठाटार (+२)
२. नेपाल राष्ट्रिय मा.वि., मूलपानी (+२)
३. आदर्श मा.वि., भद्रवास (+२)
४. सिद्धि गणेश मा.वि., गागलफेदी (प्राविधिक शिक्षासमेत +२)
५. तेज विनायक मा.वि, गोठाटार (+२)

## <u>माध्यमिक तहसम्म पढाइ हुनेः-</u>

१. आनन्द भैरव मा.वि., मूलपानी
२. कान्ति भैरव मा.वि., थली
३. बालविकास मा.वि., आलापोट
४. बाल उद्धार मा.वि, गागलफेदी

**निम्न माध्यमिक तहसम्म पढाइ हुने विद्यालय संख्याः ४**

**प्राथमिक तहसम्म पढाइ हुने विद्यालय संख्याः ६**

**स्वास्थ्य क्षेत्र तर्फः**

क) स्वास्थ्य चौकी, गागलफेदी

ख) स्वास्थ्य चौकी, आलापोट

ग) स्वास्थ्य चौकी, भद्रवास

घ) स्वास्थ्य चौकी, डाँछी

ङ) प्राथमिक स्वास्थ्य केन्द्र, मूलपानी

च) स्वास्थ्य चौकी, गोठाटार

छ) आयुर्वेदिक चिकित्सालय, भद्रवास

**कृषि तथा पशु सेवा केन्द्र तर्फः (यस नगरपालिका क्षेत्रभित्र समेत कार्य क्षेत्र रहेको)**

१. जिल्ला कृषि कार्यालय, काठमाडौं ।

२. जिल्ला पशु सेवा केन्द्र, काठमाडौं ।

३. पशु सेवा केन्द्र, कागेश्वरी मनोहरा नगरपालिका, गागलफेदी ।

**खानेपानी तर्फः**

१. डाँछी भद्रवास खानेपानी तथा सरसफाई आयोजना

२. भैमाल गोठाटार खानेपानी आयोजना

३. साविक आलापोट र गागलफेदी वस्ती स्तरीय सानाखालका खानेपानी योजनाहरु

४. मूलपानीका जनता आफैंले नीजि धारा तथा काठमाडौं उपत्यका खानेपानीले वितरण गरेको अप्रशोधित पानी र वडा नं. ६ को केही भागमा उपत्यका खानेपानी कार्यालयबाट वितरित पानीको व्यवस्थापन ।

५. सानो थली खानेपानी आयोजना छिट्टै संचालनमा आउने ।

६. काँडाघारी खानेपानी आयोजनामा बोरिङ्ग (चालु आयोजना)

**विधूत क्षेत्र तर्फः**

सवै वडाका घरधुरीमा विधुत सुविधा पुगेको ।

**संचार क्षेत्र तर्फः**

ईन्द्रायणी एक्सचेन्ज, चाबहिल एक्सचेन्ज, र गठ्ठाघर एक्सचेन्जबाट वितरित मोवाइल टेलिफोनमा ९५ प्रतिशत भन्दा बढी जनताको पहुँच पुगेको छ ।

**सडक संजाल तर्फः**

१. जोरपाटी - साँखु सडक

२. पेप्सी - ब्रम्ह्खेल सडक

३. कागेश्वरी चक्रपथ

४. तिवारीटोल - चाँगुनारायण सडक

५. क्रिकेट मैदान - बोडे सडक

६. थली - गोकर्ण सडक

७. गान्धी - महान्टार - मूलपानी सडक

८. गान्धी - वीरेन्द्रचोक - मूलपानी सडक

९. डाँछी - गागलफेदी सडक

१०. सुन्दरीजल - आलापोट सडक

११. वागमती - तेज विनायक - हरहर महादेव सडक

१२. दुरसञ्चार - कृष्णचौर - अड्डापाटी सडक

१३. नयाँपाटी - वि.पि.चोक - भद्रबास सडक

१४. थली - डुमाखाल - मूलपानी सडक

## १.२ विध्यमान अवस्थाको समीक्षा

### १.२.१ सवल पक्ष

काठमाडौं जिल्लाको पूर्व उत्तर भागमा अवस्थित यस कागेश्वरी मनोहरा नगरपालिका वागमती तथा मनोहरा नदीको वीचमा अवस्थित छ । उत्तर दक्षिण फैलिएको नगरको भूगोल उर्वर कृषि क्षेत्र थियो । हाल वस्ती विकासले साविकका गोठाटार, मूलपानी र डाँछीको मनोहरापट्टीको भाग सहरीकरण भएता पनि अझै वागमती र भद्रबास, आलापोट र गागलका जमिनमा कृषि व्यवसाय गरी जीवन निर्वाह गर्ने नगरवासीहरुको संख्या अत्यधिक छ । यसर्थ पर्याप्त जमिन, जंगल र जल (पानी) भएको यो स्थान भोलिका दिनमा आधुनिक सुविधा सम्पन्न शहर, पर्यटन पूर्वाधारको विकास र नगरभित्र पर्ने सुविधा सम्पन्न गोकर्ण रिसोर्ट, अन्तरराष्ट्रिय स्तरको गल्फकोर्स, राष्ट्रियस्तरको क्रिकेट मैदान, सिन्धुपाल्चोकको मुख्य नाका जोरपाटी - साँखु सडक र भोलिका दिनमा निर्माण गरिने पूर्वाधार नगरको विकासको लागि आवश्यक छ ।

### १.२.१ कमजोर पक्ष

नगरपालिका गठन हुनु अघि प्रशासनिक रुपले गठित गाउँ विकास समितिहरुको आर्थिक क्षमता र फरक फरक भूगोल र पूर्वाधारको विकासमा एक रुपता नभएको कारणले नगरपालिका गठन भएपछि त्यसको असर सिङ्गो नगरभित्र पर्नु अन्यथा होइन, काठमाडौं महानगरपालिकासंग जोडिएको गोठाटारमा तिव्र शहरीकरण मूलपानी र डाँछीको तल्लो भागमा पनि सोही अनुरुप व्यवस्थित बस्ती विकास, जग्गा किनवेचले गर्दा ति गा.वि.स.को आन्तरिक श्रोत पर्याप्तता थियो भने अन्य गा.वि.स. भद्रबास, आलापोट र गागलमा अत्यन्त न्यून आयश्रोत जसले गर्दा नगरका केही भागमा पूर्वाधार बने केही भाग पूर्वाधार विहिन रहे जसले गर्दा विकासमा एक रुपता रहेन । अव्यवस्थित वस्ती विकासले गर्दा अहिलेको अवस्थामा तिव्र शहरीकरण भएका यि स्थानमा मापदण्ड बमोजिमका सडक निर्माणमा समस्या परेको छ । घर निर्माण भएका छन् । ति घरले मापदण्ड पु-याएर निर्माण

गरेका छैनन्, नक्सा पास छैन, जनसंख्याको चापलाई धान्ने प्रयाप्त खानेपानी वितरण गर्न सकिएको छैन, आन्तरिक राजश्वका श्रोत व्यवस्थित छैन, उध्योग व्यवसाय दर्ता नविकरण गरिएको छैन, नगरमा ढलको व्यवस्था छैन, नगरवासिको आकांक्षा महोत्वकांक्षा छ यस अवस्थामा स्थानीय निकाय सञ्चालन गर्ने ऐन, कानून नहुनु कुशल प्रशासक र अनुभवि दक्ष जनशक्तिको अभाव अहिलेको अवस्थामा अहिले हाम्रा कमजोर पक्षका रुपमा रहेका छन् ।

### १.२.३ अवसर

पर्याप्त जग्गा जमिन, आन्तरिक श्रोत, कुशल व्यवस्थापक र जनशक्ति तयार गरी योजनावद्ध तरिकाले विकास योजना अगाडि बढाउदा यो नगरपालिका अन्य नगरपालिकाको दाँजोमा उत्कृष्ट नगरपालिका बनाउन सकिन्छ । गोकर्णेश्वर नगरपालिका र शंखरापुर नगरपालिकासंग सहकार्य गरी सुन्दरीजल, गागल, मणिचुड र जहरसिंपौवा समेटी एकिकृत पर्यटन पूर्वाधारको विकास, सरोकारवाला निकाय, राष्ट्रिय खेलकुद परिषद् र नेपाल ट्रष्टको सहयोगमा क्रिकेट स्टेडियम, गोकर्ण गल्फ र खाली रहेका ठुला सार्वजनिक क्षेत्रमा अन्य पूर्वाधार सहितका स्टेडियम निर्माण, भौतिक पूर्वाधारमा लगानी गरी सामुदायिक कलेज र स्कुलहरुमा प्राविधिक विषयमा अध्यापन गराई शिक्षित बेरोजगारहरुको अन्त्य, नगरभित्रको महत्वपूर्ण अंगका रुपमा रहेका सडक विस्तार र स्तरोन्नति प्रशोधित खानेपानी वितरण लगायतका कार्य यो नगरपालिकाको अवसरका रुपमा लिएका छौं ।

### १.२.४ चुनौती

तिव्र गतिमा अव्यवस्थित शहरिकरण हुँदै गएको यस नगरपालिकामा साँघुरा बाटा, अव्यवस्थित ढल, खानेपानीको समस्या, घना वस्ती, मापदण्ड विपरित भवन, खुल्ला क्षेत्रको अभाव रहेको वडा नं. ९, ८, ७, ६ र ५ नं. वडाहरुमा व्यवस्थित गर्न कठिनाई छ भने ग्रामिण परिवेशमा रहेको यस नगरपालिकाको वडा नं. १, २, ३ र ४ नं. वडाहरुमा पर्यटन र आधुनिक कृषि खेतिलाई संचालन गर्न यस नगरपालिकाको लागि कठिनाई महशुस गरिएको छ । नगरपालिकाको लागि मुख्य चुनौतीको रुपमा रहेका साँघुरा बाटोलाई MTMP अन्तर्गत लागु गर्न कठिनाई देखिन्छ । वातावरणको हिसाबले हाल मनोहरा नदिलाई स्वच्छ राख्नु पर्ने देखिन्छ ।

(क) संविधान प्रदत स्थानीय कानूनको अभाव
(ख) निर्वाचित प्रतिनिधीमा विज्ञताको अभाव
(ग) स्थानीय नगरवासीको विकासप्रतिको तिव्र आकांक्षा
(घ) अव्यवस्थित वस्ती व्यवस्थापन
(ङ) खानेपानीको उचित व्यवस्थापनको अभाव
(च) साँघुरा सडक र आवश्यक पूर्वाधारको अभाव
(छ) न्यून जनसहभागिता
(ज) आन्तरिक श्रोतको उचित व्यवस्थापन नहुनु

## १.३ वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएको पद्दति

- नगरको आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने
- उत्पादनमुलक र छिटो प्रतिफल दिने

- राजश्व परिचालनमा योगदान पुर्याउने
- जनसहभागिता अभिवृद्धि गर्ने
- लैंगिक, सामाजिक समावेशीकरण अभिवृद्धी गर्ने
- वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्याउने
- स्थान विशेषको मौलिक सँस्कृतिको प्रवर्द्धन गर्ने

**१.४ आयोजना प्राथमिकिकरणका आधारहरु**

- नगरको आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने
- उत्पादनमूलक र दिगो प्रतिफल दिने राजश्व परिचालनमा योगदान पुर्याउने
- जन सहभागिता अभिवृद्धी गर्ने
- लैङ्कगिक सामाजिक समावेशीकरण अभिवृद्धी गर्ने
- वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्याउने
- स्थान विशेषको मौलिक सँस्कृति प्रवर्द्धन गर्ने ।

# खण्ड - २

# चालु आ.व. २०७३/०७४ को समीक्षा

चालु आर्थिक वर्ष २०७३/०७४ को आय र व्ययको विवरणमा चालु आर्थिक वर्ष २०७३ फाल्गुन २७ गते सम्म स्थानीय निकाय रहँदाको समयसम्मको आय तर्फ आन्तरिक श्रोत परिचालनबाट रु. ६ करोड २१ लाख ०९ हजार रुपैयाँ, सामाजिक सुरक्षा कार्यक्रम तर्फ रु. १ करोड ६२ लाख ४८ हजार ४ सय रुपैयाँ, सरकारी अनुदान तर्फबाट रु. १ करोड ३५ लाख ४७ हजार २ सय रुपैयाँ, जिल्ला समन्वय समितिबाट रु. २५ लाख, लागत सहभागिताबाट रु. ६९ लाख र गत वर्षको जिम्मेवारी रु. ८ करोड ३४ लाख ३८ हजार ३ सय रुपैयाँ गरी कूल आम्दानी रु. १८ करोड ४७ लाख ४२ हजार ९ सय रुपैयाँ प्राप्त भई खर्चतर्फ चालु खर्च रु. ३ करोड २० लाख ५ सय रुपैयाँ, पूँजिगत खर्च रु. २ करोड २४ लाख ५२ हजार ५ सय रुपैयाँ खर्च भई १३ करोड २ लाख ८९ हजार ९ सय रुपैयाँ स्थानीय तहमा जिम्मेवारी सारिएको छ ।

त्यसै गरी स्थानीय तहको गठन पश्चात मिति २०७४।०३।३० सम्मको आय तर्फ स्थानीय निकायबाट जिम्मेवारी सरेको १३ करोड २ लाख ८९ हजार ९ सय रुपैयाँ, आन्तरिक आय तर्फ ४ करोड ३९ लाख ३६ हजार २ सय रुपैयाँ, सरकारी अनुदान तर्फबाट ९ करोड ९६ लाख ९ हजार ४ सय रुपैयाँ, जिल्ला समन्वय समितिबाट ३२ लाख रुपैयाँ, र लागत जनसहभागिता बाट रु. १९ लाख ४७ हजार ४ सय गरी कूल जम्मा रु. २७ करोड ८९ लाख ८२ हजार ९ सय रुपैयाँ प्राप्त भई खर्चतर्फ चालु खर्च रु. ५ करोड १८ लाख ७६ हजार रुपैंया, पूँजिगत खर्चतर्फ १० करोड ७७ लाख ७३ हजार ८ सय रुपैंया खर्च भई रु. ११ करोड ९३ लाख ३३ हजार १ सय रुपैंया मौजाद रहेको छ ।

आ.व. २०७४/०७५ को प्रथम नगर सभामा कागेश्वरी मनोहरा नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत भइरहँदा विगतमा नगरपालिकाबाट भए/गरेका आर्थिक, सामाजिक, प्रशासनिक, योजना एवं लक्षित कार्यक्रमको प्रगतिका सम्बन्धमा सार्वजनिक सुनुवाई, मासिक प्रतिवेदन, सामाजिक परिक्षण, अर्धवार्षिक एवं वार्षिक समीक्षा मार्फत सार्वजनिकीकरण गरिसकिएकोले सो बारेमा पुनः प्रस्तुत गरिरहन आवश्यक नपर्ने हुँदा यस सुन्दर नगरपालिकाको दीर्घकालीन योजना सहितको समृद्ध र समुन्नत नगरको रुपमा विकास गर्ने मूल लक्ष्य "**स्वच्छ, सफा हराभरा, बनाऔं कागेश्वरी मनोहरा**" भन्ने नारालाई आत्मसात गर्दै आगामी आर्थिक वर्ष २०७४/०७५ को बजेट र नीति तथा कार्यक्रम तय गरिएको छ ।

# खण्ड - ३

## आगामी आ.व. २०७४/०७५ को नीति बजेट तथा कार्यक्रम

**३.१ सोच**

वर्गिय, जातिय, भाषिक, लैङ्गिक, साँस्कृतिक, धार्मिक र क्षेत्रिय भेदभावको अन्त्य गरि समावेशी शासन प्रणालीको अभ्यास गरी आर्थिक सम्भावना र प्राकृतिक श्रोतहरुको पहिचान गरि यस नगरपालिकाको आर्थिक, सामाजिक र साँस्कृतिक पक्षको विकास गर्दै श्रोत सम्पन्न, समृद्ध नगरपालिका निर्माण गरिनेछ ।

**३.२ लक्ष्य**

नेपालको संविधानको मर्म अनुरुप स्थानीय जनतालाई श्रोत, साधन, अधिकार सम्पन्न बनाई जनताले जनताद्वारा जनताकै लागि शासन गरेको अनुभव हुने गरी सेवा प्रवाहमा सुधार गरी नमूना नगरपालिका बनाउने लक्ष्य लिइएको छ ।

**३.३ उद्देश्य**

स्थानीय तह स्थानीय जनताकै सर्वाङ्गिण विकास गर्न सुनिश्चित गर्ने कानूनी संस्था हो भन्ने सकारात्मक धारणाको विकास गर्ने नीति तथा कार्यक्रम तय गर्ने, दिगो एवं उत्पादनशिल विकासका लागि नीजि नागरिक क्षेत्र लगायत अन्य सरकारी/गैरसरकारी संघसंस्थालाई पारदर्शिता, जवाफदेहिता र प्रजातान्त्रिक प्रक्रिया अवलम्बनमा जोड दिने ।

**३.४ अपेक्षित उपलब्धी**

सेवामा सहज पहुँच, जनता लक्षित कार्यक्रम, श्रोत साधनको अधिकतम सदुपयोग, सूचना प्रणालीको विकास, क्षेत्रगत कार्यक्रम मार्फत कागेश्वरी मनोहरा नगरपालिकालाई आर्थिक सामाजिक साँस्कृतिक रुपमा समृद्ध बनाई जनताको जिवनस्तरमा सुधार गर्ने र समानुपातिक न्याय स्थापना गर्ने ।

**३.५. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु**

**३.५.१**

### समग्र नीति तथा आधारहरु

**१. सडक तथा यातायातः**

१.१ उपत्यका नगर विकास समितिले उपत्यकाभित्र तय गरेको बस्ती स्तरीय सडक, दुई वा दुई भन्दा बढी वडालाई जोड्ने सडक, यस नगरपालिकाको भौतिक पूर्वाधार विकासमा महत्वपूर्ण भूमिका राख्ने सडक र राज्यले तोकेको राजमार्ग तथा सहायक मार्गको चौडाईलाई आधार मानी सडकहरुको चौडाई तोकिनेछ ।

१.२ नगरपालिकाको महत्वपूर्ण सडकको चौडाई तोकिएका सडक छेउमा निर्माण हुने संरचनाको घर नक्सा पास गर्दा नयाँ घरको निर्माण सम्बन्धमा वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२, संशोधित २०७३ सहित लागु गरी सकिएकोले निरन्तरता दिइनेछ ।

१.३ वागमती, महादेव र मनोहरा नदी किनाराहरुमा ढल निकास सहितको कोरिडोर निर्माण गर्ने साथै उक्त क्षेत्रमा र नगरपालिकाको अन्य सम्भाव्य क्षेत्रमा आधुनिक, सुविधा सम्पन्न एवं भूकम्प प्रतिरोधात्मक वस्ती विकास कार्यक्रम अगाडि बढाइनेछ । उक्त योजनालाई विस्तृत अध्ययनका लागि बजेटको व्यवस्था गरिएको छ ।

१.४ नगरक्षेत्र भित्रका विभिन्न नगरस्तरीय सडकहरुलाई केन्द्रीय स्तर, जिल्ला स्तरीय तथा नगर स्तरीय बजेट तथा कार्यक्रम मार्फत क्रमशः कालोपत्रे र ढलान गर्दै जाने कार्यलाई प्राथमिकताका साथ लागु गरिनेछ ।

१.५ नगर यातायात गुरुयोजनालाई पूर्णता दिंदै सडकको मापदण्ड तोकी सोही अनुरुप यातायात सेवा संचालनको वातावरण निर्माण गरिनेछ । साथै सहुलियत दरमा अन्तर नगरस्तरीय नगर बस सेवा संचालनमा समन्वय र सहकार्य गरिनेछ ।

१.६ लागत जनसहभागितामा आधारित बस्ती स्तरीय सडक विस्तारको योजना कार्यान्वयनमा ल्याइनेछ ।

१.७ मुख्य सडक र सहायक सडक छेउमा निर्माण भएका घर कम्पाउण्डको पानी व्यवस्थित नगरी सोझै सडकमा छोड्ने कार्यलाई निरुसात्हित गरी कानुनी दायरामा ल्याइनेछ ।

१.८ निर्माण सम्पन्न भई हाल चालु हालतमा रहेको सडकको स्तरोन्नति गर्न, सडकको ट्र्याक खोली हाल संचालनमा नआएको सडकको स्थानीय आवश्यकता बमोजिम संचालन गर्न मर्मत/संभार रकमको व्यवस्था गर्ने र नयाँ निर्माण हुने सडकको हकमा स्थानीय नगरवासीको सहमति र सहकार्यमा विशेष जोड दिइनेछ ।

१.९ यस नगरपालिकाको पूर्वाधार विकासको मुख्य मेरुदण्ड वागमती कोरिडोर र मनोहरा कोरिडोरका सम्बन्धमा हाल गोकर्णेश्वर मन्दिरसम्म निर्माण भएका सडक तथा ढल व्यवस्थापनलाई सुन्दरीजलसम्म विस्तार गर्ने र मनोहरा कोरिडोरको सिमाङ्कन रेखाङ्कन चाँडो सम्पन्न गरी उक्त स्थानमा ढलसहितको करिडोर निर्माण कार्य सुरु गर्न आवश्यक सम्बन्धित निकायको सहयोग लिई पहल गरिनेछ ।

१.१० नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक यातायातको पार्किङ्ग स्थललाई व्यवस्थित गर्ने कामलाई विशेष प्राथमिकता दिई विभिन्न संघ-संस्थासंग सहकार्य गरिनेछ ।

१.११ तिलगंगा ताम्रगंगा सडक निर्माण गर्न कागेश्वरी मनोहरा नगरपालिकासंग जोड्ने गरी अगाडि बढाउन काठमाडौं उपत्यका विकास प्राधिकरणसंग समन्वय गरिनेछ ।

१.१२ बाटो कालोपत्रे गर्न, ढलान गर्न र ब्लक छाप्नको लागि ५०-५० अन्तर्गत ३ करोड बजेट विनियोजन गरिएको छ । योजनाको प्राथमिकताका आधारमा बजेट रकम तोकिने छ ।

१.१३ बजेट विनियोजन गर्दा MTMP को मापदण्डमा परेका सडकलाई विशेष प्राथमिकता दिईनेछ ।

**२. <u>खानेपानी तथा ढल निकासः</u>**

२.१ नगर क्षेत्रभित्रका पानीका श्रोतहरु पहिचान गरी संरक्षण गरिनेछ । एकिकृत खानेपानी योजना तथा कार्यक्रम संचालन गर्न नगर स्तरीय गुरुयोजनाको कार्य अघि बढाइनेछ ।

२.२ नगरपालिकाभित्र खानेपानीलाई सबै नगरवासीको न्यूनतम आवश्यकता बमोजिम पुऱ्याउन हाल सञ्चालनमा भएका खानेपानीका श्रोतहरुको व्यवस्थापन, वितरण, पाईप लाइनको मर्मत, सुधार र

व्यवस्थापनको कार्यलाई आगामी आ.व.मा पनि निरन्तरता दिइनेछ । सो कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

२.३ मेलम्ची खानेपानी आयोजनालाई पहिलो चरणमा पानी वितरण गर्न पहल गर्ने, हाल के.यु.के.एल.ले काठमाडौं महानगरपालिकामा वितरण गरेको खानेपानीको मूलश्रोत कागेश्वरी मनोहरा नगरपालिका तथा गोकर्णेश्वर नगरपालिकाभित्र रहेको शिवपुरी जलाधारबाट प्राप्त हुने पानी भएकोले उक्त पानीबाट के.यु.के.एल.ले प्राप्त गर्ने रकमबाट प्रभावित क्षेत्रमा खानेपानी व्यवस्थित गर्ने कार्यमा के.यु.के.एल.संगको सहकार्यलाई अगाडि बढाइनेछ ।

२.४ बढ्दो शहरीकरण र वस्ती विकाससंगै ढलको व्यवस्थापन यस नगरपालिका भित्रको मुख्य समस्याको रुपमा रहेको छ । यस क्रममा नगरक्षेत्र भित्रका वडा नं. ५, ६, ७, ८ र ९ का बस्तीमा क्रमिक रुपमा ढल निकासको कार्यक्रमलाई शहरी विकास मन्त्रालय अन्तर्गतका निकाय र स्थानीय उपभोक्ताको सहकार्यमा संचालनमा ल्याउन जोड दिइनेछ । सबै टोल र वस्तीमा क्रमिक रुपमा ढल निकासको कार्यक्रमलाई शहरी विकास मन्त्रालय र अन्तर्गतका निकाय मार्फत संचालनमा ल्याउन जोड दिइनेछ । खानेपानी, ढल निकास, खुल्ला दिशामुक्त क्षेत्र र सरसफाई सम्बन्धी जनचेतनामुलक विविध कार्यक्रम संचालन गरिनेछ ।

२.५ नगरपालिकाभित्र खानेपानी योजनाको सेवा विस्तार लगायत वितरित पानी पिउन योग्य बनाउनको लागि ठोस कार्य अघि बढाइनेछ ।

२.६ नगरपालिका क्षेत्रभित्रका परम्परागत धारो, कुवा, ईनार, पँधेरो, पोखरी लगायत खानेपानीका श्रोतहरुको संरक्षणमा जोड दिइनेछ ।

२.७ नगरपालिकाको वडा नं. ९ मा सुरु भएको खानेपानीको समस्या समाधानका लागि सुरु गरिएको योजना यसै वर्ष सम्पन्न गर्न सम्बन्धित निकायमा पहल गरिने तथा वडा नं. ६ र ७ मा समेत पानी वितरणका लागि पहल गरिनेछ ।

## ३. <u>शिक्षाः</u>

३.१ नगर क्षेत्रभित्र रहेका सार्वजनिक क्षेत्रका शैक्षिक संस्थाको शैक्षिक गुणस्तर, विद्यार्थी संख्या र भौतिक पूर्वाधार तथा आवश्यक जनशक्तिको आँकलन गरी नगरवासीको सहयोग र समन्वयबाट पूर्वाधारको विकास गरी गुणस्तरीय शिक्षा प्रदान गर्न विशेष कार्यक्रम र बजेटको व्यवस्था गरिएको छ ।

३.२ नगरपालिकाले लोक सेवा तयारी कक्षा जस्ता कार्यक्रम संचालनमा प्राथमिकता दिइनेछ ।

३.३ नगरपालिकाभित्र पर्ने सामुदायिक कलेजहरुको व्यवस्थापन सुधार, पूर्वाधार विकास र गुणस्तरीय कार्यक्रम खर्चको लागि बजेटको व्यवस्था मिलाइनेछ ।

३.४ CTEVT लगायत विद्यालय स्तरबाट प्राविधिक शिक्षाको थालनी गर्ने कार्यलाई थप प्रोत्साहन र सहयोग गरिनेछ । यस नगरपालिकाको वडा नं. ८ मा संचालित मदन आश्रित प्राविधिक शिक्षालयसंग समन्वय गरी प्राविधिक शिक्षालाई प्रोत्साहन गरिनेछ ।

३.५ नगरपालिकामा रहेका सामूदायिक र नीजि विद्यालयबाट एस.ई.ई. परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने एक/एक मा.वि.लाई प्रोत्साहन स्वरुप प्रथम हुनेलाई रु. २/२ लाख र सो विद्यालयबाट प्रथम हुने विद्यार्थीलाई १/१ लाख रकम उपलब्ध गराइनेछ । विद्यालयलाई उपलब्ध गराइएको रकम विद्यालयको शैक्षिक गुणस्तर वृद्धी गर्ने कार्यक्रममा खर्च गर्नुपर्नेछ ।

३.६ शिक्षालाई अनिवार्य गर्दै प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै लैजाने नीति नगरपालिकाले अवलम्बन गर्नेछ साथै सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गर्न नीजि विद्यालय सरह नतिजा प्राप्त हुने गरी अगाडि बढाउन प्रोत्साहन गरिनेछ ।

३.७ दलित, विपन्न जेहेन्दार विद्यार्थीलाई अध्ययनमा प्रोत्साहन गर्न Bachelor मा अध्ययनरत विद्यार्थीलाई एकमुष्ट रु. १५,०००।- वार्षिक रुपमा उपलब्ध गराइनेछ ।

३.८ पारित आर्थिक ऐन, २०७४ को दफा १३ संग सम्बन्धित अनुसूची १२ को घरजग्गा मूल्याङ्कन सिफारिसमा विद्यार्थी प्रयोजनका लागि रु. २०००।- एकमुष्ट लिने र विद्यार्थीले निवेदन दिँदा सम्बन्धित कलेज वा युनिभर्सिटीको पत्र अनिवार्य गरी विद्यार्थीलाई राहतको व्यवस्था गरिएको छ ।

## ४. <u>स्वास्थ्य तथा फोहोरमैला व्यवस्थापनः</u>

४.१ नगरवासीहरुको सु-स्वास्थ्यका लागि स्वच्छ र सफा वातावरण कायम गर्न स्वास्थ्य सम्बन्धी जनचेतना जगाउने कार्यलाई प्रोत्साहित गरिनुका साथै उक्त कार्यमा टोल विकास संस्थालाई सक्रिय बनाइनेछ । साथै आ.व. २०७४।०७५ भित्र पूर्ण खोप नगरपालिका घोषणा गरिनेछ ।

४.२ बालबालिका र महिला स्वास्थ्यका क्षेत्रमा महिला स्वास्थ्य स्वयंसेविका, नगर क्षेत्रमा कार्यरत स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरुसंगको सहकार्यमा विभिन्न पोषण खोप, स्वास्थ्य शिविर, स्वास्थ्य शिक्षा लगायत गुणस्तरीय स्वास्थ्य सेवा विस्तार कार्यक्रम संचालन गरिनेछ । नगरपालिका क्षेत्रभित्रका स्थापित स्वास्थ्य संस्थाहरुलाई आवश्यकता पहिचान गरी निर्माणाधिन प्राथमिक स्वास्थ्य केन्द्र र प्राथमिक स्वास्थ्य केन्द्रहरुको भौतिक तथा क्षमता विस्तारको कार्यक्रममा जोड दिइनेछ ।

४.३ यस क्षेत्रमा साविकमा नगरपालिकाले तथा अन्य संघ-संस्थाले संचालनमा ल्याएका एम्बुलेन्स सेवालाई सबै नगर क्षेत्रमा पुऱ्याउन सकिने गरी गुणस्तरीय एम्बुलेन्स सेवा संचालन गरिनेछ ।

४.४ खुल्ला दिशामुक्त नगरपालिकाको लागि साविक गा.वि.स.हरुले सुरु गरेका कार्यक्रमलाई अगाडि बढाई नगरपालिकालाई आ.व. २०७४।०७५ को असोज मसान्तभित्र खुल्ला दिशामुक्त नगरपालिका घोषणा गरी पोष्ट ओ.डि.एफ.को कार्यमा जोड दिइनेछ ।

४.५ आलापोट स्वास्थ्य चौकीको भौतिक पूर्वाधारको विकास भई सकेको अवस्थालाई मध्य नजर गर्दै आलापोट स्वास्थ्य चौकीमा वर्थिङ्ग सेन्टर संचालन गर्न दक्ष जनशक्ति सहित आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४.६ यस नगरपालिका भित्रका सबै स्वास्थ्य चौकीहरुको प्रभावकारी व्यवस्थापन गरिनेछ । साथै अत्यावश्यक औषधिको अभाव हुन नदिनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४.७ ग्रामीण महिलाहरुको स्वास्थ्य समस्या पहिचान गरी रोग निदान गर्नका लागि महिला विशेष स्वास्थ्य शिविर संचालन गरिनेछ ।

४.८ यस नगरपालिका अन्तर्गत रहेका विभिन्न स्वास्थ्य केन्द्रमा कार्यरत रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई खाजा तथा यातायात खर्च मासिक रु.१०००।- भत्ताको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

४.९ फोहोरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न फोहोरमैला व्यवस्थापन कोष खडा गरिनेछ ।

४.१० फोहोरमैला व्यवस्थापनका लागि काठमाडौं उपत्यका एकिकृत फोहोरमैला व्यवस्थापन आयोजनासंग सहकार्य गर्ने नीति लिइनेछ । साथै फोहोरमैला व्यवस्थापनका सम्बन्धमा लगानी बोर्ड नेपालको कार्य योजना अनुसार सो संस्थासंग सम्झौता गरी काठमाडौंका सबै नगरपालिकासंग सहकार्य गरी अगाडि बढाइनेछ ।

४.११ खोला, नदीलाई सफा राख्न ठाउँ ठाउँमा सूचना बोर्ड राख्ने व्यवस्था मिलाइनेछ ।

४.१२ घर, आँगन, टोल, सडक, विद्यालय, सार्वजनिक स्थल सफा राख्न अभियान संचालन गरिनेछ ।

४.१३ महत्वपूर्ण स्थानको पहिचान गरी सार्वजनिक शौचालयको निर्माण तथा व्यवस्थाको कार्यलाई अगाडि बढाइनेछ ।

४.१४ साविक मूलपानी हाल वडा नं. ६ मा निर्मित स्वास्थ्य भवनलाई १५ शैयाको अस्पतालको लागि विशेष पहल गरिनेछ ।

**५. <u>कृषिः</u>**

५.१ कृषि पेसा नगरवासीहरुको प्रमुख पेसा मध्ये एक हो भन्ने कुरालाई मध्यनजर गरी जीविकोपार्जनका लागि परम्परादेखि गरिदै आएको कृषि प्रणाली धान, गहुँ, मकै, कोदो लगायतका खेती र पशुपालनमा ठुलो संख्यामा नगरवासीहरु संलग्न रहेकोले आधुनिक र विषादिरहित व्यवसायिक कृषि प्रवर्द्धनमा जोड दिइनेछ ।

५.२ सिंचाईको विस्तार, कृषि उपजहरुको बजारमा पहुँच, उन्नत जातको वीउ विजन, मलको उपलब्धता, माटो परीक्षण र कृषि बिमा जस्ता कार्यक्रम मार्फत व्यवसायिक कृषि प्रवर्द्धनमा जोड दिइनेछ ।

५.३ कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र र कृषि उपज बजार विस्तारका लागि यस नगरपालिकाभित्र उपयुक्त स्थान छनोट गरी आफ्नो श्रोतबाट समेत सेवा सुविधा विस्तार गर्ने कार्य अगाडि बढाइनेछ ।

५.४ विगतदेखि संचालनमा आउन सक्ने कुलो र सिंचाई व्यवस्थापनमा कृषक समूहलाई प्रोत्साहित गर्ने र डिप बोरिङ्गमा अनुदानको व्यवस्था गरिनेछ ।

५.५ विषादिरहित व्यवसायिक कृषि उपज उत्पादन गर्न कृषकलाई प्रोत्साहित गरिनेछ । कृषि उपज केन्द्रहरु यस नगरपालिकाको आवश्यकता बमोजिम थप गर्न प्रोत्साहित गरिनेछ । कृषि उपज संकलन केन्द्र निर्माण गरिनेछ ।

५.६ कृषि सेवा केन्द्र र पशु सेवा केन्द्रहरु यस नगरपालिकाको आवश्यकता बमोजिम थप गर्न नगरपालिकाले आफ्नै श्रोतबाट सेवा सुविधा वृद्धि गर्ने कार्यक्रममा जोड दिनेछ । यसका लागि बजेटको व्यवस्था गरिएको छ ।

५.७ पशु बिमा कार्यक्रमका सम्बन्धमा कृषक र सम्बन्धित बिमा सम्बन्धी निकायसंग समन्वय गरी पशु बिमा कार्यक्रम संचालन गरिनेछ ।

५.८ पशु बधशालालाई वैज्ञानिक र व्यवस्थित ढंगबाट संचालनमा ल्याउन साझेदार खोजी गरी साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

५.९ नगरपालिका क्षेत्रभित्रका छाडा गाईबस्तु छोड्ने कार्यमा नियमन र खुल्ला कुकुरलाई बन्ध्याकरण गरी नियन्त्रण गरिनेछ ।

५.१० प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना लागु गर्न पहल गरिनेछ ।

५.११ कृषिलाई निर्वाहमुखी नबनाई व्यवसायिकतातर्फ प्रोत्साहित गरिनेछ ।

## ६. पर्यटन

६.१ कागेश्वरी धामको विकासको माध्यमबाट ग्रामिण पर्यटनलाई प्रवर्द्धन गर्दै अगाडि बढने नीति बढाइनेछ साथै शहिदपार्क गोकर्णको नेतृत्वमा नगरपालिका क्षेत्र भित्र Sister पार्कको रुपमा अगाडि बढेको लोकतान्त्रिक शहिद पार्क, जेष्ठ नागरिक पार्क चखण्डोल, पवित्र वन भद्रवासलाई समेत अगाडि बढाउदै थप अन्य क्षेत्रमा समेत पार्कको सम्भाव्यता अध्ययनलाई राष्ट्रिय सहिदपार्क मार्फत अगाडि बढाईनेछ ।

६.२ प्रसिद्ध कागेश्वरी मन्दिर, नेपाल ट्रष्टको नाममा रहेको पर्यटकीय सेवा सुविधा सम्पन्न गोकर्ण फरेष्ट रिसोर्ट तथा अन्तराष्ट्रिय स्तरको गल्फकोर्स रहेको गोकर्ण वन लगायत अन्तराष्ट्रिय विमानस्थल समेत रहेको यस नगरपालिकामा पर्यटकीय गतिविधि संचालन र प्रवर्द्धनको महत्वपूर्ण गन्तव्यका रुपमा विकास गर्न सकिने ठुलो संभावना रहेको गल्फकोर्स, मूलपानीमा निर्माणाधिन राष्ट्रियस्तरको क्रिकेट मैदान र नवतनधामसमेत रहेकोले उक्त क्षेत्रको उन्नतिका लागि पर्यटन विकासतर्फ थप पहल गरिनेछ ।

६.३ सरकारी, नीजि, तथा दातृ निकायहरुसंगको सहयोग र सहकार्यमा यस नगरपालिकाको गागलफेदीमा होम-स्टे सहितको धार्मिक, पर्यटन, क्रिकेट, गल्फ सहित अन्य खेलकुद पूर्वाधारहरुको विकास गरी खेलकुद पर्यटन प्रवर्द्धनको नीति र कार्यक्रम अगाडि बढाइनेछ ।

६.४ शिवपुरी जलाधार क्षेत्रभित्र पर्ने कागेश्वरी धाम मणिचुड लगायतको क्षेत्रलाई समेत पार्क तथा पिकनिक स्पोर्टको रुपमा विकास गरिनेछ ।

६.५ कागेश्वरी मन्दिर क्षेत्रको विकासलाई गुरुयोजना बनाई कागेश्वरी महोत्सवका साथै धार्मिक पर्यटन विकासमा जोड दिइनेछ ।

६.६ यस नगरपालिका क्षेत्रको माथिल्लो भूगोलमा बसोबास गर्ने तामाङ जातिहरुको सँस्कृति संरक्षणका लागि नगरपालिका वडा नं. १ मा तामाङ साँस्कृतिक संग्रहालय निर्माणका लागि नेपाल पर्यटन तथा सँस्कृति मन्त्रालय, पर्यटन विभाग, पर्यटन बोर्ड लगायत सम्बन्धित निकायसंग आवश्यक समन्वयमा जोड दिइनेछ । नगरपालिका क्षेत्र भित्रका ऐतिहासिक तथा पुरातात्विक क्षेत्रहरुको विशेष संरक्षण गर्दै धार्मिक पर्यटन प्रवर्द्धन गर्ने कार्यलाई अगाडि बढाइनुका साथै नगर क्षेत्र भित्रका धार्मिक, पुरातात्विक महत्वका पुराना मठ मन्दिरको संरक्षण, मर्मत, संभार र जिर्णोद्धार लगायत भौतिक पूर्वाधार विकासको कार्यक्रमलाई निरन्तर अगाडि बढाइनेछ ।

६.७ कागेश्वरी मन्दिरसम्म पैदल धार्मिक यात्रीहरुका लागि सिडी निर्माण गर्न एक घर एक सिडी भन्ने अवधारणा लागु गरिनेछ ।

## ७. वातावरण तथा विपद् व्यवस्थापनः

७.१ पर्यावरणीय महत्व बोकेका उपत्यकाका धार्मिक र ऐतिहासिक दुई प्रमुख नदीहरु बागमति र मनोहराको छेउछाउमा प्रदुषणजन्य उध्योग तथा व्यवसाय संचालन, अव्यवस्थित बस्ती विकास, बढ्दो जनसंख्या र भू-क्षय हुँदै जाने क्रम बढ्दो छ । नगरपालिकाको उत्तर र दक्षिण भएर बग्ने यी र यिनका सहायक नदीहरुको स्वच्छता र सुन्दरता कायम राख्न प्रदुषण नियन्त्रण तथा नदी संरक्षण कार्यलाई विशेष प्राथमिकताका साथ संचालन गरिनेछ । यस कार्यमा अधिकार सम्पन्न बागमति सभ्यता एकिकृत विकास समिति लगायतका विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय संघ-संस्थासंगको सहयोग र समन्वयलाई जोड दिइनेछ ।

७.२ फोहोरमैला व्यवस्थापन यस नगरपालिकाको प्रमुख वातावरणीय समस्याका रुपमा रहेको छ । फोहोरमैलाको उत्पादनमा कमी (Reduce), प्रशोधन (Recycle) र पुनःप्रयोग (Reuse) लगायतका कार्यहरुलाई टोल र वडादेखि नै प्रोत्साहित गरी वैज्ञानिक र व्यवस्थित फोहोरमैला संकलन र व्यवस्थापनको कार्यलाई अगाडि बढाइनेछ । यस कार्यमा टोल विकास समिति, महिला समूह लगायत सामाजिक संघ-संस्थाको सहभागिता र सक्रियतालाई प्रोत्साहित गरिनेछ, साथै फोहोरमैला व्यवस्थापनको लागि नगरस्तरीय योजना तय गरी उपयुक्त स्थानमा फोहोर संकलन केन्द्र र ल्याण्डफिल्ड साईटको खोजि गरिनेछ ।

७.३ पर्यावरणीय सन्तुलन एवं यस नगरपालिकालाई स्वच्छ, सफा हराभरा कायम राख्न वृक्षारोपण तथा बालउद्यान, वन उध्यान निर्माण जस्ता वातावरण मैत्री कार्यलाई अगाडि बढाइनेछ । यस क्रममा विषादिको प्रयोग र वनफँडानी जस्ता कार्यलाई निरुत्साहित गर्न विशेष ध्यान दिइनेछ । यस्ता कार्यमा विभिन्न संघ-संस्थाको सक्रिय सहभागितामा जोड दिइनेछ । साथै ४ फिट भन्दा साना विरुवा रोप्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

७.४ बायो ग्याँस, सुधारिएको चुलो, लगायतका वैकल्पिक उर्जाहरु, सौर्य उर्जाको प्रवर्द्धनमा जोड दिइनेछ ।

७.५ ध्वनि प्रदुषण, वायु प्रदुषण वातावरण प्रदुषणलाई नियन्त्रण गर्ने तर्फ आवश्यक कार्यक्रम ल्याइनेछ । प्लाष्टिक प्रयोगलाई निरुत्साहित गरिनेछ ।

७.६ माटो, ढुंङ्गा, वालुवा र गिट्टी जस्ता खनिजजन्य प्रकृतिजन्य उध्योग संचालनका लागि उध्योगको आकार प्रकार हेरी प्रारम्भिक वातावरणीय परीक्षण Initial Envieronment Examination (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (Environment Impact Assement) EIA गर्दै लाने तर्फ आवश्यक तयारी गरिनेछ ।

७.७ भूकम्प, बाढी, पहिरो तथा आगलागी जस्ता विपद्हरु न्यूनीकरण तथा तिनबाट हुन सक्ने जनधनको क्षतिबाट बचाउन नागरिक सचेतनाका कार्यक्रम आयोजना गरिनुका साथै नगर स्तरीय विपद् व्यवस्थापन समिति गठन गरिनेछ ।

७.८ दलित, जनजाति तथा विपन्न समुदायहरुको वस्तीहरुमा वैकल्पिक उर्जा कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ । सो कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

७.९ उपत्यका विकास प्राधिकरणले बनाएको मास्टर प्लान बमोजिम भू-नीति तय गरिनेछ ।

७.१० विकास पूर्वाधार सञ्चालन गर्दा विपद् व्यवस्थापनको पक्षलाई प्रारम्भिक चरणबाटै प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ । यसको लागि यस क्षेत्रमा स्थानीय विपद् व्यवस्थापन समिति र गैर सरकारी संस्थाहरुलाई परिचालित गरिनेछ ।

७.११ वातावरणमैत्री स्थानीय तहको अवधारणा बमोजिम कार्य अगाडि बढाइनेछ । साथै सामुदायिक वनलाई उपभोक्ताको हितमा अधिकतम उपयोगी बनाउन आय आर्जनका कार्यक्रमहरु अम्रिसो, अदुवा, वेसार, अलैंची जस्ता कृषि उपजलाई लगाउन प्रोत्साहित गरिनेछ ।

७.१२ प्राकृतिक प्रकोप तथा विपद् निम्त्याउने जुनसुकै प्रकारका कार्यलाई निरुत्साहित गर्दै लगिनेछ ।

७.१३ वागमती, मनोहरा र महादेव खोला (नदी) लाई प्रदुषणमुक्त अभियान चलाइने छ । नदिमा ढल मिसाउने कार्यलाई निष्तेज पारिने छ ।

## ८. <u>बस्ती विकास तथा भवन निर्माणः</u>

८.१ नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७२।०४।२९, को निर्णय अनुसार वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्ग दर्शन, २०७२ संशोधित २०७३ समेतलाई निरन्तरता दिने निर्णय गरिएको छ । उक्त निर्णय कार्यान्वयन गर्दा अंशवण्डा वा बाटो विस्तार भई बाँकी रहन गएको जग्गा, जग्गा अधिग्रहणबाट बचेको जग्गा, नगरपालिका घोषणा हुन भन्दा अगाडि खरिद बिक्री भई आएको जग्गामा न्यूनतम क्षेत्रफल भन्दा कम भए पनि घरनक्सा पास हुन सक्ने देखिएको अवस्थामा न्यूनतम मापदण्ड तोकि घरनक्सा स्वीकृत दिने निर्णय गरिएको छ ।

८.२ साविक गा.वि.स. हुँदाकै अवस्थामा नक्सापास नगरी, नक्सापास भन्दा वढी निर्माण भएका घर र फिल्डमा फरक रुपले निर्माण भएका लगायतका निर्माण भएका संरचनाहरु नक्सापासको लागि पेश भएमा नगर कार्यपालिकाले तोकेको प्राविधिक मापदण्ड अनुरुप गरिनेछ ।

८.३ आवासीय, अस्थायी टहरा निर्माण स्वीकृत गर्ने कार्य वडास्तरबाट नै र व्यापारिक उद्देश्यबाट निर्माण हुने टहरा नगरपालिकाबाटै स्वीकृत गर्नुपर्ने व्यवस्थालाई कार्यान्वयन गरिनेछ ।

८.४ नेपाल सरकार उपत्यका विकास प्राधिकरण र नगर विकास समितिले तोके अनुरुपको मापदण्ड र भवन निर्माण आचारसंहिताको पूर्ण पालना हुने गरी भूकम्प प्रतिरोधात्मक भवन निर्माणलाई मात्र स्वीकृति प्रदान गर्ने र घरनक्सा पास गर्ने कार्यलाई कडाईका साथ लागु गरिनेछ ।

८.५ नगरपालिका भित्र जग्गा प्लटिङ्ग तथा प्लानिङ्ग गर्नका लागि अधिकार प्राप्त निकायमा दर्ता भई मापदण्ड पूरा गरेका व्यवसायिक संस्थाहरुलाई मात्र तोकिएका सबै मापदण्ड पुरा गर्ने शर्तमा स्वीकृती प्रदान गरिनेछ । यस्ता कार्यबाट सार्वजनिक पर्ति जग्गा अतिक्रमण नहुने र वातावरणीय रुपमा असर नपर्ने तर्फ पूर्ण सतर्कता अपनाइनेछ ।

८.६ नगरको नक्साङ्कन र व्यवस्थापनबाट सबै क्षेत्रमा एकरुपता ल्याउन मेट्रो प्रणाली अनुसार घर नम्बर, बस्तीको नामांकरण, सडकको नामाकरण लगायतका कार्यलाई अगाडि बढाइनेछ । नगरपालिका क्षेत्रभित्र आधुनिक र वैज्ञानिक घर नम्बरिङ्ग प्रणाली लागु गरी जनसंख्याको लगत लिईनेछ ।

८.७ साविक गा.वि.स.हरुबाट नियमानुसार मापदण्ड भित्र नक्सा पास भएको घरहरुको नक्सा पास निर्माण सम्पन्न लिन आउँदा घरको मोहडा परिवर्तन, स्वरुप परिवर्तन भएमा नियमानुसार जम्मा लाग्ने दस्तुरमा साविकमा गा.वि.स.मा बुझाएको दस्तुरको सक्कल रसिद स्वीकृत नक्सा र अनुमति पत्र सहित पेश हुन आएमा साविकमा बुझाएको दस्तुर रकम कट्टा गरी नियमानुसार बाँकी रकम मात्र दस्तुर लिने निर्णयलाई यस आ.व.मा पनि निरन्तरता दिइनेछ ।

८.८ नगरपालिका क्षेत्रभित्र निर्माण हुने भवनहरुको नक्सा बनाउँदा वा डिजाईन गर्दा सम्बन्धित प्राविधिकले नगरपालिकामा सूचिकृत हुनुपर्ने निर्णयलाई यस आ.व.मा समेत निरन्तरता दिइनेछ ।

८.९ नगरपालिका क्षेत्र भित्र निर्माण हुने भवनहरुलाई निर्माण गर्दा पूर्ण रुपमा बन्ने घरको १००० वर्गफिट Plinth लेभल भन्दा माथि अनिवार्य (NBC-205) स्ट्रक्चर डिजाईन पेश गर्ने व्यवस्थालाई निरन्तर लागु गर्ने निर्णय गरिएको छ ।

८.१० व्यवस्थित शहरीकरणका लागि काठमाडौं उपत्यका विकास प्राधिकरणले अगाडि बढाएको स्मार्ट सिटीको अवधारणालाई अगाडि बढाउँदै बाँकी स्थानहरुमा नगरपालिकाले निजी, सार्वजनिक, साझेदारी कार्यक्रम अन्तर्गत ल्याण्ड पुलिङ (Land Pooling) को कार्यक्रमलाई अगाडि बढाउनेछ ।

८.११ भूकम्पबाट क्षतिग्रस्त यस नगरपालिकाभित्रका स्थानीय वासिन्दाहरुले राष्ट्रिय पूनःनिर्माण प्राधिकरणबाट वितरण गरिएको भूकम्प लाभग्राही अनुदान सम्झौता गरी रु.५०,०००|०० प्राप्त गरी मापदण्ड अनुसारको भूकम्प प्रतिरोधि आवास निर्माण गर्न चाहेमा निर्माण हुने भवनको १००० वर्गफिटसम्मको क्षेत्रफलमा लाग्ने राजश्वलाई मिनाहा गर्ने र सो देखि माथी जे-जति वर्गफिट हुन आउँछ सो को नियमानुसार लाग्ने दस्तुर नियमानुसार नै लाग्ने व्यवस्था आगामी आ.व.मा निरन्तरता दिइनेछ ।

८.१२ यस नगरपालिकाबाट नगरपालिका घोषणा हुनु भन्दा अगाडि भएको मापदण्डलाई आधार मानी निर्माण भएका घर नगरको मापदण्ड लागु भई सडक विस्तार गर्दा घर भत्केको अवस्थामा सो घरको मुआब्जा सरकारी स्तरबाटै उपलब्ध गराउन सम्बन्धित निकायमा नियमानुसार सिफारिस गर्ने नीति अवलम्बन गरिनेछ । साथै नक्शा पास सम्बन्धमा अंशियारभित्रका कुनै सदस्यका नाममा जग्गा धनी कायम भएको तर सो जग्गामा अंशियारले हक प्राप्त गर्ने जग्गा भएमा त्यस्तो जग्गामा जुन अंशियारले घर निर्माण गर्न लागेको छ उसैका नाममा नक्सा पास गर्दा हाल ठहरिए बमोजिमका अंशियारहरुले वडामा उपस्थित भई मञ्जुरीनामामा सहिछाप गरिदिएमा सम्बन्धित निवेदकका नाममा नक्सा पास हुने व्यवस्था मिलाइनेछ ।

८.१३ घरको नक्सा पास गर्ने काम जनताको नजरमा अति नै झन्झटिलो र गाह्रो भएको हुँदा यसलाई सहज र सरल तरिकाले सम्पन्न गराउने व्यवस्थाका लागि Help Desk राखी सहजीकरण गरिनेछ ।

८.१४ माथिल्लो गागल क्षेत्रमा पर्यटनको विकासका लागि होमस्टे सञ्चालन गर्न निर्माण गर्ने तामाङ संस्कृति झल्कने घरको नक्सा पास दस्तुर नगर कार्यपालिकाको निर्णय बमोजिम छुटको व्यवस्था गरिनेछ ।

८.१५ नगरपालिकाभित्र रहेका वितरण लाईनका नाङ्गा तार हटाउने, काठका पोलहरु हटाउने कार्यलाई प्राथमिकता दिइनेछ ।

८.१६ भवन निर्माण संहिता २०७२ लागु हुनु भन्दा अगाडि निर्माण भएका घर टहराका सम्बन्धमा २०५२ साल सम्म निर्माण भएका घरहरु २०५२ को मापदण्ड बमोजिम, २०५२ देखि २०६४ सम्म निर्माण भएका घरहरु २०५२ को मापदण्ड बमोजिम र २०६४ देखि २०७३ श्रावण मसान्तसम्म निर्माण भएका घरहरु २०६४ को मापदण्ड बमोजिम प्राविधिक प्रतिवेदन वडाका सिफारिस लगायत कागजपत्र संलग्न गरी नगर कार्यपालिकाले बनाएको नक्सा पास निर्देशिकामा व्यवस्था भए बमोजिम कार्यान्वयन गरिनेछ ।

## ९. <u>लक्षित वर्ग कार्यक्रमः</u>

९.१ जेष्ठ नागरिक सम्मान, सुरक्षा तथा उनीहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुलाई जेष्ठ नागरिक घुम्ती स्वास्थ्य शिविर संचालन गर्ने नीति नगरपालिकाले लिनेछ ।

९.२ अन्तरजातीय विवाहलाई प्रोत्साहन दिने केन्द्रको कार्यक्रमलाई यस नगरपालिकाले पनि अवलम्बन गर्दै प्रोत्साहन स्वरुप रु. २५,०००|- प्रदान गरिनेछ ।

९.३ बाल शिक्षा, स्वास्थ्य, बाल सहभागिता, बाल संरक्षण, बाल अधिकार लगायत बालबालिका लक्षित विभिन्न शैक्षिक संघ-संस्था, सामुदायिक संघ-संस्था तथा गैर सरकारी संघ-संस्थासंगको सहकार्य र समन्वयमा जोड दिइनेछ ।

९.४ महिलाहरुको हक अधिकार र नेतृत्व विकासका लागि तालिम, सिपमूलक प्रशिक्षण, अध्ययन, अन्तरक्रिया, गोष्ठी, लगायतका कार्यक्रम संचालन गरिनेछ । यस्ता कार्यक्रम संचालनका लागि महिला समूह तथा महिलासंग सम्बन्धित संघ संस्थाहरुसंगको सहकार्य र साझेदारीमा जोड दिइनेछ ।

९.५ आदिवासी, जनजाति, दलित पछाडि पारिएका वर्ग र समुदायको हक र अधिकारको लागि त्यस्ता वर्ग र समुदायको समावेशीकरणका लागि लक्षित वर्गको सक्रिय सहभागितामा विभिन्न कार्यक्रम संचालनमा ल्याइनेछ । नगरपालिकाको गतिविधिमा यस्ता वर्ग र समुदायको मूल प्रवाहीकरणको नीति अवलम्बन गरिनेछ ।

९.६ नगरक्षेत्रभित्र रहेका अल्पसंख्यक समुदायको पहिचान गरी तिनको मूल प्रवाहीकरणका लागि आवश्यक कार्यक्रमको तर्जुमा गरिनेछ ।

९.७ वस्ती वडा हुँदै नगरसभामा पेश हुन आएका लक्षित समूह (महिला, बालबालिका, आदिवासी जनजाति, जेष्ठ नागरिक, दलित) का कार्यक्रमहरु र नगरस्तरीय कार्यक्रमहरु प्राथमिकताका आधारमा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

९.८ धार्मिक, साँस्कृतिक, भाषा र भेषभुषा संरक्षण र जात्रा जस्ता पर्वहरुमा यथोचित सहयोगका साथै सामूहिक विशेष कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ ।

९.९ नगरपालिकाभित्र छुवाछुतमुक्त समाज निर्माणका लागि विशेष जनचेतनामूलक प्रवर्द्धनात्मक कार्यक्रम अगाडि बढाइनेछ ।

९.१० लैंगिक समानताको निमित्त सामाजिक समावेशीकरण र लैंगिक तथा सामाजिक समावेशीकरणको कार्यक्रमलाई यस आ.व.मा समेत निरन्तरता दिइनेछ ।

९.११ महिला विकास कार्यक्रमलाई महिलाको आर्थिक, सामाजिक, राजनैतिक पक्षको विकासमा टेवा पु-याउने गरी संचालन गरिनेछ । साथै तालिमलाई व्यवसायकितातर्फ उन्मुख गरी रोजगारी सृजना गर्ने गरी संचालन गरिनेछ ।

९.१२ घरघरमा आधारित रोजगारी सृजना गरिने खालका धूप, टोपी, पँजा, मोजा र स्वीटर आदि बनाउने तालिमलाई आवश्यकता / औचित्यताका आधारमा अगाडि बढाइनेछ ।

९.१३ सीप र प्रविधिको माध्यमबाट बढ्दो वेरोजगारीलाई न्युनीकरण गरिने नीति अवलम्बन गरिनेछ ।

**१०. <u>युवा तथा खेलदकुदः</u>**

१०.१ स्वास्थ्य, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई अन्तराष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिबृद्धि गर्ने माध्यमको रुपमा विकास गर्ने ।

१०.२ युवा खेलकुद राष्ट्रका लागि महत्वपूर्ण विधा र अपरिहार्य जनशक्ति हुन् भन्ने तथ्यलाई मध्य नजर गर्दै नगरस्तरीय, अन्तरनगरस्तरीय खेलकुद कार्यक्रम तथा वडा र नगरस्तरीय खेलकुद मैदान समेतको पूर्वाधार तयार गर्दै अगाडि बढ्ने नीति नगरपालिकाले लिनेछ ।

१०.३ राज्य निर्माणको महत्वपूर्ण जिम्मेवारी बहन गर्न सक्ने युवा वर्गको शिक्षा र स्वास्थ्यसंग सम्बन्धित कार्यक्रमहरु साथै खेलकुद र रोजगारी सृजनामा सहयोग गरिने कार्यक्रम युवा मार्फत संचालन गर्नुका साथै युवा नेतृत्व विकास र विकास निर्माणका कार्यमा युवाहरुको सक्रिय सहभागितालाई विशेष प्राथमिकता दिइनेछ ।

१०.४ नगरक्षेत्र भित्रका स्थानीय युवाहरुको आवश्यकताका आधारमा साना तथा ठुला खेलमैदान निर्माण र संरक्षणका कार्यलाई विशेष महत्वकासाथ अगाडि बढाइनेछ ।

१०.५ बालमैत्री कार्यक्रममा जोड दिंदै बाल क्लबको कार्यलाई प्रोत्साहन दिइनेछ ।

१०.६ युवा तथा खेलकुदका कार्यक्रममा क्लब र सामुदायिक संघ-संस्थालाई सक्रिय र जिम्मेवार बनाई नगरको समग्र विकासमा युवाहरुको श्रम, सिप, योग्यता, क्षमता र विद्वतालाई सम्मान गर्ने कार्यक्रम तय गरिनेछ ।

१०.७ यस नगरपालिकालाई आधुनिक सुविधा सम्पन्न खेलकुद शहर (Sport City) को रुपमा विकास गर्ने र यसबाट खेलकुद क्षेत्रको विकासको नीति तथा कार्यक्रम अगाडी बढाइनेछ ।

१०.८ नगरस्तरीय खेलकुद प्रतियोगिता आयोजनामा सहकार्य गरी खेलाडीहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१०.९ यस नगरभित्र रहेको क्रिकेट स्टेडियम, गल्फकोर्स लगायतका ठुला संरचना तथा थली चौर, मूलपानी चौरलाई स्तर वृद्धी गरी नमूना बनाउने कार्य यसै वर्षबाट सुरु गरिनेछ ।

**११. <u>सार्वजनिक सम्पति संरक्षणः</u>**

११.१ नगरपालिका क्षेत्र भित्रका सार्वजनिक पर्ति जग्गा, राजकुलो, पाटीपौवा, धाराकुवा, सडक, मन्दिर, सामुदायिक भवन, सामुदायिक विद्यालय, कलेज लगायतका सार्वजनिक सम्पत्तिको लगत राख्ने र नक्साङ्कन गर्ने तथा तिनीहरुको संरक्षणका लागि विभिन्न कार्यक्रमहरु संचालनमा ल्याइनेछ । सार्वजनिक सम्पत्ति अतिक्रमण गर्ने र हानी नोक्सानी पु-याउने व्यक्ति वा संघ-संस्थालाई कानूनी कार्वाहीको दायरामा ल्याइनेछ ।

११.२ सार्वजनिक पर्ति जग्गा संरक्षणको क्षेत्रमा नगरस्तीय शक्ति सम्पन्न आधिकारिक समितिको गठन गरी समितिको कार्यमा सक्रियता बढाइनेछ साथै नगर क्षेत्रभित्र रहेका सार्वजनिक पर्ति जग्गाहरुको लगत राखी भू-उपयोग नक्साङ्कन तथा सिमाङ्कनमा जोड दिइनेछ ।

**१२. <u>प्रशासनिक व्यवस्थापन तथा सुशासनः</u>**

१२.१ जनतालाई सेवा प्रवाह गर्दा जनप्रतिनिधि तथा कर्मचारी सबैले मुस्कान सहितको सेवा प्रवाह गर्नु पर्ने नीतिलाई अनिवार्य गरिनेछ ।

१२.२ आन्तरिक प्रशासन चुस्त र दुरुस्त कायम गर्न सके मात्र नगरवासीलाई छिटो, छरितो, सरल र प्रवाभकारी ढंगले सेवा सुविधा उपलब्ध गराउन सकिन्छ भन्ने विश्वासका साथ नगरपालिकामा व्यवस्थित र प्रणालीगत प्रशासनिक संरचनाको निर्माण गरी तदनुरुप कर्मचारीहरुको व्यवस्था गरी प्रभावकारी कार्य विभाजनलाई सुनिश्चित गरिनेछ । साथै नगरपालिकाभित्र कर्मचारी संगठनको संरचनालाई ONM Survey गरी सोही आधारमा दरवन्दी सृजना र पदपूर्ति गरिनेछ । साथै योग्यता, क्षमता र उत्कृष्टताका आधारमा बढुवा प्रणालीलाई व्यवस्थित गरिनेछ ।

१२.३ अनुभवी, क्षमतावान र स्वयंमा उत्प्रेरित कर्मचारी बिना नगरवासीले चाहे जस्तो प्रभावकारी र अनुभूतिजन्य सेवा प्रवाह गर्न समस्या पर्ने भएकोले प्रशासनिक संयन्त्रलाई आधुनिक प्रविधियुक्त बनाइदै समायानुकुल तालिम र प्रशिक्षणमा जोड दिइनेछ । साथै अनुशासित भई काम गर्ने कर्मचारीलाई

प्रोत्साहन तथा अनुशासनहिन काम र गल्ती गर्ने कर्मचारीलाई निरुत्साहित/दण्डित गरिने नीति अवलम्बन गरिनेछ ।

१२.५ नगरपालिकाबाट सम्पादित आर्थिक, प्रशासनिक र योजनागत विकास निर्माण र लक्षित कार्यक्रमहरुलाई पारदर्शी, जिम्मेवार र उत्तरदायी बनाइनेछ ।

१२.५ विकेन्द्रीकरण र स्वायत्तताको मर्म र सिद्धान्त अनुरुप नगरवासीले सम्भव भएसम्म सेवा सुविधा घर-दैलो र टोल टोलमा प्राप्त गर्न सक्ने व्यवस्थाका लागि स्थानीय निकाय पुनःसंरचना आयोगको निर्णयसमेतलाई संबोधन गरी वडास्तरबाट सम्पादन हुने कार्यलाई निरन्तरता दिइनेछ ।

१२.६ नगरपालिकाभित्र संचालन गरिने विकास एवं प्रशासनिक कार्यमा सदाचार र सुशासनलाई जोड दिंदै वडा सचिवहरुलाई आ-आफ्नो कर्तव्यप्रति जिम्मेवार र उत्तरदायी बनाइनेछ साथै वडामा हुने प्रशासनिक खर्चलाई पनि समयानुसार परिमार्जन र व्यवस्थित गरिनेछ ।

१२.७ यस नगरपालिकामा हाल मौजुदा कर्मचारी दरबन्दीमा अस्थायी वा करारमा कार्यरत कर्मचारीहरु र सामुदायिक विकास शासन कार्यक्रम अन्तर्गत कार्यरत सामाजिक परिचालकहरुलाई लोक सेवा आयोग एवं पदपूर्ति समितिको प्रक्रिया अनुसार नियमानुसार व्यवस्थापन गरिनेछ । सवै कर्मचारीहरुलाई नेपाल सरकारको सुरु तलव स्केल ननाघ्ने गरी सेवा सुविधा प्रदान गरिनेछ ।

१२.८ कागेश्वरी मनोहरा नगरपालिकाको नगर सभा नीति, कार्यक्रम तथा बजेट निर्माण कार्यमा खटिने सबै कर्मचारीहरुलाई खाईपाई आएको तलबको १ (एक) महिना बराबरको तलब रकम प्रथम नगर सभाबाट निर्णय गरी उपलब्ध गराउने निर्णय गरिएको छ ।

१२.९ यस नगरपालिकामा कार्यरत स्थायी, अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरु मध्ये उत्कृष्ट कार्यसम्पादन गर्ने १ जना कर्मचारीहरुलाई पुरष्कृत गरिनेछ । पुरस्कार प्रदान गर्नका लागि विषयगत समितिले मापदण्ड तयार गरी सोही आधारमा प्रदान गरिनेछ । कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रणालीलाई सूचक तयार गरी लागु गरिनेछ । तथा आ.व. २०७४।०७५ देखि करार सेवामा कार्यरत कर्मचारीलाई वर्षमा एकपटक पोशाक भत्ता तथा महिनामा १ दिन घर बिदा दिइनेछ ।

१२.१० आ.व. २०७४/०७५ को लेखा परिक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक नियमानुसार भुक्तानी दिने अधिकार नगरपालिकाको कार्यपालिकालाई प्रत्यायोजन गरिनेछ ।

१२.११ यस नगरपालिकाको लागि आवश्यक पर्ने स्थायी जनशक्ति पदपूर्ति गर्दा आवश्यक पर्ने खर्च रु. ५ लाख बजेट विनियोजन गर्ने निर्णय गरिएको छ । साथै यस नगरपालिकाको आ.व. २०७३/०७४ को स्थानीय निकायको आन्तरिक लेखा परिक्षण मिति २०७४।११।२७ सम्मको प्रतिवेदनलाई समेत अनुमोदन गर्ने निर्णय गरिएको छ ।

१२.१२ कल्याणकारी कोषको सम्बन्धमा नगरपालिकामा कार्यरत स्थायी कर्मचारीले खाईपाई आएको तलबलाई आधारमानी प्रत्येक आ.व.को अन्तिममा एक महिना बराबरको रकम कर्मचारी कल्याणकारी कोषमा राख्ने निर्णय गरिएको छ ।

१२.१३ जिन्सी निरीक्षण, मिनाहा, लगतकट्टा टुटफुट, लिलाम, मर्मत संभार गर्नु परेमा सो को अधिकार नगरपालिकाको कार्यपालिकालाई प्रत्यायोजन गरिएको छ ।

१२.१४ नगरपालिकाको प्रशासनिक संरचनालाई सञ्चालन गर्न आवश्यक पर्ने न्यूनतम ११५ जना कर्मचारीको दरबन्दी कायम गरिएको छ ।

१२.१५ सामुदायिक विकास शासन कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारी (सामाजिक परिचालक)लाई मासिक रु. ८०००।- दिने निर्णय गरिएको छ ।

## १३. आर्थिक प्रशासन एवं सुशासनः

१३.१ आन्तरिक आय वृद्धिका लागि प्रचलित ऐन, कानूनको अधिनमा रही करको दायरालाई फराकिलो बनाउँदै लगिने व्यवस्थालाई समय सापेक्ष हुने गरी लागु गर्ने नीति अवलम्बन गरिनेछ ।

१३.२ राजश्व चुहावटमा नियन्त्रण गरी लेखा व्यवस्थापन तथा नगरपालिकाको सम्पूर्ण आर्थिक कार्यहरु एकिकृत कम्प्युटरराईज प्रणालीबाट अगाडि बढाइनेछ ।

१३.३ आन्तरिक आय मजवुद नबनाएसम्म स्थानीय तहहरु समृद्ध र समुन्नत बनाउन नसकिने भएकोले राजश्व संभाव्यता अध्ययन कार्यलाई २०७४/०७५ मा समेत निरन्तरता दिई करयोग्य क्षेत्रलाई राजश्व संभाव्यताको दायरामा ल्याइनेछ ।

१३.४ आन्तरिक लेखा परिक्षण चौमासिक रुपमा गराइनेछ, आम्दानी र विकास खर्चको विवरण सार्वजनिक गरी Web-site मा राखिने कार्यलाई अगाडि बढाइनेछ ।

१३.५ सुशासन र सूचनाको हकलाई प्रत्याभूत गर्दै नगरपालिका मार्फत संचालन गरिने हरेक आयोजना र कार्यक्रमको विवरण लगायतका कार्य विवरण खुल्ने गरी सूचना बोर्ड हरेक योजनास्थलमा राखिनेछ ।

१३.६ हरेक उपभोक्ता समिति तथा कार्यक्रम सम्पन्न गर्ने संघ-संस्थाले सामाजिक लेखा परिक्षण गर्नु पर्ने प्रावधानलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

१३.७ नगरवासी र विभिन्न सरोकारवाला पक्षसंग नियमित रुपमा सार्वजनिक सुनुवाई, समीक्षा र सामाजिक परीक्षण तथा अन्य सूचना र संजालका माध्यमबाट नगरपालिकाको गतिविधि बारे जानकारी गराउने नीति लिइनेछ । यस्ता कार्यक्रम मार्फत गुनासा र प्रतिक्रिया संकलन गरी आर्थिक, प्रशासनिक र सुशासन भित्रका सुधारका प्रयासहरुलाई अगाडि बढाइनेछ ।

१३.८ विकास निर्माण कार्यको पारदर्शिता, प्रभावकारी र दिगोपनाको अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

१३.९ सुशासन कायम गर्ने परिधिभित्र रहेका विभिन्न विषयगत समितिलाई सक्रिय, नियमित र चलायमान बनाउँदै समितिको प्रतिवेदन तथा सुझावका आधारमा अगाडि बढ्ने नीति नगरपालिकाले अवलम्बन गर्नेछ ।

१३.१० नगरपालिकाले २०७४ साल श्रावण १ गतेदेखि आफ्नो नगरक्षेत्रमा लगाउने घरनक्सा तथा विभिन्न सेवा शुल्कका दररेटका सम्बन्धमा अनुसूचीमा व्यवस्था भए अनुसार लागु हुने निर्णय गरेको छ ।

१३.११ नागरिक वडापत्र, उजुरी पेटिका, कर्मचारीको क्षमता विकास गरी सुशासनको अवधारणालाई अगाडी बढाइनेछ ।

१३.१२ यस नगरपालिका कार्यालयमा हालसम्म बेरुजुको अध्यावधिक लगत तयार भई नसकेको अवस्था रहेकोमा चालु आ.व.भित्र जिल्ला समन्वय समिति र साविक वडाहरुबाट पेश्की तथा बेरुजुको लगत सम्बन्धित वडा कार्यालयहरुमा तयार गर्न लगाई तत् तत् वडाहरुमा सार्वजनिक गरी एकीकृत बेरुजुको विवरण तयार गर्ने र सो को अशुल फर्छौट गर्ने कार्यलाई चालु आ.व.देखी नै कार्यान्वयन गर्ने कार्यलाई कडाइका साथ कार्यान्वयन गर्ने कार्यलाई अगाडि बढाइनेछ ।

१३.१३ सार्वजनिक वित्त जोखिम न्यूनीकरणका लागि पेश्की बेरुजु शुन्यमा झार्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१३.१४ प्रसिद्ध पर्यटकीय स्थल कागेश्वरी महादेव मन्दिरमा वर्षमा एक पटक लाग्ने कागेअष्टमी मेलामा सार्वजनिक विदा दिइनेछ ।

१३.१५ साविक गा.वि.स.हरुमा रहेको धरौटी खाता बन्द गरी सो खातामा रहेको रकमलाई नगरपालिकाको खातामा सारी आवश्यक प्रक्रिया पुरा गरी नगरको आम्दानीमा ल्याइनेछ ।

**१४.१ <u>योजना संचालन सम्बन्धीः</u>**

१४.१ आयोजनाको दिगोपना, प्रभावकारिता, मितव्ययिता र कार्यकुशलता कायम गर्न सहभागितामूलक र समावेशी योजना छनोट तथा कार्यान्वयन प्रणालीलाई यस आ.व.मा समेत निरन्तरता दिइनेछ ।

१४.२ नगरपालिकाबाट सम्पादित योजना तथा कार्यक्रम र गतिविधिहरुको सुचारु रुपले नगरवासीलाई सञ्चार गर्दै सू-सुचित गर्न नगर क्षेत्रमा रहेका सामुदायिक सञ्चार माध्यमहरुलाई प्रवर्द्धन र प्रोत्साहित गरिनुका साथै संचार क्षेत्रसंगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

१४.३ विकास निर्माणका कार्यहरु संचालन गर्दा क्रमागतः योजनाहरुलाई औचित्यताको आधारमा निरन्तरता दिइनेछ । नगरमा रहेको सडकको दायाँ-वायाँ उपयुक्तताको आधारमा वृक्षारोपण गरी क्रमशः यस नगरलाई हरित नगरको रुपमा अगाडि बढाइनेछ ।

१४.४ सडक निर्माण तथा मर्मत संभार कार्यमा नगरपालिका र सम्बन्धित निकायसंगको योजनामा दोहोरोपना आउन नदिन चालु आ.व.मा आवश्यक व्यवस्था मिलाइनेछ ।

१४.५ नगरपालिका क्षेत्रभित्र संचालन भएका तथा संचालन हुने योजना र कार्यक्रमहरुको समग्र अनुगमन र सुपरिवेक्षण गर्नका लागि नगर सुपरिवेक्षक तथा अनुगमन समिति गठन गरी अनुगमनको कार्यलाई क्रियाशील बनाइनेछ ।

१४.६ केन्द्रीय स्तर, नगरपालिकासमेतको एकै स्थानमा परेका योजनागत कार्यक्रम संचालन गर्दा चेनेज छुट्याई छुट्टाछुट्टै काम तोकि काममा दोहोरोपना नपर्ने गरी कार्य अगाडि बढाउने निर्णय गरिएकोछ ।

१४.७ उपभोक्ता समितिले योजना संचालन गर्दा लागत ईष्टिमेट तयार गर्दा नगरपालिकाले दिने रकममा २० प्रतिशत रकम वा जनसहभागिता थप गरी ल.ई. तयार गर्ने र मूल्याङ्कन गर्ने र सोको विवरण आय व्ययमा राखिनेछ ।

१४.८ कुनै योजना संशोधन, परिमार्जन, गर्नु पर्ने भएमा साथै उपभोक्ता समितिद्वारा संचालन गर्न पर्ने योजनाहरु उपभोक्ता समितिले समयमा नै संचालन नगरेमा वा हुन नसकेमा उक्त कार्यक्रम वा योजनालाई नगरपालिका बोर्डले प्रतिष्पर्धात्मक विधिवाट संचालन गर्ने नीति अवलम्बन गर्नेछ ।

१४.९ नगरपालिकाको तर्फबाट अन्य कुनै सरकारी गैरसरकारी एवं साझेदारी निकायसंग सम्झौता गरी कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्ने भएमा उक्त सम्झौता गर्न नगरपालिकाका नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गरिएकोछ, साथै सरकारी गैरसरकारी कुनै योजना तथा कार्यक्रम प्राप्त हुने भएमा त्यस्ता योजना तथा कार्यक्रम सम्झौता गर्न र कार्यक्रम स्वीकृत गर्ने अधिकार नगरपालिका बोर्डलाई प्रत्यायोजन गरिएकोछ ।

१४.११ नगरपालिकाले आफ्नो श्रोतबाट विनियोजन गरी सम्पन्न गरेका योजनामा कन्टीजेन्सीबाट ३% र अन्य श्रोतबाट प्राप्त योजनामा समेत ३% कायम गर्ने निर्णय गरिएको छ, साथै उक्त कन्टीजेन्सीबाट प्राप्त

रकम नगर कार्यपालिकाको निर्णयका आधारमा खर्च गरिनेछ । सो को लागि कन्टिन्जेनसीबाट प्राप्त रकमको छुट्टै लगत राखिनेछ ।

१४.१२ नगरपालिकामा प्रत्येक वडाबाट वडागत रुपमा सिफारिस भई आएका योजनाहरुमा अन्य निकायबाटसमेत संचालन हुने गरी योजना स्वीकृत भई आएमा तथा नगरपालिकाको नियमित नगर सभा र विशेष नगर सभाबाट समेत विनियोजित भई एउटै प्रकृतिको योजनामा दोहोरोपना पर्न गएमा नगर कार्यपालिकाको निर्णय अनुसार कार्यान्वयन गर्ने निर्णय गरिएको छ ।

१४.१३ नगरपालिका क्षेत्रमा संचालन हुने साना-तिना योजना भन्दा जनतालाई प्रत्यक्ष अनुभूति दिन सक्ने गुणस्तरीय, ठुला र दिगो पूर्वाधारको विकासमा विशेष जोड दिने नीति तय गरिएको छ ।

१४.१४ नगरपालिका क्षेत्रभित्र संचालित योजनाको अनुगमन गरी गुणस्तर र लागतको आधारमा समयमा नै योजना सम्पन्न गर्न लगाईनेछ । साथै नगरपालिकाले तय गरेका योजना कार्यान्वयन गर्ने तौर-तरिका र निर्देशन विपरित काम गर्ने उपभोक्ता समितिलाई कुनै पनि अरु योजना संचालन गर्न दिइने छैन ।

१४.१५ नगरपालिकाको समग्र विकासको लागि नगर आवधिक योजना बनाउने कार्यलाई अगाडि बढाइनेछ ।

१४.१६ आर्थिक वर्षको चैत मसान्तसम्म छुट्टिएका योजनाको उपभोक्ता समितिले सम्झौता नगरेमा त्यस्ता योजनाहरुको वर्गीकरण गरी नगरपालिकाबाटै आवश्यक व्यवस्था गरी आ.व. २०७४/०७५ मा विनियोजन गरेको रकमको योजना २०७५ जेष्ठ मसान्त सम्पन्न गर्ने गरी योजना सम्पन्न गर्ने नीति लिईएको छ ।

१४.१७ आर्थिक वर्ष २०७३।०७४ मा नगर कार्यपालिकाको निर्णयमा समावेश भएका योजनाहरुलाई आगामी आर्थिक वर्षको कार्तिक मसान्तसम्म सम्पन्न गरेमा भुक्तानी दिइनेछ ।

१४.१८ नगरपालिका क्षेत्रभित्र संचालन भएका तथा संचालन हुने योजना र कार्यक्रमहरुको अनुगमन र सुपरिवेक्षण गर्न स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६७ बमोजिम नगरस्तरीय सुपरिवेक्षण तथा अनुगमन समिति (नगर प्रमुखको अध्यक्षतामा) गठन गरी कार्यविधिद्वारा निर्दिष्ट गरे बमोजिम अनुगमनको कार्यलाई निरन्तरता दिइनेछ ।

**१५.१ <u>अन्य</u>**

१५.१ नेपाल ट्रष्टको अधिनमा रहेको गोकर्ण निकुञ्जलाई सम्बन्धित निकायको सहयोगमा नगरपालिकाको आम्दानीको श्रोतको रुपमा ल्याउने कार्य अगाडि बढाइनेछ ।

१५.२ दुई नगरपालिका गोकर्णेश्वर र कागेश्वरी मनोहरा नगरपालिकाको आधार श्रोतको रुपमा रहेको सुन्दरीजल विध्युत गृहमा उत्पादित बिजुली बिक्रीबाट सरकारले स्थानीय निकायलाई उपलब्ध गर्ने रोयल्टी र मेलम्ची खानेपानी योजना सम्पन्न भई के.यु.के.एल.ले संचालन/वितरण सुरु भएपछि प्रभावित क्षेत्रले प्राप्त गर्ने आयलाई यस नगरपालिकाको आम्दानीमा ल्याउने कार्यमा जोड दिइनेछ ।

१५.३ नगरपालिकाले साझेदारी र सहकार्य गर्दा संस्था दर्ता, नवीकरण र लेखा परीक्षण गरेका संस्थाहरुसंग मात्र सहकार्य गर्ने व्यवस्था लागु गरिनेछ ।

१५.४ आकस्मिक र विशेष अवस्था सृजना भई कुनै निर्णय गर्नु परेमा बजेट तथा नीतिगत प्रस्तावमा परिमार्जन वा संशोधन गर्नुपर्ने भएमा नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरिएको छ ।

१५.५ नगरपालिकामा हुने बोर्ड वैठक, समितिका वैठकहरु तथा अन्य वैठकहरु बस्दा सहभागी सदस्यहरुलाई प्रति वैठक प्रति सदस्य रु. १५००।०० भत्ता तोक्ने निर्णय गरिएको छ ।

१५.६ चालु आ.व.को २०७४ साल असार ३१ गतेसम्ममा भएको आम्दानी खर्च, नगरपालिका बोर्ड तथा राजनीतिक संयन्त्रबाट भएका सिफारिसहरुलाई अनुमोदन गर्ने निर्णय गरिएको छ ।

१५.७ वडा कार्यालयबाट घरबाटो, चारकिल्ला लगायत अन्य अचल सम्पति सम्बन्धी सिफारिस दिंदा अघिल्ला वर्षको बक्यौता तथा अन्य दस्तुर चुक्ता पश्चात मात्र सिफारिस दिने प्रक्रियालाई यस आ.व.मा समेत निरन्तरता दिने निर्णय गरिएको छ ।

१५.८ आ.व. २०७४/०७५ देखि सूचिकृत हुन चाहने व्यक्ति, फर्म, कम्पनी, संघ-संस्थाले सूचिकृतका लागि आवश्यक कागजात सहित वर्ष भरिनै सुचिकृत गर्न दिने निर्णय गरिएको छ ।

१५.९ नगरपालिकाको समग्र विकास योजनाका लागत वा श्रम जनसहभागितामूलक कार्यक्रमलाई उच्च प्राथमिकता दिंदै टोल विकास संस्था, उपभोक्ता समिति, गैर-सरकारी संघ-संस्था एवं नागरिक समाजलाई सम्मानजनक व्यवहार गरी विकासको साझेदार सहयात्रीको रुपमा सामाजिक परिचालनमा जोड दिने नीति तय गरिनेछ ।

१५.१० नेपाल सरकारले तय गरेको मापदण्ड, निर्देशन र कार्यक्रमको आधारमा नगरपालिका क्षेत्रभित्र भूकम्प पछीको पूनःनिर्माण र एकिकृत पूनर्लाभ कार्यक्रमसंग समन्वय र सहकार्य गर्ने नीति तथा कार्यक्रम तय गरिनेछ ।

१५.११ नगरपालिकालाई आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, वातावरणीय उन्नयनका साथै आधुनिक, प्रविधियुक्त र व्यवस्थित शहरीकरणको दृष्टीकोणले स्मार्ट नगरपालिकाको रुपमा विकास गर्ने योजनालाई अगाडि बढाइनेछ ।

१५.१२ विभिन्न निकायबाट अनुमति लिई/नलिई यस नगरपालिका क्षेत्रभित्र स्थापना भई संचालनमा रहेका उध्योग, व्यवसाय, कलकारखाना, रेष्टुरेन्ट, होटल, डिपार्टमेन्ट स्टोर, पसल र प्रतिष्ठानहरुको व्यवस्थित लगत संकलन गरी दर्ता प्रक्रियामा ल्याई सेवा शुल्क र करको दायरामा ल्याउने कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ ।

१५.१३ यस नगरपालिका कार्यालयको पदपूर्ति सम्बन्धी कार्य गर्नका लागि पदपूर्ति समितिको गठन गर्ने अख्तियारी नगर कार्यपालिकालाई दिने निर्णय गरिएको छ ।

१५.१५ यस नगरपालिकाको विभिन्न निर्णयका आधारमा करारमा लिइएका कर्मचारीहरुको म्याद थप्ने अधिकार नगर कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने निर्णय गरिएको छ ।

## ३.५.२ क्षेत्रगत नीति तथा आधारहरु

### (क) आर्थिक क्षेत्र

आर्थिक समितिद्धारा नगर सभामा आ.व. २०७४/०७५ को बजेट, नीति तथा कार्यक्रममा समावेश गर्न निर्णयका लागि पेश भएको सुझावः

यस कागेश्वरी मनोहरा नगर कार्यपालिकाको मिति २०७४।३।१५ गते बसेको वैठकको निर्णय बमोजिम गठित यस समितिले आगामी आ.व. २०७४/०७५ का लागि नगर सभामा पेश हुने नीति, बजेट तथा कार्यक्रममा समावेश

गर्नुपर्ने विषय नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम १५ को उपनियम (१) संग सम्बन्धित रही प्रस्तुत गरिएको छ ।

१. बजेट तथा श्रोत परिचालन आ.व. २०७४/०७५ को लागि रु. ६६ करोड १२ लाख ९८ हजारको बजेट निर्माण हुँदैछ । जसमा चालु खर्च रु. २२ करोड ४७ लाख ८० हजार र पुँजीगत खर्च रु. ४३ करोड ६५ लाख १८ हजार कायम गरी सोही बमोजिम विभिन्न शिर्षकमा क्षेत्रगत रुपमा बजेट विनियोजन गरिनु पर्छ ।
२. आन्तरिक श्रोतको व्यवस्थापन सबल ढंगले अगाडि बढाई करका दर भन्दा क्षेत्र बढाउने विज्ञापन शुल्क, वातावरण शुल्क तथा पानीमा लगाएको शुल्कको समयमै बोलपत्र प्रणाली अगाडि बढाउनुपर्छ ।
३. वडागत रुपमा केन्द्रित भई वडा स्तरीय योजना र नगरपालिका केन्द्रित रही नगर स्तरीय योजना संचालन गरिनुपर्छ ।
४. आधुनिक कर प्रणाली अपनाई राजश्व चुहावट हुन नदिन सफ्टवेयरको प्रयोग गरी नगर केन्द्रित सर्भरमा अभिलेखिकृत हुने व्यवस्था गरिनुपर्छ ।
५. कृषि विकास सम्बन्धी कार्यका लागि वडा नं. १, २, ३, ४, ५ र ६ मा केन्द्रित रही व्यवसायिक खेती प्रणालीलाई प्रोत्साहन पुग्ने बजेट र कार्यक्रम बनाउनु पर्छ ।
६. पशुपन्छी विकासका लागि पशु बिमा, पशु स्वास्थ्य क्लिनिकको व्यवस्थापनमा ध्यान दिनुपर्छ ।
७. नगरपालिकाबाट प्रदान गरेका सेवामा न्यून आय श्रोत भएका नगरवासीको पहुँच पुर्याउने र निजहरुको आय आर्जन सम्बन्धी कार्यक्रममा लगानी बढाउनु पर्छ ।
८. नगरभित्र रहेको प्राकृतिक श्रोत, आर्थिक श्रोतको पहिचान गरी सो श्रोतबाट राजश्व वृद्धी गर्न नयाँ कार्यक्रम थालनी गर्नुपर्छ ।
९. आर्थिक विकास क्षेत्रगत विषयमा केन्द्रित रही योजना संचालन र सम्पन्न गर्न स्थानीय जनशक्तिको प्रयोगमा ध्यान दिनुपर्छ ।

**(ख) सामाजिक क्षेत्र**

सामाजिक विकास समितिद्धारा नगर सभामा आ.व. २०७४/०७५ को बजेट, नीति तथा कार्यक्रममा समावेश गर्न निर्णयका लागि पेश भएको सुझावः

यस कागेश्वरी मनोहरा नगर कार्यपालिकाको मिति २०७४।३।१५ गते बसेको वैठकको निर्णय बमोजिम गठित यस समितिले आगामी आ.व. २०७४/०७५ का लागि नगर सभामा पेश हुने नीति, बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने विषय नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम १५ को उपनियम (१) संग सम्बन्धित रही प्रस्तुत गरिएको छ ।

**१. शिक्षा**

- गुणस्तर शिक्षा
- प्रोजेक्टर जस्ता विधुतिय माध्यमको प्रयोग
- प्राविधिक शिक्षालयमा भौतिक साधनको वृद्धी
- नगर स्तरीय अनुगमन समय समयमा
- अपाङ्गमैत्री चेतनामुलक शिक्षा उपलब्ध
- भूकम्प प्रतिरोधी भौतिक संरचना निर्माण
- प्रौढ शिक्षा, गृहिणी शिक्षा, बालबालिकाहरुलाई विद्यालय भर्ना सम्बन्धी सचेतना कार्यक्रम

- सार्वजनिक विद्‍यालयमा अंग्रेजी माध्यमबाट अध्यापन गराउन शिक्षक/शिक्षिकाहरुलाई तालिमको व्यवस्था ।

**२. स्वास्थ्य**

क. मौजुदा स्वास्थ्य चौकीहरु सुधार

ख. महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन भत्ता

ग. हरेक स्वास्थ्य चौकीमा बालबालिका उपचार केन्द्र स्थापना

घ. महिला, जेष्ठ नागरिक, बालबालिका लक्षित स्वास्थ्य शिविर संचालन ।

**३. खानेपानी तथा सरसफाई**

क. नगरपालिकाभित्र शहरिकरण बढ्दै गएकोले पानीको मूहानहरु सुक्ने क्रम रहेकोले पूर्ववत् रहेका श्रोतहरुको व्यवस्थापन

ख. नगर स्तरीय खानेपानी व्यवस्थापनको लागि यस क्षेत्रमा रहेको मुख्य स्रोतको रुपमा रहेको सातघट्टे मुल संरक्षण

ग. मेलम्ची खानेपानीसंगको सहकार्यमा यस नगरपालिकामा पर्याप्त पानीको व्यवस्थापन

घ. नगरभित्रका आयोजनाहरु संचालनमा रहेका डाँछी भद्रबास खानेपानी, भैमाल खानेपानी, आलापोट एकिकृत खानेपानी, भोर्लेटार खानेपानी, सुर्यमण्डली खानेपानी आयोजना संचालन

ङ. विपन्न तथा दलित वस्तीमा यथाशिघ्र खानेपानी व्यवस्था

च. वडा नं. ६, ७ र ९ मा खानेपानीको व्यवस्थापन ।

**४. संस्कृति प्रवर्द्धन**

क. कागेअष्टमीलाई विशेष दिनको रुपमा मनाउने

ख. नगरभित्रका सम्पूर्ण मठमन्दिर, चर्च गुम्बा र मस्जिदहरुलाई संरक्षण र जिर्ण भएकालाई पुनःनिर्माण

ग. योगा तथा ध्यान शिविरको लागि अत्याधुनिक सामुदायिक ध्यान केन्द्र स्थापना ।

**५. खेलकुद तथा मनोरञ्जन**

क. नगरस्तरीय एउटा खेलकुद प्रशिक्षण केन्द्र स्थापना र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तर खेलाडी उत्पादन

ख. संचालनमा रहेका क्लवहरुलाई खेलकुद तथा मनोरञ्जनका क्षेत्रमा सक्रिय सहभागिता

ग. हरेक वडामा खेलकुद मैदान निर्माण

घ. हरेक वडामा रहेका क्लवलाई मर्ज गरी एक वडा एक क्लव स्थापना

ङ. प्रत्येक वडामा बालक्लव स्थापना गरी ई-लाइब्रेरी संचालन

च. क्लवहरु दर्ता र नविकरण

छ. अन्तराष्ट्रिय तथा राष्ट्रिय स्तरका क्रिकेट स्टेडियम, गल्फकोर्ष प्रवर्द्धन ।

**६. लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

क. महिला हिंसा विरुद्‍ध नगरस्तरीय अभियान

ख. छुवाछुतलाई पूर्ण निष्कृय गर्न छुवाछुत मुक्त नगर घोषणा

ग. महिला लक्षित आयआर्जन, सिप विकास, सामुहिक कृषि खेती, सामुहिक महिला चालक प्रशिक्षण, उद्‍घोषण, व्यूटिपार्लर, सिलाई जस्ता कार्यक्रमहरु संचालन

घ. विपन्न तथा दलित महिलाहरुलाई आय आर्जनको विशेष प्याकेज घोषणा

ङ. जेष्ठ नागरिक स्वास्थ्य शिविर, धार्मिक भ्रमण अवलोकन जस्ता कार्यक्रम

च. जेष्ठ नागरिक पार्क निर्माण ।

**(ग) पूर्वाधार क्षेत्र**

पूर्वाधार विकास समितिद्धारा नगर सभामा आ.व. २०७४/०७५ को बजेट, नीति तथा कार्यक्रममा समावेश गर्ने निर्णयका लागि पेश भएको सुझावः

यस कागेश्वरी मनोहरा नगर कार्यपालिकाको मिति २०७४।३।१५ गते बसेको वैठकको निर्णय बमोजिम गठित यस समितिले आगामी आ.व. २०७४/०७५ का लागि नगर सभामा पेश हुने नीति, बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने विषय नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम १५ को उपनियम (१) संग सम्बन्धित रही प्रस्तुत गरिएको छ ।

- **अल्पकालिन तथा दिर्घकालिन नीति, योजना र कार्यक्रम सञ्चालनसंग सम्बन्धित रही**

**अल्पकालिन**

- साविक आ.व. ०७३/७४ बाट जिम्मेवारी सरी आएका वार्षिक कार्यक्रमको कार्यान्वयन
- सालवसाली वडामा माग भएका योजना समावेशमा प्राथमिकता
- सञ्चालनमा रहेका योजनाको आवधिक वार्षिक मर्मत ।

**दिर्घकालिन**

- आधुनिक वस्ती विकास
- घना वस्तीमा ढलको व्यवस्था
- शुद्ध तथा प्रशोधित पानीको वितरण
- गुणस्तरीय प्राविधिक शिक्षा
- स्वास्थ्यमा सबैको पहुँच
- नगरभित्रका सडकको विस्तार र स्तरोन्नती

**२. उध्योग, वाणिज्य, श्रम, रोजगार बजार व्यवस्थापनका लागि**

- प्रदुषण गर्ने उध्योगलाई क्रमश विस्तापित गर्ने र नयाँ स्थापनाको स्वीकृती नदिने
- पर्यावरणमा असर नपुग्ने, ध्वनी तथा वातावरण प्रदुषण नगर्ने उध्योग स्थापनाका लागि निश्चित क्षेत्र तोकि प्राथमिकता दिने ।
- उध्योग व्यवसाय दर्ता, नविकरण र करको दायरामा ल्याउने
- बालश्रममुक्त श्रम क्षेत्र र उत्तरदायी श्रमिक र जिम्मेवार व्यवसायीमैत्री उध्योग व्यवसाय
- सुविधा सम्पन्न आधुनिक बजारको व्यवस्थापन ।

३. यो नगरपालिकाको आधा भाग तिव्र शहरीकरणभित्र र आधा भाग कृषि र पशुपन्छि व्यवसायमा क्रियाशिल देखिन्छ । विकासमा सन्तुलन नहुनु, राज्यबाट प्राप्त हुने सुविधामा पर्याप्त पहुँच नपुग्नु जस्ता कारणले

- कृषि सिंचाई र गरिबि निवारण सम्बन्धि कार्यक्रम नभएको
- पर्यटन पूर्वाधार विकास नभएको
- सूचना प्रविधि अपर्याप्तता
- विधुत तथा उर्जासंग सम्बन्धित योजना

४. आ.व. २०७३/०७४ र आगामी आ.व. २०७४/०७५ मा विनियोजित बजेटको आकारका आधारमा हामीले यी नीतिहरुलाई अवलम्बन गरिए विकासका सूचाङ्कहरु आधारभूत रुपमा पहुँच नपुगेका नगरवासीमाझ पुग्न सक्छ ।

**(घ) वातावरण तथा विपद् व्यवस्थापन**

कागेश्वरी मनोहरा नगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन समितिद्धारा नगर सभामा आ.व. २०७४/०७५ को बजेट, नीति तथा कार्यक्रममा समावेश गर्न निर्णयका लागि पेश भएको सुझावः

यस कागेश्वरी मनोहरा नगर कार्यपालिकाको मिति २०७४।३।१५ गते बसेको वैठकको निर्णय बमोजिम गठित यस समितिले आगामी आ.व. २०७४/०७५ का लागि नगर सभामा पेश हुने नीति, बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने विषय नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम १५ को उपनियम (१) संग सम्बन्धित रही प्रस्तुत गरिएको छ ।

यो अवधारणाले नेपालको संविधान २०७२ र स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्वन्धी आदेश २०७४ को अधिनमा रही नगर क्षेत्रमा हरियाली प्रवर्द्धन गर्ने, विपद् व्यवस्थापन गर्ने, सफा सुन्दर नगर बनाउन फोहरमैला व्यवस्थापन गर्ने र सूशासनको वातावरण बनाउने रणनीति, योजना तथा कार्यक्रमहरुलाई अभियानको रुपमा कार्यान्वयन गर्न मार्ग निर्देशन गर्ने छ ।

यस नगर क्षेत्रमा रहेका वन, वातावरण, फोहरमैला तथा विपद् व्यवस्थापन, जमिन र जलाधार क्षेत्रको संरक्षण, सम्वर्द्धन र समुचित सदुपयोग गरी नगर क्षेत्रलाई सदैव स्वच्छ, सफा र हराभरा बनाई वातावरण संरक्षण गर्नु स्थानीय सरकारको एक प्रमूख दायित्व रहेको छ ।

**१. हाम्रा लक्ष्यहरुः**

- नगर क्षेत्रमा हरियाली प्रवर्द्धन गरी वातावरणीय सेवा सुविधा उपलवध
- फोहरमैला व्यवस्थापन गरी सफा, स्वच्छ नगरको सौन्दर्यता अभिबृद्धी
- जोखिम न्युनिकरण गर्न नीति, कानून, मापदण्ड बनाई कार्यान्वयन र नियमन
- सार्वजनिक जमिन, खोला किनारा, सडक किनारा, धार्मिक तथा पर्यटकीय स्थल वरपर रुख विरुवा रोपण र सो को व्यवस्थापन गरी भू-संरक्षण एवं जमिनको समुचित सदुपयोग ।

**२. महत्व/आवश्यकताः**

- मानिस तथा अन्य जीव जन्तुलाई अत्यावश्यक प्राणवायु अक्सिजन बृद्धी गर्न र वायु प्रदुषण न्यूनीकरण

- सामुदायीक वनबाट प्राकृतिक सौन्दर्य र सुन्दरता वृद्दि गरी आन्तरीक तथा बाह्य पर्यटनको नगर क्षेत्रमा आगमन
- नगर क्षेत्रमा हरीयाली वृद्दि गरी भु-संरक्षण तथा वाताबरण संरक्षणमा योगदान
- विपत जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरुको पहिचान र स्थानान्तरण गरी जोखीम न्युनिकरण
- प्राकृतीक प्रकोपको रोकथाम गर्न विपद् व्यवस्थापन कोषको स्थापना गरि स्रोत साधनको परिचालन
- बारुणयन्त्र तथा एम्बुलेस सन्चालन र व्यवस्थापन
- फोहोरमैला न्युनिकरण पूनः प्रयोग र प्रसोधन गरी स्वच्छ, सफा हराभरा नगर

**३. रणनीति**

- नगर/वडा भित्रका सामुदायिक वन, कबुलियत वन, धार्मिक तथा पर्यटकिय स्थलहरुमा समुदायको सहयोग र सभभागितामा रुख विरुवा रोपण, स्याहार संभार र व्यवस्थापन
- सार्वजनिक जमिनमा विरुवा रोपण गरी सामुदायिक उद्यान, वनस्पति उद्यान, खुल्ला क्षेत्र खेल स्थलको रुपमा विकास
- नदि/खहरे किनारा तथा सडक किनारामा विशेष उमेर/उचाईका विरुवा रोपण गरी भू-संरक्षण तथा सौन्दर्यकरण
- एक घर एक विरुवा रोप्ने कार्य घर नक्शा स्वीकृत गर्दा अनिवार्य रुपमा लागु
- नेपाल रेडक्रस सोसाइटीको विपद् व्यवस्थापन ईकाइसंग समन्वय
- नदि/खहरेहरुमा तटवन्ध गरी नदि नियन्त्रण
- विपद् व्यवस्थापन कोषको स्थापना तथा संचालन र स्रोत साधनको परिचालन
- फोहोर संलकन, पुनः प्रयोग, प्रशोधन, विसर्जन र व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइट व्यवस्थापन ।

**४. बजेट तथा नीति कार्यक्रममा समावेश गरी लैजानु पर्ने**

- नगरभित्रका विद्यामान सामुदायिक वन तथा कबुलियति वनलाई शहरी वन वा फनपार्कको अवधारणाका साथ सौन्दर्य एवं मनोरम क्षेत्रको रुपमा विकासका साथै सामुदायिक वनलाई आयमूलक बनाउन अदुवा, अम्रिसो, वेसार लगायतका वालीहरु र डालेघाँसका रुखहरु रोपी रुखहरुको प्रवर्द्धन
- धार्मिक, साँस्कृतिक महत्वका विरुवा वरपिपल, समी, पारिजात, बुद्धचित्त, रुद्राक्ष, देवदार आदिको पर्वद्धन
- सार्वजनिक जमिन नदिको रेखाङ्कन र सिमाङ्कन गरी खुल्ला क्षेत्र, खेलमैदान, बालउद्यान, जेष्ठ नागरिक रियाज पार्क, वनस्पति उद्यान वा पिकनिक क्षेत्रको रुपमा विकास
- विपद् न्यूनिकरण तथा व्यवस्थापनका लागि जनचेतनामूलक कार्यक्रम संचालन
- खनिज पदार्थ (कोइला, वालुवा, ढुंगा आदि) निकाल्ने कार्यको नियन्त्रण र नियमन
- भू-संरक्षण कार्यको लागि स्रोत र साधनको परिचालन

- घर-घरबाट निस्कने फोहोरको व्यवस्थापन गरी फोहोरलाई मोहोरमा परिणत गर्न संघ/संस्था, स्वास्थ्य स्वयंसेविकाहरु तथा जनपरिचालन
- वारुणयन्त्र तथा एम्बुलेन्स सेवा प्रदान
- उपत्यका विकास प्राधिकरणले बनाएको मास्टर प्लान वमोजिम भू-नीति तयार ।

**५. कार्यान्वयन प्रक्रिया**

- नगर हरियाली प्रवर्द्धन कार्ययोजना तयार गरी कार्यान्वयन

६. वन वा बागवानी प्राविधिकको सहयोग लिई विरुवाको प्रजाति, परिणाम, उचाई, बारबेर तरिका र स्याहार संभार प्रक्रियाको आधारमा वृक्षारोपण

७. वृक्षारोपण, संरक्षण स्याहार र संभार कार्यविधि तयार गरी लागु

८. विपद् सम्बन्धी तथ्याङ्क संकलन गरी अध्ययन अनुसन्धान र व्यवस्थापन

९. यस नगरपालिकाभित्र बसोबास गर्ने सेवाग्राहीहरुलाई वातावरण विपद् तथा फोहोरमैला सम्बन्धी सूचना दिने व्यवस्था

### (ङ) संस्थागत विकास सेवा प्रवाह र सुशासन

सार्वजनिक सेवा तथा क्षमता विकास समितिद्धारा नगर सभामा आ.व. २०७४/०७५ को बजेट, नीति तथा कार्यक्रममा समावेश गर्न निर्णयका लागि पेश भएको सुझावः

यस कागेश्वरी मनोहरा नगर कार्यपालिकाको मिति २०७४।३।१५ गते बसेको वैठकको निर्णय बमोजिम गठित यस समितिले आगामी आ.व. २०७४/०७५ का लागि नगर सभामा पेश हुने नीति, बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने विषय नगर कार्यपाललिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम १५ को उपनियम (१) संग सम्बन्धित रही प्रस्तुत गरिएको छ ।

१. **संगठन संरचना, दरबन्दी र कार्यविवरणः-** नेपाल सरकाले २०७१ मार्ग १६ गते गठन गरेको यो नगरपालिकामा साविकका ६ वटा गा.वि.स.हरु गागलफेदी, आलापोट, भद्रबास, डाँछी, मूलपानी र गोठाटार समावेश भएका छन् । ति गा.वि.स.मा स्थायी, अस्थाई र करार सेवामा कार्यरत कर्मचारीहरु, नेपाल सरकारबाट पठाइएका कार्यकारी अधिकृत, लेखा अधिकृत, र तत्कालिन गा.वि.स.सचिवसहितको जम्मा कर्मचारी संख्या ३४ जना, नगरपालिकाको वडाको संख्या १३ रहेकोमा साविकका ६ वटा गा.वि.स.लाई नै वडा कार्यालय कायम गरी वडा नं. १ र २ गागल, वडा नं. ३ आलापोट, वडा नं. ४ भद्रबास, वडा नं. ५, ६ र ७ डाँछी, वडा नं. ८, ९ र १० मूलपानी र वडा नं. ११, १२ र १३ गोठाटार कायम गरी गा.वि.स.मा रहेका गा.वि.स. सहायकलाई वडा सचिवको जिम्मेवारी दिई कार्यालय सञ्चालन भई नगरवासीको काम सम्पादन गरिएकोमा पुनः नेपाल सरकारले नगरको वडा विस्तार गरी १६ वडा कायम भएपछि पनि साविक बमोजिम नै काम भएकोमा नेपालको संविधान २०७२ पारित भएपछि संविधानमा व्यवस्था भए बमोजिम स्थानीय निकायबाट स्थानीय तह (सरकार) कायम भै वडाको संख्या ९ कायम भै, भएको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधि भएको स्थानीय तह बनेको यो अवस्थामाः
   - जनसंख्या र भूगोललाई आधार मानी गठित वडा कार्यालयमा दरवन्दी कायम गर्ने,
   - सम्बन्धित वडामा प्रशासन, लेखा र प्राविधिक सहितको जनशक्ति भएको संरचना बनाउने,
   - समायोजन भै आउने कर्मचारीलाई निजको साविकको कार्यक्षेत्र कै आधारमा जिम्मेवारी दिने ।

२. **सुशासन र सेवा प्रवाहः-** नगरवासीले आफुले निर्वाचित गरेका जनप्रतिनिधिले सञ्चालन गरेको स्थानीय सरकारबाट आफुले प्राप्त गर्ने सेवा र सुविधा प्रति स्थानीय तह प्रष्ट हुनपर्छ । नगरले नगरबासीबाट प्राप्त गर्ने राजश्व, कर, सेवा शुल्क र केन्द्र सरकारले उपलब्ध गराएको रकम नगरवासीको हितमा पारदर्सी ढंगले खर्च भएको छ/छैन बुझ्ने अधिकार भएको हुँदा सुशासन र सेवा प्रवाहमाः

- मुस्कान सहितको सेवा प्रवाह, सरल रुपले काम सम्पादन गर्ने व्यवस्था,
- विधुतिय माध्यमबाट सरोकारका विषय जति बेला जहाँबाट पनि नागरिकले प्राप्त गर्ने व्यवस्था,
- ई-विलिङ्ग सिस्टम लागु,
- आवश्यकता अनुसार विज्ञहरुको परामर्श,
- कार्यालयको उचित व्यवस्थापन ।

३. **क्षमता विकासः-** नेपालको संविधान २०७२ ले व्यवस्था गरेको स्थानीय तहको काम, कर्तव्य र अधिकारका विषयमा, हिजो स्थानीय निकाय सञ्चालन गरी आएका जनप्रतिनिधीहरु र कर्मचारी विज्ञ छैनन्, यसर्थ स्थानीय सरकार सञ्चालनका लागिः

- कर्मचारी तथा जनप्रतिनिधिहरुलाई जिम्मेवारी बमोजिमको तालिम, परामर्श र पाठ्य सामाग्री व्यवस्था,
- कामको अनुभव आदान-प्रदानका लागि अवलोकन भ्रमणको व्यवस्था,
- कर्मचारीको वृत्ति विकास, सेवाको सुनिश्चितता र काम अनुसारको सुविधाको व्यवस्था,
- योग्य र प्रतिभावान् कर्मचारी छनौटलाई प्राथमिकता, छनौटमा निष्पक्षता, कानून सम्मत निकायको व्यवस्था ।

## ३.६ मुख्य मुख्य आयोजना र क्रियाकलापहरु

कागेश्वरी मनोहरा नगरपालिकाको नगर सभाबाट यस नगरपालिकालाई आवश्यक पर्ने ठुला पूर्वाधारयुक्त आयोजनाहरु संचालनका लागि एकमुष्ट रकम विनियोजन गरिएको छ । ती योजनाहरुको आवश्यक लागत ईष्टिमेट गरी क्रमागत रुपमा यसै वर्षदेखि घनावस्तीमा ढलका कामहरु, नगरभित्र शुध्द प्रशोधित खानेपानी विस्तार, नगरभित्र रहेका महत्वपूर्ण सडकहरुको विस्तार र स्तरोन्नति, सामुदायिक कलेज, स्कुलमा प्राविधिक शिक्षा, नगर स्तरीय अस्पताल संचालन, कागेश्वरी एकिकृत पर्यटन पूर्वाधारको विकास लगायतका योजनामा नगरपालिका केन्द्रित रहनेछ । मुख्य योजनाको DPR तयार गरी क्रमागत योजना लागु गरिनेछ ।

## ३.७ अनुमानित व्यय श्रोत व्यवस्थापन

आगामी आ.व. २०७४/०७५ को व्यय शिर्षकका विवरणहरु अनुसूची १ देखि अनुसूची १० सम्ममा समावेश गरिएको छ ।

## अनुसूची - ११

## विषयगत समितिको विवरण

**राजश्व परामर्श समिति**

(१) नगर उप-प्रमुख विन्दु पुडासैनी सिंखडा - संयोजक
(२) कार्यकारी अधिकृत मनिता श्रेष्ठ - सदस्य
(३) नगर कार्यपालिका सदस्य कला घिमिरे - सदस्य
(४) नगर कार्यपालिका सदस्य राजाराम पुडासैनी - सदस्य
(५) स्थानीय उध्योग वाणिज्य प्रतिनिधि अच्चुतम के.सि. - सदस्य
(६) स्थानीय चेम्बर अफ कमर्शका प्रतिनिधि विनय पण्डित - सदस्य
(७) नगर कार्यपालिका लेखा अधिकृत गणेशप्रसाद गुरागाँई - सदस्य सचिव

**श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति**

(क) नगर प्रमुख कृष्णहरि थापा - संयोजक
(ख) नगर उप-प्रमुख विन्दु पुडासैनी सिंखडा - सदस्य
(ग) कार्यकारी अधिकृत मनिता श्रेष्ठ - सदस्य
(घ) दलित दिलकुमार विसुङ्खे - सदस्य
(ङ) कमला दाहाल - सदस्य
(च) विन्दा चाम्लिङ्ग राई - सदस्य
(छ) लेखा/योजना गणेशप्रसाद गुरागाँई - सदस्य सचिव

**वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समिति**

(क) नगर उप-प्रमुख विन्दु पुडासैनी सिंखडा - संयोजक
(ख) मकुन्द गजुरेल सार्वजनिक सेवा तथा क्षमता विकास समिति - सदस्य
(ग) प्रकाश फुयाल आर्थिक विकास समिति - सदस्य
(घ) जीवन थापा सामाजिक विकास समिति - सदस्य
(ङ) श्री कृष्ण प्रसाद चापागाईं पूर्वाधार विकास समिति - सदस्य
(च) राममणी पुडासैनी बातावरण तथा विपद् व्यवस्थापन समिति - सदस्य
(छ) कुन्दन खड्का विधायक समिति - सदस्य
(ज) नगर कार्यपालिकाको कार्यकारी अधिकृत मनिता श्रेष्ठ - सदस्य सचिव

**विधायक समिति**

(क) संयोजक - राजाराम पुडासैनी

(ख) सदस्य - कुन्दन खड्का

(ग) सदस्य - सारा पुर्कुटी

(घ) सदस्य - रिता पुडासैनी

(ङ) सदस्य - सुदर्शन धिमाल

(च) सदस्य सचिव - रामेश्वर दाहाल

**<u>सार्वजनिक सेवा तथा क्षमता विकास समिति</u>**

(क) संयोजक - मकुन्द प्रसाद गजुरेल

(ख) सदस्य - सुनिल कुईकेल

(ग) सदस्य - भाईकाजी अधिकारी

(घ) सदस्य - मथुरा चापागाई

(ङ) सदस्य - गोमा विसुंखे रोक्का

(च) सदस्य सचिव - रामेश्वर दाहाल

**<u>सामाजिक विकास समिति</u>**

(क) संयोजक - जीवन थापा

(ख) सदस्य - उमेश अधिकारी

(ग) सदस्य - विना थापा

(घ) सदस्य - शर्मिला थापा कार्की

(ङ) सदस्य - राजकुमार वि.क.

(च) सदस्य सचिव - निरञ्जन पुडासैनी

**<u>पूर्वाधार विकास समिति</u>**

(क) संयोजक - श्री कृष्ण प्रसाद चापागाई

(ख) सदस्य - रामहरी गोतामे

(ग) सदस्य - मधु घोरासाइनी

(घ) सदस्य - शान्ता विशुंखे

(ङ) सदस्य सचिव - श्रीराम चौलागाईं

**<u>आर्थिक विकास समिति</u>**

(क) संयोजक - प्रकाश फुयाल

(ख) सदस्य - रामेश्वर घिमिरे

(ग) सदस्य - कपिल खनाल

(घ) सदस्य - रामप्यारी नगरकोटी

(ङ) सदस्य - रमा ढकाल

(च) सदस्य सचिव - गणेशप्रसाद गुराँगाईं

**<u>विपद् व्यवस्थापन समिति</u>**

| | | |
|---|---|---|
| (क) | संयोजक - | राममणी पुडासैनी |
| (ख) | सदस्य - | दल बहादुर तामाङ |
| (ग) | सदस्य - | शिवराम बस्नेत |
| (घ) | सदस्य - | सुस्मा मिजार |
| (ङ) | सदस्य - | बबिता कुईकेल |
| (च) | सदस्य सचिव - | सरोज ठकुरी |

**<u>लेखा समिति</u>**

| | | |
|---|---|---|
| (क) | संयोजक - | सुदर्शन धिमाल |
| (ख) | सदस्य - | डोलनाथ पोखरेल |
| (ग) | सदस्य - | सुन कुमार नगरकोटी |

**<u>न्यायिक समिति</u>**

| | | |
|---|---|---|
| (क) | संयोजक | नगर उपप्रमुख श्री विन्दु पुडासैनी सिम्खडा |
| (ख) | सदस्य | राजाराम पुडासैनी |
| (ग) | सदस्य | अष्टलाल श्रेष्ठ |

# स्थानीय तहको आर्थिक ऐन २०७४

**कागेश्वरी मनोहरा नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** कागेश्वरी मनोहरा नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम कागेश्वरी मनोहरा नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति करः** नगरपालिका क्षेत्रभित्र अनसूचि (१) बमोजिम घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर बहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरञ्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ र तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग, कोयोडिक, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लाएर र न्याफ्टिङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोडिक, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लाएर र न्याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

१७. **जरिवानाः** कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रभित्र निषेध गरिएका सवारीसाधन पार्किङ्ग वा व्यापार व्यवसाय वा फोहोर मैला गर्ने**,** प्रचलित कानुन विपरितका कार्य गर्नेलाई तोकिए बमोजिमको जरिवाना गर्ने छ ।

१८. **अन्य व्यवस्थाः** नगरपालिकाको विषयगत शाखा, वडा तथा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहिले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासंग आवद्ध गरि अनिवार्य अशुल उपर गरि सेवा प्रवाह गर्नु पर्ने छ तर नागरिकताको सिफारिस तथा व्यक्तिगत घटना दर्ता गर्दा, सेवा प्रवाह गर्दा बाधा पुगेको मान्ने छैन ।

१९. **यसै ऐन बमोजिम भएको मान्नेः** यी ऐन जारी हुन अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

२०. **नियम वा कार्यविधि बनाउन सक्नेः** नगर कार्यपालिकाले यस ऐन मा भएका व्यवस्थालाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्ने छ ।

२१. **खारेजीः** साविकमा नगरपालिकाले लागु गर्दै आएका व्यवस्थाहरु यस ऐन संग प्रतिकुल देखिएमा प्रतिकुल भएको हद सम्म खारेज हुने छ ।

## अनुसूची - १

दफा २ संग सम्बन्धित

घरको बनौटका आधारमा घरको मूल्याङ्कन दर

| क्र.सं. | घरको बनोटको वर्गिकरण | प्रति वर्ग फिट | ह्रास कट्टी प्रतिशतमा (प्रति वर्ष) | कट्टी गर्ने जम्मा वर्ष | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | भित्र काँचो बाहिर ईट्टामा माटोको जोडाइ भएका सबै किसिमका घर र काठैकाठबाट बनेको घर | ५०० | ३ | २५ | |
| २ | भित्र बाहिर पाको ईट्टा वा ढुंगामा माटोको जोडाई भएका सबै किसिमका घर | ६०० | २ | ३० | |
| ३ | भित्र बाहिर पाको ईट्टामा सिमनेट छाना ढलान वा बज्रको जोडाइ भएका सबै किसिमका घर | ९०० | १ | ७० | |
| ४ | आर.सि.सि. फ्रेम स्ट्रक्चरबाट बनेका घर | १५०० | ०.७५ | १०० | |
| ५ | स्टील फ्रेम स्टक्चर, फ्रेविङ, ट्रस, फाइबर वा यस्तै संरचना प्रिफेक्स घर व्यवसायी | ८०० | ०.७५ | १०० | |
| ६ | स्टील फ्रेम स्टक्चर, फ्रेविङ, ट्रस, फाइबर वा यस्तै संरचना प्रिफेक्स घर आवासीय | ६०० | ०.७५ | १०० | |
| ७ | स्टील फ्रेम स्टक्चर, आर.सि.सि. फ्रेम स्ट्रक्चरबाट बनेका घर हाउजिङ्ग तथा अपर्टमेन्ट | २५०० | ०.७५ | १०० | |

**घरजग्गाको करको मूल्याङ्कन दर**

| क्र.सं. | घर जग्गा मुल्य | करको दर | कैफियत |
|---|---|---|---|
| १ | पहिलो १० लाखसम्म | कर नलाग्ने | प्रत्येक वर्षका लागि प्रत्येक घरको वार्षिक रु.२०० विपद् व्यवस्थापन शुल्क वापत थप लाग्नेछ । |
| २ | त्यस पछिको थप १० लाखसम्म | ३०० (एकमुष्ट) | |
| ३ | त्यस पछिको थप ३० लाखसम्म | ०.०५ % | |
| ४ | त्यस पछिको थप ५० लाखसम्म | ०.१० % | |
| ५ | त्यस पछिको थप १ करोडसम्म | ०.२५ % | |
| ६ | त्यस पछिको थप बाँकी | ०.५०% | |

यसमा व्यवस्था भएको मुल्याङ्कन दर यसै बमोजिम र गत आ.व.हरुको हकमा समेत यसै मुल्याङ्कन दरको आधारमा कर निर्धारण गरिनेछ ।

आ.व. २०७४/०७५ को असोज मसान्तसम्म कर दाखिला गर्ने करदाताहरुलाई आ.व. २०७४/०७५ को हकमा मात्र लाग्ने कर रकममा १० (दश) प्रतिशत छुट गरिनेछ ।

१. कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रभित्र एक व्यक्तिका नाममा दर्ता कायम रहेका घर तथा जग्गाहरुलाई एक युनिट मानि कर निर्धारण गरिनेछ ।
२. घर जग्गा मूल्याङ्कनको लागि घर जग्गाको क्षेत्रफल आवसीय प्रयोजनका लागि घरजग्गा कर निर्धारणमा समावेश गर्ने, घरले चर्चेको क्षेत्रफल FAR अनुसार घर जग्गा कर लिने र व्यवसायिक प्रयोजनका लागि FAR को दुई गुणा सम्मको जग्गा मात्र मूल्याङ्कनमा समावेश गरी कर निर्धारण गरिनेछ ।
३. जुनसुकै प्रकारले हक हस्तान्तरण हुँदा मालपोत कार्यालयले गरेको मुल्याङ्कनलाई कायम गरी आएको लिखतको आधारलाई नै मानी नगर सभाबाट स्वीकृत भएको दरको आधारमा मात्र घरजग्गाको मूल्याङ्कन गरि कर निर्धारण गरिनेछ ।
४. अपार्टमेन्टको हकमा १००० वर्गफिटसम्म रु. १०००।-, १००१ वर्गफिट देखि २००० वर्गफिट सम्म रु. २०००।- र सो भन्दा माथि जतिसुकै वर्गफिट भएपनि प्रति अपार्टमेन्ट रु. ३०००।- का दरले घर जग्गा कर निर्धारण गरी लगाउने निर्णय गरियो ।

**५. <u>जग्गाको मुल्यमा निम्नानुसारछुट हुनेछ</u>**

क. सडकले नछोएका, एक दशमलव पाँच मिटरसम्म चौडा बाटोले छोएका भवन, घर, टहरा वा जुनसुकै भौतिक संरचना रहेको जग्गाको मुल्यमा दश प्रतिशत छुट हुनेछ ।
ख. एक दशमलव पाँच मिटरदेखि चार मीटरसम्म चौडा बाटोले छोएको भवन, घर, टहरा वा जुनसुकै भौतिक संरचना रहेको जग्गाको मुल्यमा पाँच प्रतिशत छुट हुनेछ ।
ग. चार मीटरदेखि आठ मीटरसम्म चौडा बाटोले छोएको भवन, घर, टहरा वा जुनसुकै भौतिक संरचना रहेको जग्गाको मुल्यमा पाँच प्रतिशत छुट हुनेछ ।
घ. आठ मिटरदेखि माथि जतिसुकै चौडा बाटोले छोएका भवन, घर, टहरा वा जुनसुकै भौतिक संरचना रहेको जग्गाको मुल्यमा छुट हुनेछैन ।

६. भवन निर्माणको स्थलगत अवस्थालाई आधार मानी घरजग्गा कर निर्धारण गरिनेछ। घरजग्गा कर निर्धारण गर्दा निम्न बमोजिमको कागजात संलग्न गर्नु पर्नेछः-

५.१ ज.ध. प्रमाणपुर्जा, भवनको नक्सा, नागरिकता, नापी नक्शाका प्रतिलिपिहरु र
५.२ अन्य आवश्यक ठानिएका सम्बन्धित कागजातहरु ।

## अनुसूची - २

| सि.नं | आम्दानीको शिर्षक | आम्दानी संकेत नं. | करका दर | कैफियत |
|---|---|---|---|---|
| ❖ | **मालपोत तथा भूमीकर** | **१.१.१** | | |
| क. | वडा नं. १ र २ को पाखो वारी | | प्रति रोपनी रु. २५।०० | |
| ख. | धान खेत बारी १ रोपनी भन्दा | | प्रति रोपनी रु. | |

| | | | | |
|---|---|---|---|---|
| | माथि | | ११०।०० | |
| ग. | आवासीय | | प्रति आना रु. १०।०० | |
| घ. | व्यवसायीक | | प्रति आना रु. १५।०० | |

## अनुसूची - ३

| सि.नं | आम्दानीको शिर्षक | आम्दानी संकेत नं. | करका दर | कैफियत |
|---|---|---|---|---|
| **१.** | **घर, जग्गा वहाल कर** | **१.१.४** | **वहाल रकमको २ प्रतिशत** | |

## अनुसूची - ४/क

अनुसूची ४/क मा समावेश भएका व्यवसाय करका दस्तुरमा नविकरण शुल्क, दर्ता शुल्कमा ५० प्रतिशत कायम गरिएको छ ।

| सि.नं | आम्दानीको शिर्षक | आम्दानी संकेत नं. | दर्ता शुल्क | कैफियत |
|---|---|---|---|---|
| ❖ | **व्यवसाय कर** | **१.१.५** | | |
| ❖ | व्यापारीक वस्तु | | | |
| ❖ | चुरोट रक्सी ज्वेलरी भिडियो क्यासेट रेकर्ड तथा प्लेयर आदिको थोक तथा खुद्रा व्यापार | | | |
| क. | चुरोट डिस्टिलरी ज्वलरी उत्पादन | | १५०००।०० | |
| ख. | ब्रुअरी हल्का पेय एजेन्सी | | ७०००।०० | |
| ग. | मदिरा चुरोट एजेन्सी | | ७०००।०० | |
| घ. | स्वदेशी तथा विदेशी मदिरा विक्री | | ५०००।०० | |
| ङ. | सुन चाँदी पसल ज्वेलरी सप (रु. १० लाख सम्मको पुँजीमा) | | ५०००।०० | |
| च. | सुन चाँदी पसल ज्वेलरी सप (रु. १० लाख भन्दा माथिको पुँजीमा) | | १५०००।०० | |
| छ. | भिडियो क्यासेट सी डी पसल | | १०००।०० | |
| ज. | पत्थर मुगा व्यापार सुन चाँदीको जलप लगाएका गरगहना | | १०००।०० | |
| ❖ | निर्माण सामाग्री कम्पयूटर विध्धुत सामान क्यामेरा टेलिभिजन रेडियो कार्पेट धातुका सामान पेट्रोलियम पदार्थ जस्ता वस्तुको थोक तथा खुद्रा बिक्री गर्ने तथा मर्मत | | | |
| क. | टेलिभिजन, रेडियो, हिटर, फ्रिज, क्यामेरा, वासिङ मेशिन आदि एजेन्सी सप्लायर्स ईलेक्ट्रोनिक्स | | ५०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | सामान | | | |
| ख. | फ्रिज क्यामेरा वासिङ मेशिन टेलिभिजन हिटर मध्ये कुनै एक प्रकारको मात्र पसल तथा साधारण ईलेक्ट्रोनिक्स पसल ओभन ग्राण्डर टोस्टर आदि बिक्री गर्ने | | ३०००।०० | |
| ग. | ईलेक्ट्रोनिक्स सामान सप्लायर्स एजेन्सी | | ३०००।०० | |
| घ. | ईलेक्ट्रोनिक्स सामान (विजुलीको सामान) | | ३०००।०० | |
| ङ. | साउण्ड माईक स्पीकर पसल, भाडामा दिने, वाईल्डीङ गर्ने | | ३०००।०० | |
| च. | कम्प्यूटर बिक्री/एसेम्व्लीङ कम्पनी | | ३५००।०० | |
| ❖ | रेडियो टी भी फ्रिज कम्प्यूटर घडी प्रेसर कुकर हिटर टेलिफोन सेट विध्धुत सामाग्री मर्मत तथा बिक्री केन्द्र | | | |
| क. | चश्मा घडी मर्मत तथा बिक्री पसल | | ३०००।०० | |
| ख. | रेडियो ईलेक्ट्रोनिक्स, अडियो क्यासेट, क्यामेरा, हिटर, स्टेवलाईजर मर्मत | | ३०००।०० | |
| ग. | फ्रिज, वासिङ मेशिन, टी भि, कम्प्यूटर मर्मत | | ३०००।०० | |
| घ. | म्यूजिकल सामान वेच्ने/मर्मत | | ३०००।०० | |
| ङ. | स्टोभ, ग्याँस चुल्हो, प्रेसर कुकर मर्मत | | १०००।०० | |
| च. | एक भन्दा बढी लेथ मेशिन सहित सामान मर्मत केन्द्र | | ५०००।०० | |
| ❖ | निर्माण सामाग्री | | | |
| क. | हार्डवेयर/वाथरुमसामान/रंगरोगनसप्लायर्स/ईण्टरप्राईजेज | | १००००।०० | |
| ख. | हार्डवेयर/वाथरुम सामान/ रंगरोगन/पसल | | ५०००।०० | |
| ग. | घरको छानामा वाटर प्रुफिङ गर्ने | | ५०००।०० | |
| घ. | सिसा, भेनिस्ता, ऐना पसल सप्लायर्स | | ५०००।०० | |
| ङ. | सिसा, भेनिस्ता, ऐना पसल/ऐनामा वुट्टा भर्ने | | ५०००।०० | |
| च. | ईटा रोडा वालुवा ढुङ्गा सिमेण्ट डण्डी सप्लायर्स/डिपो | | १५०००।०० | |
| छ. | ह्युमपाईप उध्योग | | २५०००।०० | |
| ज. | कंक्रीट, मार्वल, सिमेण्ट उध्योग | | २५०००।०० | |
| झ. | हार्डवेयर पसल | | १५०००।०० | |
| ञ. | सिमेण्ट झ्याल, पिलर, मूर्ति रिङ उधोग | | ५०००।०० | |
| ट. | आल्मुनियम/फलामे झ्याल/ग्रिल/सोलार उध्योग | | १००००।०० | |
| ठ. | आल्मुनियम/फलामे झ्याल/ग्रिल/सोलार पसल | | ५०००।०० | |
| ड. | ब्लक ,मोज्याक टायल, ब्लक मूर्ती उत्पादन गर्ने उधोग | | १००००।०० | |
| ढ. | ताला साँचो बनाउने तथा मर्मत | | १५००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ण. | जस्ताको बक्स बनाउने तथा बिक्री मर्मत | | २०००।०० | |
| त. | प्लाष्टिकको सामान पसल ठुलो/सप्लायर्स | | ५०००।०० | |
| थ. | प्लाष्टिकको सामान पसल सानो | | १०००।०० | |
| ❖ | फर्निचर तथा फ्लोरिङ | | | |
| क. | समील व्यवसाय/झ्याल ढोका बनाउने काठ दाउरा गोदाम/पसल | | १५०००।०० | |
| ख. | फ्लोरिङ तथा फर्निसिङ थोक/खुद्रा सप्लायर्स | | १५०००।०० | |
| ङ. | काठ/स्टिल फर्निचर उध्योग | | १००००।०० | |
| च. | काठ/स्टिल फर्निचर शोरुम | | १००००।०० | |
| छ. | गलैँचा उध्योग ईण्टरप्राईजेज | | १५०००।०० | |
| ज. | गलैँचा बिक्री गर्ने पसल | | ५०००।०० | |
| ❖ | ईन्धन | | | |
| क. | पेट्रोल डिजेल /मोविल पम्प | | १००००।०० | |
| ख. | ग्याँस, मट्टितेल डिपो | | ५०००।०० | |
| ग. | ग्याँस, मट्टितेल खुद्रा विक्री गर्ने | | ५०००।०० | |
| ❖ | हस्तकला | | | |
| क. | कलात्मक मूर्ति/हयाण्डिक्र्याफ्ट उध्योग | | ३०००।०० | |
| ख. | हयाण्डिक्र्याफ्ट आयात निर्यात | | ३०००।०० | |
| ग. | हयाण्डिक्र्याफ्ट सोभिनियर क्यूरियो पसल | | ३०००।०० | |
| घ. | साधारण घरेल/पेपर हयाण्डिक्र्याफ्ट/थांका उध्योग | | ३०००।०० | |
| ङ. | पेपर हयाण्डिक्र्याफ्ट पसल | | ३०००।०० | |
| च. | काठ र ढुंगाको मूर्ति बनाउने र बिक्री गर्ने | | ३०००।०० | |
| छ. | तामा/पित्तल/आल्मुनियम/प्लाष्टिक/स्टिल/भाँडा/किचेन वेयर पसल | | ३०००।०० | |
| ज. | गार्मेन्ट / पश्मिना/ टेक्शटायल उध्योग | | २५०००।०० | |
| झ | गार्मेन्ट / पश्मिना/ स्वीटर पसल | | ५०००।०० | |
| ञ | स्वीटर/ उनीको कच्चासामान बिक्री | | ३०००।०० | |
| ट | जनसेवा | | १०००।०० | |
| ❖ | धारा विजुली रंङ्ग काठ डकर्मी मिस्त्री आपूर्ति गर्ने | | | |
| क | जनसेवा(बिलहरु भूक्तानी, ड्राईभिङ्ग लाईसेन्स, सवारी साधन दर्ता नविकरण नामसारी आदी सम्पूर्ण सेवाहरु) | | १०००।०० | |
| ❖ | दैनिक उपभोगका खध्य पदार्थ सूती कपडा आदीको थोक तथा खद्रा व्यापार | | | |
| क | किराना / खध्यान्न पसल | | २०००।०० | |
| ख | खाध्यान्नको थोक बिक्री गर्ने/ वितरक | | २०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ग | पाँउ बनाउने तथा बिक्रि गर्ने | | १०००।०० | |
| घ | गोल्फुकी दालमोठ चिफ्स अचार उध्योग | | १०००।०० | |
| ङ | गोल्फुकी दालमोठ चिफ्स अचार पसल | | १०००।०० | |
| च | अगरबत्ती उध्योग | | १०००।०० | |
| छ | फलफुल तरकारी सोडापानी पान पसल | | १०००।०० | |
| ज | फलफूल पसल जुस सहित र खानेपानी खुद्रा पसल | | १०००।०० | |
| झ | खानेपानी ढुवानी सेवा/ मिनरलवाटर वितरक / एजेन्सी | | १०००।०० | |
| ❖ | विशेषज्ञ, परामर्श सेवा तथा अन्य व्यवसायिक सेवा | | | |
| क. | डाक्टर | | २०००।०० | |
| ख. | कम्पाउण्डर | | १०००।०० | |
| ग. | कविराज | | १०००।०० | |
| १ | ईन्जिनियर क | | १५००।०० | |
| क. | ईन्जिनियर ख | | १०००।०० | |
| ख. | कानून व्यवसायिक क | | २०००।०० | |
| | कानुन व्यवसायिक ख | | १०००।०० | |
| ११ | लेखापरिक्षक | | | |
| क. | क वर्ग | | ५०००।०० | |
| ख. | ख वर्ग | | ३०००।०० | |
| ग. | ग वर्ग | | २०००।०० | |
| घ. | घ वर्ग | | १५००।०० | |
| ङ. | दन्त चिकीत्सक | | २०००।०० | |
| च. | अनुसन्धानकर्ता तथा परामर्श सेवा | | २०००।०० | |
| छ. | कम्पूटर एनालिष्ट प्रोगामर | | ३०००।०० | |
| ज. | बीमा एजेण्ट | | ३०००।०० | |
| झ. | सर्भेयर | | ३०००।०० | |
| ञ. | अनुवादक | | १०००।०० | |
| ट. | पशु चिकित्सक | | १०००।०० | |
| ठ. | शेयर ब्रोकर | | २०००।०० | |
| ❖ | सामान ढुवानीकर्ता तथा कम्पनी | | | |
| क. | वाह्य | | ३०००।०० | |
| ख. | आन्तरिक | | २०००।०० | |
| ग. | एयर कार्गो | | ४०००।०० | |
| ❖ | निर्माण व्यवशाय | | | |
| क. | क वर्ग | | १५०००।०० | |
| ख. | ख वर्ग | | १००००।०० | |
| ग. | ग वर्ग | | ५०००।०० | |
| घ. | घ वर्ग | | ४०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ❖ | उत्पादन मुलक उध्योग | | | |
| | कोरा माल वा अर्ध प्रशोधित माल खेर गईरहेका माल सामानको उध्योग वा प्रशोधन गरि मालसामान उत्पादन गर्ने उध्योग | | | |
| ❖ | व्यवसायमा | | | |
| क | उध्योग प्लाष्टिक पाईप उत्पादन गर्ने उधोग | | रु. २००००।०० | |
| | उनी धागो रगंरोगन डाईङ्गि उधोग | | रु. २००००।०० | |
| | कार्डीङ्ग उधोग | | रु. २००००।०० | |
| | चक्लेट तथा लेज उधोग | | रु. २००००।०० | |
| ख | व्यवसाय | | | |
| ❖ | उर्जामूलक उध्योग | | | |
| क | जलश्रोत वायु सौर्य शक्ति कोईला प्राकृतिक तेल ग्याँस वायोग्याँस तथा अन्य श्रोतबाट उर्जा पैदा गर्ने उध्योग तथा व्यवसाय | | रु. १००००।०० | |
| ❖ | कृषि तथा वन जन्य उध्योग | | | |
| क | कृषि व्यवसाय (तरकारी, फलफूल माछा, मौरीपालन कुखुरापालन, गाईफर्म बाख्राफर्म,) आदि उध्योग | | रु. ५०००।०० | |
| ख | कृषि व्यवसाय (तरकारी, फलफूल माछा, मौरीपालन कुखुरापालन, गाईफर्म बाख्राफर्म, बंगुरपालन) आदि व्यापार | | रु. ३०००।०० | |
| ❖ | खनिज उध्योग | | | |
| ❖ | माटो ढ्ङ्गा खानी दर्ता नबिकरण दस्तुर | | रु. २००००।०० | |
| ❖ | बालुवा प्रशोधन उधोग दर्ता | | रु. २००००।०० | |
| ❖ | पर्यटन व्यवसाय | | | |
| क | पाँचतारे होटल | | रु.३०००००।०० | |
| ख | चारतारे होटल | | रु.२०००००।०० | |
| ग | तीनतारे होटल | | रु.१०००००।०० | |
| घ | दुईतारे होटल | | रु.७५०००।०० | |
| ङ | एकतारे होटल | | रु.५००००।०० | |
| च | एपार्टमेन्ट होटल | | रु. २००००।०० | |
| छ | रेष्टुरेन्ट एण्ड बार, रिसोर्ट तथा दोहोरीसाँझ | | रु. २००००।०० | |
| ज | तन्दुरी फाष्टफूड | | रु. १००००।०० | |
| झ | होटल एण्ड लज | | रु. १००००।०० | |
| ञ | भोजनालय/क्यान्टिन | | रु. २०००।०० | |
| ट | मिठाई पसल ठुलो | | रु. २०००।०० | |
| ठ | चिया मिठाई मःमः खाजा खाने पसल(सानो) | | रु. २०००।०० | |
| ड | गेष्टहाउस/होष्टल | | रु. ५०००।०० | |
| ढ | क्याविन डान्सबार | | रु. १००००।०० | |
| ण | ट्रेकिङ्ग एजेन्सी/ट्रेकिङ्ग सामान पसल | | रु. १००००।०० | |

| | | | | |
|---|---|---|---|---|
| त | ट्राभल एजेन्सी | | रु. १००००।०० | |
| थ | पूलहाउस/स्नूकर | | रु. ५०००।०० | |
| द | सार्वजनिक परिवहन बस व्यवसायी संघ दर्ता | | रु. १५०००।०० | |
| ध | हवाई सेवा | | रु. ५००००।०० | |
| ❖ | निर्माण उध्योग | | | |
| | सडक पूल रोपवे रेलवे ट्रलिबस टनेल फ्पाईङ बृज तथा औधोगिक व्यापारिक एवं आवास कमपेक्स आदि निर्माण गरि सञ्चालन गर्ने व्यवसायमा | | | |
| क | क वर्ग | | रु.२५००००।०० | |
| ख | ख वर्ग | | रु. २००००।०० | |
| ग | ग वर्ग | | रु. १५०००।०० | |
| घ | घ वर्ग | | रु. १००००।०० | |
| ❖ | सञ्चार सेवा | | | |
| क | निजीक्षेत्रको हुलाक सेवा कुरियर सर्भिस | | रु. ३५००।०० | |
| ख | निजी क्षेत्रको टेलिफोन फ्याक्स सेवा फोटोकपी मोवाइल फोन आइ एस डी एस टी डी इमेल इन्टरनेट रेडियो पेजीङ आदि | | रु. २५००।०० | |
| ग | एफ.एम., केवल नेटवर्क कम्यूनिकेशन डिस्ट्रिव्यूटर्स | | रु. १००००।०० | |
| घ | मोबाइल फोन एजेन्ट | | रु. ७०००।०० | |
| ङ | मोबाइल फोन बिक्री तथा मर्मत | | रु. ५०००।०० | |
| च | सिमकार्ड। रिर्चाज कार्ड वितरक | | रु. २०००।०० | |
| छ | मोबाइल फोन मर्मत सम्बन्धि तालिम | | रु. ५०००।०० | |
| ज | सञ्चार टावर निर्माण | | रु. २००००।०० | |
| ❖ | छपाइ तथा प्रकाशन | | | |
| क | एमोनिया प्रिन्ट | | रु. ५०००।०० | |
| ख | फोटोकपी | | रु. १०००।०० | |
| ग | अफसेट प्रेस प्रिन्टिङ्ग प्रेस पत्रपत्रिका प्रकाशन लेटर प्रेस भिजिटिङ्ग कार्ड छाप्ने | | रु. ५०००।०० | |
| घ | अफसेट प्रेस प्रिन्टिङ्ग प्रेस प्रा.लि. | | रु. ५०००।०० | |
| ङ | फ्लेक्स बोर्ड प्रिन्ट | | रु. ५०००।०० | |
| च | ग्राफिक्स डिजाईन | | रु. ५०००।०० | |
| ❖ | वित्तिय सेवा | | | |
| | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको वाहेक आर्थिक कारोवार गर्ने बैंक | | | |
| क | मुख्य कार्यालय/बाणिज्य बैकं | | रु.५००००।०० | |
| ख | शाखा/उपशाखा | | रु. ३५०००।०० | |
| ग | फाइनान्स कम्पनीको बैङ्किङ कारोबार गर्ने मुख्य कार्यालय | | रु. २००००।०० | |
| घ | फाइनान्स कम्पनीको बैङ्किङ कारोबार गर्ने शाखा | | रु. १००००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | कार्यालय | | | |
| ङ | बहुउध्देशिय सहकारी संस्था मुख्य कार्यालय | | रु. १५०००।०० | |
| च | बहुउध्देशिय सहकारी संस्था शाखा कार्यालय | | रु. १००००।०० | |
| छ | बीमा कम्पनी | | रु. १००००।०० | |
| ज | विदेशी मुद्रा सटही काउन्टर धितोपत्र कारोबार | | रु. ५०००।०० | |
| झ | साधारण सहकारी संस्था | | रु. २०००।०० | |
| ञ | ऋण वचत सहकारी संस्था | | रु. ५०००।०० | |
| ❖ | स्वास्थ्य सेवा | | | |
| क | नर्शिङ होम | | २५०००।०० | |
| ख. | सहकारी अस्पताल | | १००००।०० | |
| ग | ल्याब तथा औषधि पसल | | ५०००।०० | |
| घ | ल्याब | | ५०००।०० | |
| ङ | औषधि पसल | | ३०००।०० | |
| च. | जडीबुटी पसल | | रु.१०००।०० | |
| छ. | क्लिनिक डाक्टर भएको | | रु.५०००।०० | |
| ज. | दन्त क्लिनिक | | रु. ५०००।०० | |
| झ. | दाँत बनाउने | | रु. ५०००।०० | |
| ञ. | अस्पताल सामाग्री बिक्री | | रु. १५०००।०० | |
| ट. | जडिबुटी उध्योग | | रु. ५०००।०० | |
| ठ. | हर्वल सामाग्री खरिद बिक्री | | रु. २०००।०० | |
| ड. | प्राकृतिक चिकित्सा केन्द्र आयुर्वेदिक,होमियोप्याथिक क्लिनिक | | रु. २०००।०० | |
| ❖ | शिक्षा सेवा | | | |
| क. | विश्व विध्यालय | | रु.१७०००।०० | |
| ख. | क्यापस | | रु.१५०००।०० | |
| ग. | डिप्लोमा देखिको टेक्निकल कलेज | | रु.१३०००।०० | |
| घ. | उच्च मा. वि. तथा मा. वि. | | रु.११०००।०० | |
| ङ. | नि.मा.वि. | | रु.९०००।०० | |
| च. | प्रा.वि. | | रु.७०००।०० | |
| छ. | पूर्व प्रा. वि. | | रु.५०००।०० | |
| ज. | तालिम तथा अनुसन्धान केन्द्र | | रु.४०००।०० | |
| झ. | प्रशिक्षण तथा ईन्स्टिच्यूट केन्द्र | | रु.२०००।०० | |
| ञ. | कम्प्यूटर प्रशिक्षण केन्द्र | | रु.२०००।०० | |
| ट. | भाषा/टाईपिङ्ग प्रशिक्षण केन्द्र | | रु.२०००।०० | |
| ठ. | ट्यूसन सेन्टर | | रु.२०००।०० | |
| ड. | टिचर्स प्रमोसन/एड कलेक्सन सेन्टर | | रु.५०००।०० | |
| ढ. | ड्राईभिङ्ग,संगित,डान्सतथा व्यूटिपार्लर स्क्याफोल्डिङ्ग आदि तालिम केन्द्र | | रु.५०००।०० | |
| ण. | अन्तराष्ट्रिय गैह्र सरकारी संस्था | | रु.५०००।०० | |
| त. | सामाजिक संघ संस्था, भ्याट दर्ता नभएको | | रु.१०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| थ. | सामाजिक संघ संस्था,भ्याट दर्ता भएको | | रु.१०००।०० | |
| ❖ | यातायात सामाग्री बिक्री तथा मर्मत | | | |
| क. | बस, ट्रक, कार, हेभि ईक्विपमेण्ट मर्मत | | रु.५०००।०० | |
| ख. | सवारी साधनको पार्टपुर्जा पसल | | रु.५०००।०० | |
| ग. | मोटरसाईकल, टेम्पो आदि मर्मत | | रु.५०००।०० | |
| घ. | रिसोलिङ्ग गर्ने कारखाना वा पसल | | रु.५०००।०० | |
| ङ. | मोटर धुने वर्कशप | | रु.५०००।०० | |
| च. | साईकल रिक्सा तथा ठेलागाडा मर्मत पंचट टाल्ने | | रु.५०००।०० | |
| छ. | वेल्डिङ वर्कसप,लेथ मेसिन राखि मर्मत गर्ने | | रु.५०००।०० | |
| ज. | व्याट्री चार्ज | | रु.५०००।०० | |
| झ. | साईकल रिक्सा बेच्ने पसल | | रु.५०००।०० | |
| ❖ | अन्य सेवा | | | |
| क. | विज्ञापन सेवा, मार्केटिङ एजेन्सी | | रु.२०००।०० | |
| ख. | विज्ञापन तथा उत्सव आयोजना/ ईभेण्ट अर्गनाइजेशन | | रु.२०००।०० | |
| ग. | वैदेशिक रोजगार सेवा | | रु.१००००।०० | |
| घ. | स्वदेशी रोजगार सेवा | | रु.१००००।०० | |
| ङ. | सेक्रेटरीयल सर्भिस | | रु.१००००।०० | |
| च. | हाउजिङ कम्पनी तथा घर जग्गा खरिद बिक्री/जग्गा प्लटिङ | | रु.२५०००।०० | |
| छ. | कलर ल्याव | | रु.५०००।०० | |
| ज. | फोटो स्टुडियो | | रु.२०००।०० | |
| झ. | भिडियो ग्राफी | | रु.२०००।०० | |
| ञ. | फोटो ग्राफी, भिडियो ग्राफी | | रु.४०००।०० | |
| ❖ | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको चलचित्र डकुमेण्ट्री छायाँकन | | कर नलाग्ने | |
| क. | चलचित्र छायांकन स्वदेशी | | रु.६०००।०० | |
| ख. | चलचित्र छायांकन विदेशी | | रु.६०००।०० | |
| ग. | डकुमेण्ट्री छायांकन स्वदेशी | | रु.६०००।०० | |
| घ. | डकुमेण्ट्री छायांकन विदेशी | | रु.६०००।०० | |
| ङ | गित छायांकन स्वदेशी | | रु.३०००।०० | |
| च. | गित छायांकन विदेशी | | रु.३०००।०० | |
| छ. | टेलिभिजन च्यानलबाट छायांकन | | रु.३०००।०० | |
| ज. | गित रेकर्डिङ | | रु.३०००।०० | |
| झ. | श्रव्य दृश्य खिच्ने तथा सम्पादन गर्ने | | रु.३०००।०० | |
| ञ. | फोटो तथा फ्रेम पसल | | रु.२०००।०० | |
| ट. | भिडीयो एभ्युजमेण्ट/गेम खेलाउने | | रु.२०००।०० | |
| ठ. | व्यूटीपार्लर/ सैलुन तालिम | | रु.२०००।०० | |
| ड. | व्युटीपार्लर/सैलुन | | रु.२०००।०० | |
| ढ. | कस्मेटिक पसल | | रु.२०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ण. | ड्राईक्लिनर्स | | रु.२०००।०० | |
| त. | आर्टिस एण्ड डिजाईनर | | रु.२०००।०० | |
| थ. | आर्टिष्ट | | रु.२०००।०० | |
| द. | डिजाईन सेन्टर | | रु.२०००।०० | |
| ध. | पशु वधशाला | | रु.५०००।०० | |
| न. | मासु पसल साधारण | | रु.५०००।०० | |
| प. | मासु पसल कोल्ड स्टोर | | रु.५०००।०० | |
| फ. | मासु प्रशोधन गरी बिक्री गर्ने | | रु.५०००।०० | |
| ❖ | अन्य व्यवसाय | | | |
| क. | पार्क पिकनिक स्पट | | रु.२५००।०० | |
| ख. | क्यासिनो | | रु.१०००००।०० | |
| ग. | टुर अप्रेटर | | रु.५०००।०० | |
| घ. | मसाज पार्लर | | रु.२५००।०० | |
| ङ. | सप्लायर्स ईन्टरप्राईजेज/आयात निर्यात/ प्रा. लि. | | रु.१५०००।०० | |
| च. | विशाल बजार/डिपार्मेण्टल स्टोर/सुपर मार्केट ठूलो | | रु.१५०००।०० | |
| छ. | सुपर मार्केट सानो | | रु.५०००।०० | |
| ज. | ग्रोसर/९९ मार्केट/मिनि मार्केट | | रु.५०००।०० | |
| झ. | क्याट्रिङ्ग सर्भिस | | रु.५०००।०० | |
| ञ. | रेण्टल सर्भिस | | रु.५०००।०० | |
| ट. | पार्टी प्यालेस | | रु.५०००।०० | |
| ठ. | फिनिकल फिटनेस | | रु.५०००।०० | |
| ड. | जिम क्लव | | रु.५०००।०० | |
| ढ. | फेसन सम्बन्धि कार्यक्रम गर्ने | | रु.५०००।०० | |
| ण. | मोटर बेच्ने पसल | | रु.५५००।०० | |
| त. | मोटर साईकल एजेन्सी/बेच्ने पसल/रिकण्डिसन सो रुम | | रु.५०००।०० | |
| ❖ | अस्थायी हाटबजार वा घुम्ति पसल | | | |
| | यस अनुसुचिमा अन्यत्र जुनसुकै कुरा लेखिएता पनि अस्थायी हाट बजार वा घुम्ति पसल राखि गरिने देहायको बमोजिमको कर लाग्ने छ। | | | |
| क. | घुम्ति पसल | | रु.५००।००प्रति महिना | |
| ख. | चौपाया प्रति गोटा | | रु.२५।०० प्रति दिन | |
| ग. | हाँस कुखुरा आदि प्रति गोटा | | रु.५।०० प्रति दिन | |
| घ. | साग सब्जी र फलफूल | | रु.५।०० प्रति दिन | |
| ङ. | अन्य | | रु.५।०० प्रति दिन | |
| ❖ | माथिको वर्गिकरणमा नपरेका सेवा व्यवसायको कारोबार हेरी वार्षिक | | रु.१०००।०० देखि रु.५०००।०० सम्म | |
| क. | वेकरी/आइसक्रिम पसल/कन्फेक्सनरी/डेरी उध्योग | | रु.५०००।०० | |
| ख. | वेकरी/आइसक्रिम पसल/कन्फेक्सनरी/डेरी पसल | | रु.२५००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ग. | चाउचाउ उध्योग | | रु.२००००।०० | |
| घ. | चाउचाउ/कन्फेक्सनरी/चिप्स आदि डिष्ट्रिव्युटर्स | | रु.५०००।०० | |
| ङ. | चिया उध्योग | | रु.१००००।०० | |
| च. | मसला उध्योग | | रु.३०००।०० | |
| छ | मसला पिस्ने तथा प्याकिङ्ग गरी बिक्रि गर्ने | | रु.२०००।०० | |
| ज. | पानि तथा बरफ उध्योग | | रु.५०००।०० | |
| झ. | रेडिमेट कपडा पसल ठूलो, सो रुम | | रु. ५०००।०० | |
| ञ. | रेडिमेट कपडा पसल मध्यम/ होल्सेल्स तथा सप्लायर्स | | रु.५०००।०० | |
| ट | रेडिमेट पसल सानो | | रु.२०००।०० | |
| ठ | लूगा तथा नेपाली स्वेटर पसल | | रु.२०००।०० | |
| ड. | बुटिक पसल | | रु.२०००।०० | |
| ढ. | कपडा पसल | | रु.२०००।०० | |
| ण. | ढाका टोपी पसल | | रु.२०००।०० | |
| त. | सुचिकार टेलर्स ( कपडा समेत भएको) | | रु.२०००।०० | |
| थ. | सुचिकार टेलर्स | | रु.२०००।०० | |
| द. | जुत्ता कारखाना | | रु.२०००।०० | |
| ध. | जुत्ता पसल | | रु.२०००।०० | |
| न. | ब्याग/ पर्स/ पेटी उध्योग | | रु.५०००।०० | |
| प. | ब्याग पसल | | रु. २०००।०० | |
| फ. | जुत्ता सिउने पसल | | रु.२०००।०० | |
| ब. | छालाको ज्याकेट मर्मत तथा स्प्रे | | रु.२०००।०० | |
| भ. | सिरक डस्ना फोम पसल ठूलो | | रु.२०००।०० | |
| म. | सिरक डस्ना फोम पसल सानो | | रु.२०००।०० | |
| य. | चुरा/ पोते/ रिवन/ धागो/ पसल | | रु.१०००।०० | |
| र. | पात टपरी दुना पसल | | रु.१०००।०० | |
| ल. | माटोको भाँडाकुडा पसल | | रु.१०००।०० | |
| व. | डोको डाला सुकुल मान्द्रा आदि | | रु.१०००।०० | |
| श. | चाकु सख्खर पसल | | रु.१०००।०० | |
| ष. | प्लाष्टिकको मेच तथा अरु मालसामानहरु बुन्ने पसल | | रु.१०००।०० | |
| स. | नर्सरी बिउवीजन पसल | | रु.२०००।०० | |
| ह. | अक्वारियम पसल | | रु.५०००।०० | |
| क्ष. | स्टेशनरी/पुस्तक पसल खुद्रा | | रु.२०००।०० | |
| त्र. | स्टेशनरी/पुस्तक पसल होलसेल /सप्लायर्स | | रु.५०००।०० | |
| ज्ञ | टाँक धागो पसल | | रु.१०००।०० | |
| ज्ञ.क. | होजियारी मोजा भित्री गन्जी उध्योग | | रु.५०००।०० | |
| ❖ | अन्य व्यवासय | | | |
| क. | धान, चिउरा, पिठो मिल | | रु.२०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ख. | तेल पेल्ने मिल | | रु.४०००।०० | |
| ग. | खेलौना बनाउने उध्योग | | रु.१०००।०० | |
| घ. | गिफ्ट पसल | | रु.२०००।०० | |
| ङ. | बाजाका सामान बनाउने तथा मर्मत गर्ने | | रु.१०००।०० | |
| च. | व्यण्ड तथा पन्चे बाजा | | रु.१०००।०० | |
| छ. | शिशु शिहार केन्द्र | | रु.५०००।०० | |
| ज. | ईक्वीमेण्ट/ औजार बिक्रि पसल | | रु.५०००।०० | |
| झ. | कवाडी सामान खरिद बिक्री | | रु.१५०००।०० | |
| ञ. | छाता भण्डार थोक बिक्री | | रु.५०००।०० | |
| ट. | छाता पसल | | रु.१०००।०० | |
| ठ. | ज्योतिष सम्वन्धि काम गर्ने | | रु.२०००।०० | |
| ड. | एसिपी कारोवार गर्ने | | रु.५०००।०० | |
| ढ | होम स्टे | | रु.५०००।०० | |
| ण. | ट्याटु सेवा | | रु.५०००।०० | |
| त. | दाना उत्पादन गर्ने उधोग | | रु.२००००।०० | |
| थ. | राईसमिल ठूलो | | रु.२००००।०० | |
| | राईसमिल सानो | | रु.१००००।०० | |
| ध. | एग्रोभेट | | रु.१००००।०० | |
| न. | भेटनरी | | रु.१००००।०० | |
| प. | मिनरल वाटर उध्योग | | रु.२५०००।- | |
| | **अनुसूचि ४ मा उल्लिखित व्यवसाय करमा वार्षिक कारोबारको मुनाफामा देहाय बमोजिमको व्यवसाय कर लागु हुने छ** | | | |
| | रु. १० लाख सम्म कारोबार हुने व्यवसाय | | रु. १०००।०० | |
| | रु. १५ लाख सम्म कारोबार हुने व्यवसाय | | रु. १५००।०० | |
| | रु. २० लाख सम्म कारोबार हुने व्यवसाय | | रु. २०००।०० | |
| | रु. २० लाख देखि रु. १ करोड सम्म कारोबार हुने व्यवसाय | | ०.२ प्रतिशत | |
| | रु. १ करोड भन्दा माथि कारोबार हुने व्यवसाय | | ०.१ प्रतिशत | |

## अनुसूची ४/ख

## बन पैदावर तथा प्राकृतिक श्रोत कर

| | | | | |
|---|---|---|---|---|
| | उन / प्राकृतिक, कृतिम, जगर | | ।०५ / ०।१० पैसा | |
| | खोटो | | ।२५ | |
| | अर्ध प्रशोधित | | रु. १।०० | |
| | वनकस वावियो, छवाली, पराल, निगालो, लोक्ता अम्लिसो | | । २५ पैसा | |
| | वास, कु काठ प्रति ट्रक | | रु. २००।०० | |
| | ढुंगा, गिट्टी, वालुवा ग्राभेल प्रति क्यूफिट | | रु. २।०० र वातावरण कर रु. १।०० गरी रु. ३।०० | |
| | मिनीरल वाटर प्रतिलिटर।मिनीरल वाटर | | प्रतिलिटर ०/१० पैसा | |

## अनुसूची - ५

| सि.नं | आम्दानीको शिर्षक | आम्दानी संकेत नं. | करका दर | कैफियत |
|---|---|---|---|---|
| | **कवाडी सामान खरिद बिक्री** | | **रु.१५००।००** | |
| १ | झिण्डु | | ।५० पैसा प्रति कि.लो. | |
| २ | गार्मेट टुक्रा | | ।५० पैसा प्रति कि.लो. | |
| ३ | जलेको मोबिल | | ।२५ पैसा प्रति कि.लो. | |
| ४ | जुट र प्लाष्टिक बोरा | | ।२० पैसा प्रति कि.लो. | |
| ५ | कार्पेट टुक्रम | | ।५० पैसा प्रति कि.लो. | |
| ६ | टायर ट्यूव | | ।५० पैसा प्रति कि.लो. | |
| ७ | थोत्रो टिन | | ।५० प्रति कि.लो. | |
| ८ | पुरानो ड्रम | | ।५० के.जि. प्रति कि.लो. | |
| ९ | पुरानो कागज | | रु. १।०० प्रति कि.लो. | |
| १० | धातुका टुक्रा | | | |
| ❖ | फलाम | | रु. २।०० प्रति कि.लो. | |

| | | | | |
|---|---|---|---|---|
| ❖ | तामा, पित्तल | | रु. ४।०० प्रति कि.लो. | |
| ❖ | मेसिनरी औजार | | रु. २।०० प्रति कि.लो. | |
| ❖ | पोलिथिन पाइप | | रु. १।०० प्रति कि.लो. | |
| ❖ | सिसाको धुलो | | रु. ४।०० प्रति कि.लो. | |
| ११ | प्रचलित कानूले निषेध गरेको बाहेक मरेका वा मारिएका पशुका | | | |
| ❖ | हाड | | रु. १।०० | |
| ❖ | सिङ | | रु. २।०० | |
| ❖ | छाला ठुलो | | रु. ३०।०० प्रति गोटा | |
| ❖ | छाला सानो | | रु. १५।०० प्रति गोटा | |
| ❖ | पन्छिको प्वाँख | | रु. १।०० प्रति कि.लो. | |
| | | | | |

प्रति किलोको मुल्य स्थानीय स्वायत्त शासन ऐन २०५५, को नियमावली २०५६ को अनुसूची बमोजिम हुनेछ । सो को संशोधन भएमा सोहि संशोधित दररेटलाई नगर कार्यपालिकाले लागु गर्नेछ ।

## अनुसूची -६

| | **सवारी दर्ता तथा वार्षिक सवारी कर** | | | |
|---|---|---|---|---|
| क | ठेला गाडा रिक्सा | | रु.१५।०० | |
| ख. | स्कुटर/ मोटरसाईकल र अन्य दुई पांग्रे सवारी | | रु. १५०।०० | |
| ग. | निजी कार तथा जिप | | रु.३००।०० | |
| घ. | भाडाका कार तथा जिप | | रु.४००।०० | |
| ङ. | निजी ट्याम्पो/ पावर ट्रेलर ट्याक्टर | | रु.२००।०० | |
| च. | भाडाका ट्याम्पो/ पावर ट्रेलर ट्याक्टर | | रु.२५०।०० | |
| छ. | निजि तथा भाडाका माईक्रोबस | | रु.५००।०० | |
| ज. | निजी तथा भाडाका मिनी बस ट्राभल बस मिनी ट्रक | | रु.८००।०० | |
| झ. | निजी तथा भाडाका ठुलो बस,ट्रक,लहरी हेभी ट्राभल बस ठूलो | | रु.२०००।०० | |
| ञ. | माथी उल्लेखित व्यवसायहरुको वार्षिक नविकरण गर्दा दर्ता शूल्कको ५० प्रतिशत दस्तुर लाग्ने | | | |

| | | | | |
|---|---|---|---|---|
| ट. | माथी उल्लेखित व्यवसायहरुको सिफारिस गर्दा | | रु.१०००।०० | |
| | पटके सवारी साधन | | रु.१००।०० | |

**अनुसूची - ७**

दफा (८) संग सम्बन्धित विज्ञापन करको दररेट

**क) विज्ञापन कर निम्नानुसार हुनेः**

१) भवनको छत र कौशीमा परिचय पाटी वा वित्रापन सामाग्रि राख्न पाक्षनेछैन ।

२) भवनमा झ्याल छोपेर परिचय पाटी वा विज्ञापन सामाग्री राख्न पाइनेछैन ।

३) बाटोको सीमानादेखि दश फिट भित्र तथा संधियारको सिमानादेखि पाँच फिट भित्र र सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक सेवा प्रवाह गर्ने स्थानमा विज्ञापन सामाग्री राख्न पाइनेछैन ।

४) सार्वजनिक उत्तरदायित्व अन्तर्गत निर्माण भएका जुनसुकै संरचनामा निर्माणकर्ताको नाम बाहेक राखिएका जुनसुकै तस्बीर वा अक्षरको विज्ञापन कर छुट नहुने ।

५) भवन, जमिन, व्यापारिक वा व्यवसायिक केन्द्र, होटल वा रेष्टुरेण्ट वा विद्यालय वा सिनेमा हल वा प्ट्रोल पम्प वा जुनसुकै भवनको भित्री भागमा विज्ञापन गर्ने प्रयोजनका लागि राखिएका प्रचार सामाग्रीमा विज्ञापन कर छुट नुने ।

६) सुर्तीजन्य, मदिरा तथा नेपाल सरकारबाट प्रतिवन्धित तथा कागेश्वरी मनोहरा नगरपालिका, नगर कार्यपालिकाबाट निषेध गरिएका विज्ञापन प्रचार प्रसार गर्न पाइने छैन ।

ख) विज्ञापन करको दरः

१. फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामाग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु. १००।००

२. होडिङ्ग बोर्ड, नियोन साईन, गलो साइन र यस्तै विज्ञापन प्रचार सामाग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु. २००।००

३. डिजिटल बोर्डमा गरिने विज्ञापन प्रचार सामाग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु. ३००।००

४. माल बाह सवारी साधनको दायाँबायाँ पट्टीको भागमा अधिकतम दश स्क्याएर फुटसम्मको लागि प्रति दिन रु. दुई सय र स्थायी रुपमा लेखिएको वा छापिएको प्रचार सामाग्रीको लागि प्रति वर्ष प्रति वर्ग फुट रु. एक सय

५. खेलकुद मैदान, मेला, जात्रा, पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने वित्तापन प्रचार सामाग्रीको अधिकतम पन्ध्र दिन र बीस स्क्वाएर फुटका लागि प्रति दिन रु. ३००।००

६. सवारी साधनको छत (अधिकतम तीन फुट उचाईसम्म मात्र), दुई पाङ्ग्रा बीचको भाग, पछाडीको सीसा (सीसाको जम्मा भाग मध्येको अधिकतम पचास प्रतिशत सम्म मात्र) मुख्य झ्यालको माथि पट्टिको भेन्टिलेशनमा विज्ञापन प्रचार सामाग्रीको प्रति स्क्याएर फुट रु. १००।००

७. आकाशमा बेलुन, ज्याकेटमा वा बेलुन बोकेर गरिने विज्ञापन (प्रति दिन) रु. २००।००

८. अन्यको हकमा प्रति वर्गफिट प्रति वर्ष रु. ३००।००

**अनुसूची - ८**

| | | | | |
|---|---|---|---|---|
| ❖ | सेवा उध्योग | | | |
| क | चलचित्र एक स्क्रिन भन्दा बढी भएमा | | रु. २००००।०० | |
| ❖ | स्क्रिन | | | |
| क | चलचित्र एक स्क्रिन | | रु. ५०००।०० | |
| ख | सर्कस | | रु. ५०००।०० | |
| ग | चलचित्र डिस्ट्रिब्यूटर्स | | रु. ५००००।०० | |

## अनुसूची - ९

**बहाल बिटौरी शुल्क**

- प्रति क्यूफिट रु. २।०० (१५ दिन। १ महिना) अस्थायी

## अनुसूची - १०

**पार्किङ्ग शुल्क**

- दुई पाङ्ग्रे प्रति घण्टा रु. १०।००
- तिन पाङ्ग्रे प्रति घण्टा रु. १५।००
- चार पाङ्ग्रे प्रति घण्टा रु. २०।००
- ६ पाङ्ग्रे प्रति घण्टा रु. ३०।००
- अन्य प्रति घण्टा रु. ५०।००

## अनुसूची - ११

**ट्रेकिङ्ग, कोयोडिक, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लाएर र न्याफ्टिङ्ग शुल्क**

## अनुसूची - १२

| सि.नं | आम्दानीको शिर्षक | आम्दानी संकेत नं. | करका दर | कैफियत |
|---|---|---|---|---|
| | **सेवा शुल्क, दस्तुर** | | | |
| ञ. | माथी उल्लेखित व्यवसायहरुको वार्षिक नविकरण गर्दा दर्ता शूल्कको ५० प्रतिशत दस्तुर लाग्ने | | | |
| ट. | माथी उल्लेखित व्यवसायहरुको सिफारिस गर्दा | | रु.१०००।०० | |
| ❖ | पर्यटन सेवा शुल्क | | रु.२०।०० प्रति पर्यटक | विदेशीको हकमा |
| | अचल सम्पत्ति मुल्यांकन सेवा शुल्क | १.१.५ | | |
| क. | रु. एक लाख सम्म | | रु.१००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ख. | रु. दश लाख सम्म | | रु.३००।०० | |
| ग. | रु वीश लाख सम्म | | रु.५००।०० | |
| घ. | रु पचास लाख सम्म | | रु.१०००।०० | |
| ङ. | रु एक करोड सम्म | | रु.२०००।०० | |
| च. | रु एक करोड भन्दा माथि | | ०।०५ प्रतिशत | |
| छ. | घरबाटो सिफारिस अंसवन्डा | | २०००।०० | |
| ज. | घरजग्गा मूल्यांकन सिफारिस विध्यार्थी | | रु.२०००।०० | एकमुष्ट |
| झ. | घर जग्गा मूल्यांकन सिफारिस | | प्रति लाखको रु.५०।०० | |
| ञ. | छुट जग्गा दर्ता सिफारिस | | प्रति आना रु.५०।०० | |

मालपोत कार्यालयको बार्षिक जग्गा मूलयाङ्कनको आधारमा जग्गाको मूल्याङ्कन दर रेटमा आधारित भई तपशिलमा उल्लेखित घरबाटो सिफारिस दस्तुर कायम गरिएको छ ।

**तपशिल**

**१. घरबाटो सिफारिस**

| सि. नं | विवरण | बाटो । सडक | आना | सिफारिस दस्तुर |
|---|---|---|---|---|
| क | व्यवसायिक प्रयोजन | पक्की सडक | प्रति आना | रु ०.२५ % |
| | आवासिय प्रयोजन | पक्की सडक | प्रति आना | रु ०.१४ % |
| ख | व्यवसायिक प्रयोजन | कच्ची सडक | प्रति आना | रु ०.५ % |
| | आवासिय प्रयोजन | कच्ची सडक | प्रति आना | रु ०.१ % |
| ग | व्यवसायिक प्रयोजन | गोरेटो बाटो | प्रति आना | रु ०.२ % |
| | आवासिय प्रयोजन | गोरेटो बाटो | प्रति आना | रु ०.१ % |
| घ | व्यवसायिक प्रयोजन | बाटो नभएको | प्रति आना | रु ०.२ % |
| | आवासिय प्रयोजन | बाटो नभएको | प्रति आना | रु ०.१ % |

**२. चारकिल्ला सिफारिस**

| सि. नं | विवरण | बाटो । सडक | आना | सिफारिस दस्तुर |
|---|---|---|---|---|
| क | व्यवसायिक प्रयोजन | पक्की सडक | प्रति आना | रु ०.०५ % |
| | आवासिय प्रयोजन | पक्की सडक | प्रति आना | रु ०.०७५ % |
| ख | व्यवसायिक प्रयोजन | कच्ची सडक | प्रति आना | रु ०.२५ % |
| | आवासिय प्रयोजन | कच्ची सडक | प्रति आना | रु ०.०५ % |
| ग | व्यवसायिक प्रयोजन | गोरेटो बाटो | प्रति आना | रु ०.०६ % |
| | आवासिय प्रयोजन | गोरेटो बाटो | प्रति आना | रु ०.०३ % |
| घ | व्यवसायिक प्रयोजन | बाटो नभएको | प्रति आना | रु ०.०५ % |
| | आवासिय प्रयोजन | बाटो नभएको | प्रति आना | रु ०.०२५ % |

| सि.नं | आम्दानीको शिर्षक | आम्दानी संकेत नं. | लाग्ने शुल्क | कैफियत |
|---|---|---|---|---|
| | नगरपालिकाले प्राप्त गर्ने सिफारिस दस्तुर | | | |
| क. | वैदेशिक रोजगार सिफारिस | | रु.५००।०० | |
| ख. | छात्र वृत्ति सिफारिस आन्तरिक | | नि:शुल्क गरिब तथा जेहेन्दार | |
| ग. | नामसारी सिफारिस | | रु. ५००।०० | |
| घ. | जग्गाधनि प्रमाणपुर्जा प्रतिलिपि सिफारिस | | रु.५००।०० | |
| ड. | नागरिकता सिफारिस | | निःशूल्क | |
| छ. | कर चूक्ता सिफारिस | | रु.५००।०० | |
| ज. | घरकोठा खोल्ने सेवा दस्तुर | | रु.१०००।०० | |
| झ. | तीन पुस्ते फोटो टाँस सिफारिस | | रु.१०००।०० | |
| ञ. | मोही लगत कट्टा सिफारिस | | रु.२०००।०० | |
| ट. | मोही नामसारी सिफारिस | | रु.५००।०० | |
| ठ | मोही बाडफाँड  सिफारिस | | रु.५००।०० | |
| ड. | विधुत तथा धारा मिटर जडान सिफारिस आवासीय<br>विधुत मिटर जडान व्यवसायीक थ्री फेज लाइन | | रु.३००।००<br><br>रु.१००००।०० | |
| ढ. | फरक -फरक नाम थर एकै प्रमाणित सिफारिस | | रु.५००।०० | |
| ण. | फरक- फरक जन्ममिति संसोधन सिफारिस | | रु.५००।०० | |
| त. | आर्थिक अवस्था विपन्न / जेष्ठ नागरिक/अपागंता / दलित तथा जनजाती प्रमाणित सिफारिस | | निःशूल्क | |
| थ. | आर्थिक अवस्था सम्पन्न प्रमाणित | | रु.५००।०० | |
| ध. | सर्जमिन मुचूल्का सिफारिस | | रु.५००।०० | |
| न. | मूद्दा मामीला दर्ता ,फिरात दर्ता, जग्गा सम्बन्धी घरायसी प्रकृतिका मूद्धा | | रु.५००। देखि रु २०००। सम्म मुद्धा हेरि | |
| प. | अंग्रेजिमा गरिएका आन्तरिक बिधार्थी अध्ययन सिफारिस<br>नाता कायम सिफारिस<br>कर चुक्ता | | रु.१०००।०० एकमुष्ट | |

| | | | | |
|---|---|---|---|---|
| | सम्पत्ती मूल्याङ्कन<br>बार्षिक आय प्रमाणित<br>विवाहित/जन्म अविवाहित/<br>ठेगाना संसोधन सिफारिस | | | |
| फ. | अंग्रेजिमा गरिएका वैदेशिक<br>बिधार्थी अध्ययन सिफारिसहरु<br>नाता कायम सिफारिस<br>कर चुक्ता<br>सम्पत्ती मूल्याङ्कन<br>बार्षिक आय प्रमाणित<br>विवाहित/जन्म अविवाहित/<br>ठेगाना संसोधन सिफारिस | | <br>रु.५००।००<br>रु.५००।००<br>रु.५००।००<br>एकमुष्ट रु. २०००।००<br>रु. ३००।००<br>प्रति ३००।०० | |
| थ. | निवेदन दस्तुर | | रु.१०।०० | |
| द. | अन्य सिफारिस | | रु.५००।०० | |
| ❖ | एम्वुलेन्स दस्तुर | | | |
| क. | १० कि.मि.सम्मको | | रु.३००।०० | |
| ख. | १० देखि १५ कि.मि.सम्म | | रु.५००।०० | |
| ग. | त्यस पछि प्रति कि.मि. | | रु.३०।०० | |
| ❖ | नाता प्रमाणित | १.१.९ | | |
| क. | जिवित नाता प्रमाणित | | रु.५००।०० | |
| ख. | मृत्यु नाता प्रमाणित/ स.मु. | | रु.२००।००, रु.५००।०० | |
| | पञ्जीकरण | | | |
| क. | जन्म, विवाह, मृत्यु,वसाइँ सराइँ, सम्बन्ध विच्छेद | | रु.१००।०० | |
| ख. | पूर्व प्राथमिक विध्यालय दर्ता | | रु.३०००।०० | |
| ग. | प्राथमिक विध्यालय दर्ता | | रु.५०००।०० | |
| घ. | निम्न माध्यामिक विध्यालय दर्ता | | रु.७०००।०० | |
| ङ. | माध्यामिक विध्यालय दर्ता | | रु.१००००।०० | |
| च. | उच्च माध्यामिक विध्यालय दर्ता | | रु.११०००।०० | |
| छ. | विश्व विध्यालय दर्ता | | रु.१५०००।०० | |
| ज. | विध्यालय कक्षा थप | | रु.१०००।०० | |
| | नक्सा पास दस्तुर | १.१.६ | | |
| ❖ | नक्सा पास दस्तुर आवासीय | | | |
| क. | माटो जोडाइ टायल जस्ता छाना (अस्थायी टहरा) आवासीय | | प्रतिगोटा रु.१०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ग | माटो जोडाइ टायल जस्ता छाना (अस्थायी टहरा) व्यवसायीक | | प्रतिगोटा रु.५०००।०० | |
| ख. | ट्रस टहरा आवासीय | | प्रतिगोटा रु.५०००।०० | |
| | ट्रस टहरा व्यवसायीक | | वर्ग फिट रु १५ | |
| ग. | पक्की ईट्टा माटोको जोडाइ | | प्रति व. फी रु.२।०० | |
| घ. | पक्की ईट्टा सिमेन्ट जोडाइ | | प्रति व. फी रु.६।०० | |
| ङ. | पिलर सिस्टम | | प्रति व. फी रु.८।०० | |
| च. | नक्सा पास सम्पन्नता | | रु.५००।०० | |
| छ. | मोहोडा परिवर्तन | | रु.५००।०० | |
| ज. | नक्सा प्रतिलिपि प्रमाणित | | रु १०००।०० | |
| झ. | नक्सा नामसारी | | प्रति व.फि रु.२।०० | |
| ञ. | सेवा शुल्क | | रु.१५००।०० | |
| ट. | घर नक्सा निवेदन | | रु.१०००।०० | |
| ठ. | घर नक्सा नविकरण दस्तुर | | प्रति व.फि रु.२।०० | |
| ड. | नक्सा संशोधन दस्तुर | | प्रति व.फि. रु. १।०० | |
| ❖ | नक्सा पास दस्तुर हाउजिङ र व्यावसायिक | | प्रति व.फी रु.१५।०० | |
| क. | नक्सा पास दस्तुर हाउजिङ र व्यापारिक बनि सकेको घरको हकमा | | प्रति व.फी रु.२०।०० | |
| ❖ | पुरानो घर नक्सा पास नियमित दस्तुर २०६४ साल अषाढ मसान्त अघि बनेका | | | |
| क. | माटो जोडाइ टाएल जस्ता छाना | | प्रति घर रु.२००।०० | |
| ख. | पक्की ईट्टा माटोको जोडाइ | | प्रति घर रु.५००।०० | |
| ग. | पक्कि ईट्टा सिमेन्टको जोडाइ | | प्रति घर रु.२०००।०० | |
| घ. | पिलर सिस्टम | | प्रति घर रु.५०००।०० | |
| ❖ | पुरानो घर नक्सा पास नियमित दस्तुर २०७१ साल अषाढ मसान्त अघि बनेका | | | |
| क. | माटो जोडाइ टायल जस्ता छाना | | प्रति घर रु.२००।०० | १० प्रतिशत थप जरिवाना |
| ख. | पक्की ईट्टा माटोको जोडाइ | | प्रति घर रु.५००।०० | १० प्रतिशत थप जरिवाना |
| ❖ | पक्की इट्टा सिमेन्टको जोडाइ | | | |
| क. | पक्की इट्टा सिमेन्ट जोडाइ | | प्रति व.फी. रु.१०।०० | |
| ख. | पिलर सिस्टम आवासिय | | प्रति व.फी रु.१२।०० | |
| ग. | पिलर सिस्टम व्यवसायिक | | प्रति व.फि. रु.२०।०० | |

**अनुसूची - १३**

| | | | | |
|---|---|---|---|---|
| ❖ | **पर्यटन सेवा शुल्क** | | **रु.२०।०० प्रति पर्यटक** | **विदेशीको हकमा** |

माथि उल्लेखित व्यवसाय तथा उधोग तोकेको दररेट भन्दा बाहेक देखिने उधोग व्यवसाय बर्गीकरणको आधारमा दर्ता सिफारिस दस्तुरः-

सानो उधोग दर्ताः- रु. ५०००।-

मझौला उधोग दर्ताः- रु. १००००।-

ठूला उधोग दर्ताः- रु. १५०००।-

# स्थानीय तहको विनियोजन ऐन २०७४

कागेश्वरी मनोहरा नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७४।०३।३०

**प्रस्तावनाः** कागेश्वरी मनोहरा नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम कागेश्वरी मनोहरा नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम "कागेश्वरी मनोहरा नगरपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७४।०७५ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.६६,१२,९८,०००।- (अक्षेरुपी छैंसठ्ठी करोड बाह्र लाख अन्ठानब्बे हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त कागेश्वरी मनोहरा नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूचि–१

(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

<table>
<tr><th>क्र.सं.</th><th>अनुदान संख्या</th><th>शीर्षकको नाम</th><th>चालु खर्च</th><th>पूँजीगत खर्च</th><th>वित्तिय व्यवस्था</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>२</td><td>३</td><td>४</td><td>५</td><td>६</td><td>७</td></tr>
<tr><td>१</td><td></td><td>नगर कार्यपालिका</td><td rowspan="5">रु.२२,४५,८८,०००।-</td><td rowspan="5">रु.४३,६७,१०,०००।-</td><td rowspan="5"></td><td rowspan="5">रु.६६,१२,९८,०००।-</td></tr>
<tr><td>२</td><td></td><td>वडा समिति</td></tr>
<tr><td>३</td><td></td><td>विषयगत समिति</td></tr>
<tr><td>४</td><td></td><td>ऋणको साँवा व्याज भुक्तानी</td></tr>
<tr><td>५</td><td></td><td>लगानी (शेयर/ऋण)</td></tr>
</table>

# हाम्रो प्रतिवद्धतापत्र

**"स्वच्छ सफा हराभरा, बनाऔं कागेश्वरी मनोहरा"**

**कागेश्वरी मनोहरा नगरपालिकाको पहिलो नगरसभाको प्रतिबद्धता पत्र – २०७४**

हामी, संवत् २०७४ साल बैशाख ३१ गते सम्पन्न ऐतिहासिक स्थानीय तहको निर्वाचनबाट निर्वाचित प्रदेश नं. ३ का नगरपालिका प्रमुख एवं उपप्रमुख र वडा अध्यक्षहरू संविधानवाद, कानूनको शासन, मानव अधिकार, मौलिक हकको संरक्षण र प्रबर्द्धन, सामाजिक न्याय तथा सुशासनयुक्त स्थानीय शासनको अभ्यास र स्थानीय तहको सुदृढीकरण मार्फत संघिय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्ने र संघ, प्रदेश र स्थानीय तहको सहकार्य, सह अस्तित्व र समन्वयमा आधारित सम्बन्धप्रति दृढ रहदैं, निर्वाचनका समयमा सार्वभौम नागरिक समक्ष गरेको प्रतिवद्दता अनुरुप स्वच्छ र सदाचारयुक्त सुशासनको प्रत्याभूति सहित स्वचालित कार्यप्रणाली स्थापना र अभ्यास गर्दै स्थानीय तहबाट प्रवाह गरिने सेवामा निष्पक्षता, पारदर्शिता, प्रभावकारिता, मितव्ययिता, जवाफदेहिता एवं जिम्मेवार शासन प्रणालीको गर्ने प्रबर्द्धन गर्ने प्रतिबद्धता व्यक्त गर्दै,

स्थानीय तह मार्फत जनतालाई छिटो, छरितो, प्रभाबकारी, गुणस्तरिय सेवा प्रवाह गरि समावेशी शासन, र योजनाबद्ध विकास मार्फत दिगो शान्ति र संमृद्धि हासिल गर्न, हामी नगरपालिका प्रमुख, उपप्रमुख, नगर कार्यपालिकाका सदस्य, वडा अध्यक्ष, वडा सदस्य र दलित महिला सदस्य निम्न प्रतिबद्धता ब्यक्त गर्दछौं,

१. संविधानसभाबाट संविधान निर्माण गर्ने नेपाली जनताको करिब सात दशक अघिदेखि व्यक्त चाहना अनुरुप जननिर्वाचित संविधानसभाबाट नेपालको संविधान जारी भएको खुशी व्यक्त गर्दै संविधानको प्रभावकारी कार्यान्वयनमा अग्रसर रहनेछौं ।

२. स्थानीय तहको पहिलो चरण र दोस्रो चरणको निर्वाचन सम्पन्न भएकोमा खुसी व्यक्त गर्दै नेपाल सरकारबाट मिति २०७४ असोज २ गतेका लागि निर्धारित तेस्रो चरणको स्थानीय तहको निर्वाचन र संविधानले तोकेको समयसीमा भित्रै प्रदेश र संघीय संसदको निर्वाचनमा शान्तिपूर्ण र निष्पक्ष रुपमा सम्पन्न गर्न गराउन नेपाल सरकार, निर्वाचन आयोग र सबै राजनितिक दलहरुमा आव्हान गर्दछौं ।

३. संवत् २०७२ साल बैशाख १२ गते नेपालमा गएको महाविनाशकारी भूकम्पबाट भएको जनधनको अपुरणीय क्षतिप्रती गहिरो दुःख व्यक्त गर्दछौं । भुकम्प प्रभावित क्षेत्रको पुनःर्निर्माणलाई प्रभावकारी रुपमा शिघ्र संचालन गर्ने तथा पुनर्निर्माण सम्बन्धि कार्यहरु स्थानीय तहको प्रत्यक्ष सहभागिता, सहकार्य र समन्वयमा मात्र गर्ने संरचना र कार्यप्रणाली निर्धारण गर्न जोड दिन्छौं ।

४. स्थानीय समुदायको आर्थिक, सामाजिक, संस्कृतिक, विकासका लागि स्थानीय तहभित्रका प्राकृतिक स्रोत साधनको अधिकतम परिचालन एवं उपयोग गरि जनताको समग्र विकास र आर्थिक समृद्धि हासिल गर्ने तत्परता व्यक्त गर्दछौं ।

५. अन्तर स्थानीय सरकारबीच स्रोत, साधन र अनुभवको आदानप्रदान, छिमेकी नगरपालिकासंग साझेदारीको प्रवर्द्धन, सार्वजनिक-नीजि साझेदारीको प्रबर्द्धन, व्यवस्थित शहरी विकास, गुणस्तरीय भौतिक पूर्बाधार निर्माण, उपभोक्ता हकहितको संरक्षण गर्दै स्थानीय उध्यमशिलता तथा रोजगारीको प्रबर्द्धन गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

६. सामाजिक सदभाव र सहिष्णुतालाई अक्ष्युण राख्दै स्थानीय तहको मौलिक ज्ञान सिप तथा स्रोत र साधनको प्रयोगमा प्राथमिकता दिई स्थानीय पहिचानयुक्त वस्तु तथा सेवाको उत्पादन, वितरण तथा उपयोगलाई जोड दिंदै जनताको आय आर्जन वृद्धि गरि जीवनस्तरमा सुधार ल्याउने प्रतिबद्धता व्यक्त गर्दछौं ।

७. अभियानमुखी विकास पद्धतिको अंगिकार गरि स्थानीय तहमार्फत समाजमा व्याप्त असमानता, विभेद, पछौटेपनको अन्त्य गर्ने, दिगो विकासको लक्ष्य हासिल गर्न तथा स्थानीय शासन प्रक्रियालाई जनमुखी, वातावरणमैत्री, वालमैत्री, अपाङ्गमैत्री, जेष्ठ नागरिकमैत्री, लैंगिक समानता तथा सामाजिक समाबेशिकरणका मूल्य र मान्यता अनुकुल गर्ने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

८. स्थानीय भाषा, संस्कृति, साहित्य, कला, जात्रा, पर्व, सम्पदा आदिको प्रयोग, संरक्षण सम्वर्द्धन गर्दै हाम्रो नगरपालिकाको मौलिक पहिचानयुक्त पर्यटन विकासको आधार खडा गर्न प्रतिवद्ध छौं

९. सुरक्षित बस्ती विकास तथा एकिकृत बस्ती विकासलाई सुनिश्चित गर्नका लागि प्रचलित भवन निर्माण मापदण्ड र भवन संहितालाई समयानुकुल सुधार एवं परिमार्जन गर्न, भूकम्प प्रतिरोधात्मक पूर्वाधार तथा भवन निर्माण सुनिश्चित गर्न विपद व्यवस्थापनका लागि पूर्ब तयारीका लागि दमकल, एम्बुलेन्सजस्ता सेवाहरु सुनिश्चित गर्न तथा अन्तर स्थानीय सरकारबीच समन्वय गरी कार्य गर्न प्रतिवद्धता व्यक्त गर्दछौं ।

१०. स्थानीय तह नगरपालिकाको आन्तरिक आयलाई अभिवृद्धि गर्न तथा दिगो र फराकिलो आर्थिक विकासका लागि सम्भावित तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरि सो मा आधारित पहिचानयुक्त स्थानीय अर्थतन्त्रको विकास गर्न नमुना विकास योजनामा जोड दिने प्रतिबद्धता व्यक्त गर्दछौं ।

११. स्थानीय शासनमा आधुनिक सूचना प्रविधि र विधुतीय शासन प्रणालीको उच्चतम प्रयोग गरी स्थानीय सरकारको एकल तथा साझा पहलमा Smart City/Smart Ward जस्ता नमुना परियोजना थालनी गर्न सार्वजनिक महत्वका स्थानहरुलाई wifi Free Zone र सबै वडाहरुमा Internet सुविधायुक्त वडाको रुपमा विकास गर्न तथा आधुनिक विधुतिय सार्वजनिक यातायातको व्यवस्थापन गरी सार्वजनिक यातायातको भरपर्दो व्यवस्था गर्न प्रतिवद्ध छौं ।

१२. प्रदुषणमुक्त नगर निर्माण, विशेष कृषि उत्पादन, हरियाली प्रबर्द्धन, प्लास्टिकको प्रयोगलाई विस्थापन, फोहोरको वर्गीकरण र पुर्नप्रयोग, शहरी छेत्रमा कौशी खेतीलाई प्रवर्द्धन, Zero waste, waste to energy मा जोड, clean the city/Clean the Ward जस्ता अभियानमुलक कार्यक्रमहरु संचालन गर्न प्रतिवद्ध छौं ।

१३. स्थानीय तहमा हुने विवादको छिटो, छरितो, समाधान गरि स्थानीय न्याय सम्पादनमा सबैको पहुँचको सुनिश्चता गर्न प्रतिवद्ध छौं ।

१४. स्वास्थ्य, शिक्षा जस्ता अति संवेदनशील र सार्बजनिक सरोकार र चासोका विषयसंग सम्बद्ध पक्षहरुलाई समुचित ढंगले व्यवस्थापन गर्न र सरोकारवालाहरुलाई घच्घच्याउन प्रतिवद्ध छौं ।

१५. कागेश्वरी मनोहरा नगरपालिकाको आर्थिक तथा सामाजिक महत्वको रुपमा रहेको, दक्षिण ढोका साँखु सडक, लोकतान्त्रिक सहिद मार्ग, कागेश्वरी चक्रपथ, पेप्सीकोला दुरसंचार जस्पुर कृष्णचौर कागेश्वरी पर्यटन सडकमा हाल भै रहेका सडक विस्तारको काम छिटो सम्पन्न गर्न लगाउने, सडकको स्तर वृद्धी गर्ने कामलाई सम्बन्धित निकाय र नगरको आफ्नो श्रोतलाई समेत उपयोग गरी समयमै काम सम्पन्न गर्न प्रतिवद्ध छौं ।

१६. क्रिकेट मैदान बोडे सडक महान्टार देवलधारा मिलनचोक तिवारी टोल मूलपानी चाँगु नारायण सडक खहरे गान्धी मूलपानी सडकको स्तरोन्नती कार्य सुरु भएको र यस्लाई नगरको मापदण्ड बमोजिम सम्पन्न गर्न पहल गरिनेछ ।

१७. कागेश्वरी मनोहरा नगरभित्र हाल रहेका सवै खानेपानीका श्रोतहरुलाई एकिकृत गरी आवश्यक पानीको श्रोत समेत थप गरी प्रशोधित शुद्ध खानेपानी सवै नगरबासीका घरमा पुऱ्याउन प्रतिवद्ध छौं ।

१८. असहाय, विपन्न तथा दलित परिवारका लागि उच्च शिक्षा अध्ययनको व्यवस्थामा सक्दो आर्थिक सहायता, सामुदायिक स्कुल, कलेजको स्तरोन्नती, प्राविधिक विषयका कक्षा सञ्चालनका लागि पूर्वाधार विकास संगै तालिम प्राप्त शिक्षकको व्यवस्था गर्न प्रतिवद्ध छौं ।

१९. कागेश्वरी मनोहरा नगर क्षेत्रभित्र सहुलियत भाडा दरमा नगरबस सञ्चालन, सूचना प्रविधिमा आधारित सेवा प्रणालीलाई कार्यान्वयनमा ल्याइनेछ ।

२०. जिवनमुखी खेतीलाई विषाधि रहित व्यवसायिक खेतितर्फ उन्मुख गराई सिंचाई, मलखाँद र कृषि उत्पादन संकलन केन्द्रको व्यवस्था, सु-स्वास्थ्य विमा नगर स्तरीय पशु स्वास्थ्य केन्द्र कृषि सेवा केन्द्रको स्थापना र विकासका लागि प्रतिवद्ध छौं ।

२१. नगरको भूगोल र जनसंख्यालाई ध्यानमा राखि सवै वडामा नगर स्वास्थ्य क्लिनिक र कम्तीमा तिन स्थानमा सेवा सुविधासहितको १५ शैया सम्मको नगरस्तरीय हस्पिटल सञ्चालन गर्न प्रतिवद्ध छौं ।

२२. सामुदायिक वन, खुल्ला सार्वजनिक जग्गालाई अधिकतम उपयोग गरी हरियाली प्रवर्द्धन, पार्क निर्माण आय आर्जनका वैकल्पिक व्यवस्था र विपद व्यवस्थापन फोहोरको उचित व्यवस्थापन प्रति प्रतिवद्ध छौं ।

२३. सुशासनका लागि घुसखोरी, भ्रष्टाचार, ढिलासुस्ती, नातावाद, कृपावाद तथा आर्थिक अपारदर्शिताबाट मुक्त प्रशासन, सेवा प्रवाहमा एकद्वार प्रणाली अवलम्बन गरिनुका साथै नागरिक वडापत्रको समेत व्यवस्था मिलाउन प्रतिवद्ध छौं ।

२४. सुन्दरीजल, गागल, मणिचुण तथा जरसिंहपौवा समेतलाई समेटी सम्बन्धित गोकर्णेश्वर तथा शंखरापुर नगरपालिकासंग सहकार्य गरी एकिकृत पर्यटनको विकासका लागि पूर्वाधार विकास अगाडी बढाउन प्रतिवद्ध छौं ।

२५. काठमाण्डौंका नगरपालिकाहरुमा बनि रहेका पूर्वाधारयुक्त खेलकुदका स्थान मूलपानी क्रिकेट स्टेडियम, गोकर्ण गल्फ कोर्ट लगायत थप अन्य खुल्ला क्षेत्रमा आवश्यक स्टेडियम बनाउन सम्बन्धित निकायसंग सहकार्य गर्ने प्रतिवद्ध छौं ।

**पारित निर्णय**

१. यस कागेश्वरी मनोहरा नगरपालिकाको लागि नगर प्रवक्तामा वडा नं. ५ का वडा अध्यक्ष एवं नगर कार्यपालिकाका सदस्य श्री राजाराम पुडासैनीलाई तोकिने साथै नगरपालिका उपर परेका कानूनी उजुरीको प्रतिवाद, तथा नगरपालिकाका तर्फबाट गर्नुपर्ने उजुरी निवेदन लगायतका काम गर्न नगर कार्यपालिकाको तर्फबाट नगर सभाका सदस्य श्री अष्टलाल श्रेष्ठलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

२. नगर सभामा निर्णयार्थ पेश भएका नीति, कार्यक्रम तथा बजेटलाई पारित गरियो । उक्त सभामा पेश हुन छुट भएका प्रदेश, सरकारको चुनाव सम्पन्न भए पछि प्रदेश सभाले बनाएको ऐन, नियमावली लगायतका अन्य निर्देशन बमोजिम संशोधन परिमार्जन तथा नयाँ बनाउनुपर्ने ऐन, कानुन नगर कार्यपालिकाले निर्माण गरी लागु गर्न नगरपालिकालाई अख्तियार दिई नगर कार्यपालिकाबाट निर्णय भएका निर्देशन लगायत आवश्यक नियमावली निर्माण गरी कार्यान्वयन गर्ने र सो को अनुमोदन आगामी नगर सभाबाट गर्ने निर्णय गरियो ।

३. गाउँपालिका तथा नगरपालिका वडा संख्या निर्धारण ऐन, २०७३ बमोजिम नगर सभामा अनुमोदनका लागि पेश भएका वडाको केन्द्र तपसिल बमोजिम निर्धारण गरी अनुमोदन गरी सम्बन्धित निकायमा जानकारी सहित निर्णयका लागि पठाउने

**तपसिल**

वडा नं. १ गागलफेदी
वडा नं. २ आलापोट
वडा नं. ३ भद्रबास
वडा नं. ४ डाँछी
वडा नं. ५ थली
वडा नं. ६ मूलपानी
वडा नं. ७ अमरसिंह चोक
वडा नं. ८ तेज विनायक
वडा नं. ९ गोठाटार

४. नेपाल सरकारसंग भोगाधिकार लिएका यस नगरपालिकाभित्र रहेको साविक डाँछी गा.वि.स. वडा नं. ५ र ६ मा रहेको मदन भण्डारी प्राविधिक शिक्षालयलाई दिएको मूलपानी वडा नं. १ सोमतिर्थमा सशस्त्र प्रहरीलाई दिएको तथा गोठाटार वडा नं. ४ मा रहेको पशुपति क्षेत्र विकास कोषलाई दिएको जग्गामा उक्त संस्थाले उद्देश्य अनुरुपको काम हाल सम्म पनि नगरेको र उक्त जग्गा यस नगरपालिकाको लागि भोलिका दिनमा आवश्यक पर्ने भएकोले फिर्ता गर्न नेपाल सरकारसंग माग गर्ने प्रस्ताव पारित गरियो ।

५. तिलगंगा ताम्रगंगा सडक यो नगरपालिकाको मेरुदण्ड सडक भएकोले सो सडक तत्काल निर्माणका लागि उपत्यका विकास प्राधिकरणसंग माग गर्ने निर्णय गरियो ।

६. कागेश्वरी मनोहरा नगरपालिकाको हरियाली प्रवर्द्धनका लागि प्रस्तुत भएको कागेश्वरी मनोहरा नगरपालिका हरियाली प्रवर्द्धन अवधारणापत्र २०७४ पारित गरियो ।

७. यस नगरपालिका अन्तर्गत साविक गा.वि.स.हरु मध्ये गोठाटार गा.वि.स.मा नयाँ नापी भै श्रेष्ता समेत अध्यावधि भएको तर मूलपानी, डाँछी, भद्रबास, आलापोट र गागलफेदीमा नयाँ नापी नभएकोले नयाँ नापी गरी सार्वजनिक, पर्ति, बाटो, कुलो, खहरेको एकिन सिमाना नभएको कारणले गर्दा जग्गाको संरक्षण गर्न समस्या भएको हुँदा उक्त क्षेत्रमा तत्काल नयाँ नापीका लागि नापी विभागमा अनुरोध गर्ने प्रस्ताव पारित गरियो ।

८. वडा नं. १ गागल सातघट्टेमा लघु जलविधुत योजना सञ्चालनका लागि सम्भाव्यता अध्ययन गर्ने र सम्भाव्यता अध्ययन पछि गर्नुपर्ने अन्य कार्य यसै आ.व. २०७४/०७५ मा सम्पन्न गरी नगर र नगरको सहकार्यमा कम्पनी दर्ता गरी आ.व. २०७५/०७६ मा निर्माण सुरु गर्ने प्रस्ताव पारित गरियो ।

९. काठमाडौं महानगरपालिका र यस नगरपालिकाविचको सहकार्यबाट वडा नं. ३ मा रहेको सहिद आदर्श क्याम्पसको भवन निर्माणमा नगर सभामा अनुमोदन भएको नगर बजेटबाट अन्य पक्ष समेत संलग्न गरी निर्माण कार्य सुरु गर्ने प्रस्तावलाई पारित गरियो ।

१०. नगरपालिकाको वडा नं. ५ मा रहेको कान्ति भैरव मा.वि. ५० औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा सम्बन्धित पक्षहरुलाई हार्दिक धन्यवाद तथा शुभकामना व्यक्त गर्दछौं र स्वर्ण जयन्ति कार्यक्रममा नगरको तर्फबाट सहभागि हुँदै नगर कार्यपालिकाको निर्णयबाट आवश्यक अन्य सहयोग प्रदान गर्न प्रस्तावलाई पारित गर्दछौं ।

११. चावहिल साँखु सडक अन्तर्गत यस नगरपालिकाभित्र पर्ने वागमती नदिको पुल देखि थली हुँदै साविक इन्द्रायणी गा.वि.स.को सिमाना सम्म २ वटा निर्माण कम्पनीले बाटो निर्माण गर्दा सडक छेउका घरहरुले मुद्दा हाली मुआब्जा माग गरी घर जग्गाको मुआब्जा माग गरेकोमा घरजग्गाको हाल कायम गरेको मुआब्जाको मुल्यलाई बजारमा चलन चल्तीको मुल्य कायम गरी मुआब्जा दिन सडक विस्तार आयोजना र सम्बन्धित पक्षलाई अनुरोध गर्ने र यस नगरपालिका अन्तर्गत पर्ने ठेक्का नं. २ र ३ का कार्य सम्पन्नका लागि २०७५ बैशाख १४ सम्म सम्पन्न गरी योजना हस्तान्तरण हुनुपर्नेमा ढिलासुस्ती गरी निर्माण व्यवसायीबाट आवधिक बाटो मर्मत सुधार समेत नगरी वेवास्ता गरेकोले तत्काल काम सुरु गरी तोकिएको समयभित्र सम्पन्न गर्नका लागि अनुरोध गर्ने निर्णय गरियो ।

१२. वागमती र मनोहरा खोला किनारमा उपत्यका विकास प्राधिकरणले स्मार्ट सिटीको लागि तोकेको क्षेत्र भन्दा बाहिर अन्य क्षेत्रमा रहेको जग्गा Land Pooling गरी बस्ती विकास गर्नका लागि पहल गर्ने निर्णय गरियो ।

१३. वागमती सभ्यता एकिकृत विकास समितिले सुन्दरीजल देखि गोकर्णसम्मको भागमा साविक नापी २०२१ बमोजिम नक्सा अनुसार नदीको पुरानो धारमा फर्काई पूर्वाधार निर्माणको काम गर्दा बागमती नदिको दायाँबायाँ अस्थायी बाटो निर्माण गर्दा व्यक्तिहरुको जग्गा प्रयोग भए वापत क्षतिपूर्ति दिएको र २०७० सालको बालिको क्षतिपूर्ति पश्चात क्षतिपूर्ति नदिएको हुँदा क्षतिपूर्तिको व्यवस्था गरी सो नदिको दायाँबायाँ २०/२० मीटर जग्गा अधिग्रहण गरी ग्रिनवेल्ट र वागमती करिडोर बनाउनका लागि कार्यक्रम समावेश गरी काम सम्पन्न गरिदिनको लागि नेपाल सरकार एवं वागमती सभ्यता एकिकृत विकास समितिलाई अनुरोध गर्ने नदिको वहावलाई २० मिटर कायम गर्ने वागमती सभ्यताले अधिग्रहण गरेको ४२ रोपनी जग्गा समेतलाई आधारमानी अन्य क्षेत्रमा समेत जग्गा अधिग्रहण गरी सडक निर्माण कार्य लागु गर्न सम्बन्धित निकायसंग माग गर्ने प्रस्ताव पारित गरियो ।

१४. यस नगरपालिकाको वडा नं. १ गागलफेदीमा रहेको कागेश्वरी धामको विकास गरी धार्मिक को पर्यटन प्रवर्द्धन गर्नका लागि यसै आ.व.मा गुरुयोजना तयार गरी कार्यान्वयन गर्दै लगिनेछ ।

१५. २०७४ साल बैशाख ३१ मा सम्पन्न भएको स्थानीय तहको चुनावमा सहभागी हुनु भएका यस कागेश्वरी मनोहरा नगरपालिका भित्रका सम्पूर्ण नगरवासीहरुमा यो पहिलो नगरसभाबाट हार्दिक धन्यवाद प्रस्ताव पारित गरियो ।